पुस - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २९, अङ्क १८ | २०७७, पुस १६-२९ | पूर्णाङ्क ६८४



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत | - अध्यक्ष |
| माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत | - सदस्य |
| मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौला, सर्वोच्च अदालत | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| रजिष्ट्रार श्री नारायणप्रसाद पन्थी, सर्वोच्च अदालत | - सदस्य |
| अधिवक्ता श्री रूद्रप्रसाद पोख्रेल, कोषाध्यक्ष, नेपाल बार एसोसिएसन | - सदस्य |
| वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिष्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री देवी चौधरी
शाखा अधिकृत श्री नेत्र प्रसाद पौडेल
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री रूद्र आचार्य
सिनियर कम्पोजिटर श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर बुकबाइन्डर श्री रत्नमाया महर्जन
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ९ |
| इजलास नं. १ | ३ |
| इजलास नं. ५ | ११ |
| इजलास नं. ६ | ४ |
| इजलास नं. ७ | ६ |
| इजलास नं. ८ | ४ |
| इजलास नं. ९ | ३ |
| इजलास नं. १० | १६ |
| इजलास नं. ११ | ५ |
| जम्मा | ६१ |

| | |
|---|---|
| इजलास नं. १२ | १ |
| इजलास नं. १३ | १ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | २ |
| इजलास नं. १६ | २ |
| इजलास नं. १८ | १ |
| जम्मा | ९ |

**कूल जम्मा ६१ + ९ = ७०**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ। त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७७, पुस – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

सर्वोच्च अदालतबाट २०७५ सालमा प्रकाशित **<u>नेपाल कानून पत्रिका अतिरिक्ताङ्क २०७१</u>** सीमित मात्रामा रहेकाले आफ्नो प्रति सुरक्षित गर्न सम्बन्धित सबैको लागि जानकारी गराइन्छ।

**ने.का.प.को अतिरिक्ताङ्क २०७२ र २०७३ क्रमश: प्रकाशन हुँदै गरेको पनि जानकारीका लागि अनुरोध छ।** साथै सर्वोच्च अदालतबाट नेपाल कानून पत्रिका संवैधानिक इजलास खण्डको छुट्टै प्रकाशन भएको जानकारी गराउन चाहन्छौं। यस वर्ष **<u>वातावरणसँग सम्बन्धित फैसलाहरूको सङ्गालो, २०७६</u>** पनि प्रकाशन भएकाले आफ्नो प्रति बेलैमा सुरक्षित गर्न सम्बन्धित सबैको लागि अनुरोध छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ – ९** |
| १. | जबरजस्ती करणी | श्याम वि.क. वि. नेपाल सरकार | १ |
| २. | किर्ते जालसाजी | मुजफ्फर अहमद लारी वि. मशकुर अहमद लारीसमेत | १ |
| ३. | निषेधाज्ञा | किरणकुमारी देवी वि. राधाकृष्णप्रसाद रौनियारसमेत | ३ |
| ४. | उत्प्रेषण / निषेधाज्ञा / परमादेश | मुगलप्रसाद साह वि. रामस्वरूप रायसमेत | ४ |
| ५. | उत्प्रेषण / परमादेश | दिनेश पौडयाल वि. हिमाल हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन लि.को मुख्य कार्यालयसमेत | ५ |
| ६. | हा.व. लिखत बदर | नन्द किशोर चौधरीसमेत वि. कुमार कार्की | ७ |
| ७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भद्री वलीसमेत | ८ |
| ८. | उत्प्रेषण / परमादेश | रामनारायण कामैत वि. पुनरावेदन अदालत राजविराजसमेत | ९ |
| **इजलास नं. १** | | | **९ – ११** |
| ९. | उत्प्रेषण | आत्मराम मुरारका वि. उद्योग विभाग सुविधा शाखा त्रिपुरेश्वरसमेत | ९ |
| १०. | लागु औषध खैरो हेरोइन | नेपाल सरकार वि. निर्मल गुरूङ | १० |
| ११. | जबरजस्ती करणी | रियाज अन्सारी वि. नेपाल सरकार | १० |
| **इजलास नं. ५** | | | **११ – २१** |
| १२. | जबरजस्ती करणी | नेपाल सरकार वि. शुभकलाल मण्डलसमेत | ११ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रदिपकुमार जयसवाल | १२ |
| १४. | उत्प्रेषण / परमादेश | देवनारायण महर्जन वि. ललितपुर जिल्ला अदालतसमेत | १३ |
| १५. | सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. रामप्रवोध यादव | १४ |
| १६. | बन्दी प्रत्यक्षीकरण | रामकुमार अधिकारीसमेत वि. गृह मन्त्रालयसमेत | १५ |
| १७. | अंश | बुद्धिदेवी रानाभाट वि. बाबुराम रानाभाट | १५ |
| १८. | कर्तव्य ज्यान | कान्छा श्रेष्ठसमेत वि. नेपाल सरकार | १७ |
| १९. | लागु औषध हेरोइन | देवेन्द्र कुमार चाई वि. नेपाल सरकार | १८ |
| २०. | मावन बेचबिखन तथा ओसारपसार | उत्तम वि.क. वि. नेपाल सरकार | १९ |

| | | | |
|---|---|---|---|
| २१. | बन्दी प्रत्यक्षीकरण | महेश डंगोल वि. गृह मन्त्रालय सिंहदरबारसमेत | २० |
| **इजलास नं. ६** | | | **२१ – २६** |
| २२. | भ्रष्टाचार (रिसवत / घुस) | उमेशकुमार यादव वि. नेपाल सरकार | २१ |
| २३. | राजीनामा लिखत बदर | संगम महतोसमेत वि. दिपा थापासमेत | २३ |
| २४. | लिखत बदर, जग्गाघर खिचोला चलन | रामचन्द्र दास तत्मा वि. सोमरिया देवी | २४ |
| २५. | जग्गा खिचोला मेटाई हक कायम गरी चलन चलाई पाउँ | दुखरन हरिजन वि. प्रभु बृजवासी | २५ |
| **इजलास नं. ७** | | | **२६ – ३३** |
| २६. | सरकारी छाप दस्तखत किर्ते | यशोदा गैरे पाण्डे वि. नेपाल सरकार | २६ |
| २७. | लागु औषध अफिम | प्रभु साह तेली वि. नेपाल सरकार | २७ |
| २८. | निषेधाज्ञा / परमादेश | हीरा थापासमेत वि. नेपालगन्ज नगरपालिका, नेपालगन्ज बाँकेसमेत | २९ |
| २९. | निषेधाज्ञा | ईश्वरलाल श्रेष्ठ वि. पविता बोगटी (खाती) समेत | ३० |
| ३०. | निषेधाज्ञा | फुलेश्वरी देवीसमेत वि. जिल्ला प्रहरी कार्यालय, सप्तरीसमेत | ३१ |
| ३१. | वैदेशिक रोजगार ठगी | विकेसप्रसाद चौधरी वि. नेपाल सरकार | ३२ |
| **इजलास नं. ८** | | | **३३ – ३७** |
| ३२. | नकबजनी चोरी | नेपाल सरकार वि. प्रेमबहादुर तामाङ | ३३ |
| ३३. | उत्प्रेषण / परमादेश | यमबहादुर क्षेत्री वि. रूपन्देही जिल्ला अदालतसमेत | ३३ |
| ३४. | निषेधाज्ञा | बद्रीप्रसाद गुप्ता वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत | ३४ |
| ३५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. नानु के.सी. भन्ने बिमलाकुमारी बस्नेत | ३५ |
| **इजलास नं. ९** | | | **३७ – ४०** |
| ३६. | मानव बेचबिखन तथा ओसारपसार | सम्झना वि.क. वि. नेपाल सरकार | ३७ |
| ३७. | उत्प्रेषण | चित्र सिंह विश्वकर्मा वि. सञ्चालक समिति, कृषि विकास बैंक लिमिटड केन्द्रिय कार्यालयसमेत | ३८ |
| ३८. | मानव बेचबिखन | नेपाल सरकार वि. जगदीश भट्टसमेत | ३९ |

| इजलास नं. १० | | | ४० – ६० |
| --- | --- | --- | --- |
| ३९. | वन इजाजत वन पैदावर (लोठसल्ला जडिबुटी) संकलन, प्रशोधन, बिक्री वितरण | नेपाल सरकार वि. निलम मेडिसन ई.प्रा.लि. नयाँपाटी काठमाडौं | ४० |
| ४०. | उत्प्रेषण / परमादेश | शंकरप्रसाद गुप्ता वि. नापी विभाग, मीनभवनसमेत | ४२ |
| ४१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. श्रीराम चौधरी | ४२ |
| ४२. | बन्दी प्रत्यक्षीकरण | राजकुमार राई वि. धादिङ जिल्ला अदालतसमेत | ४५ |
| ४३. | नामसारी दाखिल खारेज गरिपाउँ | देवकुमारी मुनकर्मी भन्ने टरीनानी मुनकर्मी वि. राजकुमार ताहामतासमेत | ४७ |
| ४४. | किर्ते | अवधेशप्रसाद श्रीवास्तवसमेत वि. शनिचरी विनिन | ४९ |
| ४५. | मिलापत्र बदर दर्ता बदर हक कायम दर्ता | लछु दास बैरागी वि. विजु राय यादव | ५० |
| ४६. | उत्प्रेषण / परमादेश | भुपेन्द्र पाण्डे वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ५२ |
| ४७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मनगेल्जी शेर्पा | ५३ |
| ४८. | बन्दी प्रत्यक्षीकरण | अनिल विश्वकर्मा वि. काठमाडौं जिल्ला अदालतसमेत | ५५ |
| ४९. | मूल्य अभिवृद्धि कर | जगदिशप्रसाद अग्रवाल वि. आन्तरिक राजस्व कार्यालय, विराटनगर | ५६ |
| ५०. | हक कायम अस्थायी दर्ता बदर दर्ता | कुशेश्वर पाठक वि. बलरामप्रसाद साहसमेत | ५७ |
| ५१. | लेनदेन | रामचन्द्र यादव वि. सिद्धिदेवी यादव | ५९ |
| इजलास नं. ११ | | | ६० – ६४ |
| ५२. | ठगी | नेपाल सरकार वि. अनिल कँडेल | ६० |
| ५३. | उत्प्रेषण / परमादेश | इन्द्रदेव यादव वि. श्री राष्ट्रिय प्राथमिक विद्यालय, धनगढी, सप्तरीसमेत | ६१ |
| ५४. | नकबजनी चोरी | नेपाल सरकार वि. रेकबहादुर पुन मगरसमेत | ६२ |
| ५५. | बन्दी प्रत्यक्षीकरण | परवेज आलम सिद्दिकी वि. बाँके जिल्ला अदालत नेपालगन्जसमेत | ६३ |

| | | | |
|---|---|---|---|
| ५६. | मोटरसाइकल चोरी | नेपाल सरकार वि. रिकेश खड्गीसमेत | ६४ |
| **इजलास नं. १२** | | | **६४ – ६६** |
| ५७. | उत्प्रेषण / परमादेश | अम्बरबहादुर थापा वि. भन्सार विभाग, त्रिपुरेश्वरसमेत | ६४ |
| **इजलास नं.१३** | | | **६७ - ६९** |
| ५८. | कर्तव्य ज्यान | समिर भन्ने तिलबहादुर वि.क. वि. नेपाल सरकार | ६७ |
| **इजलास नं.१४** | | | **६९ - ७३** |
| ५९. | लिलाम दर्ता दाखिल खारेजसमेत बदर गरी नामसारी दर्ता | लक्ष्मी पुडासैनीसमेत वि. राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखासमेत | ६९ |
| **इजलास नं.१५** | | | **७३ - ७४** |
| ६०. | ठगी | नेपाल सरकार वि. संजय कक्षपतीसमेत | ७३ |
| ६१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. नारायणकुमार श्रेष्ठ | ७४ |
| **इजलास नं.१६** | | | **७४ - ७६** |
| ६२. | सरकारी कागज किर्ते | विनोद कर्ण वि. नेपाल सरकार | ७४ |
| ६३. | जबरजस्ती करणी | नेपाल सरकार वि. साजन गुरुङसमेत | ७५ |
| **इजलास नं.१८** | | | **७६** |
| ६४. | जबरजस्ती करणी | नेपाल सरकार वि. सशिस शंकर श्रेष्ठ | ७६ |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७२-CR-११३६,* १९३८, *जबरजस्ती करणी, श्याम वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. श्याम वि.क.*

पुनरावेदन अदालत तुलसीपुरको फैसलाउपर साबिक न्याय प्रशासन ऐन, २०४८ तथा प्रचलित न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत दुवै पक्षको पुनरावेदनमा देहायको आधार कारण र कानूनी व्यवस्थाका आधारमा पुनरावेदन अदालत तुलसीपुरको फैसला मिलेको देखिँदा केही परिवर्तन गरिरहनु पर्ने अवस्था देखिन आएन। पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२/९/२६ को फैसला सदर हुने।

पीडितको बकपत्रबाट समेत जबरजस्ती करणी भइसकेको स्थापित नभएको र स्वास्थ्य परीक्षण प्रतिवेदन (Medical Report) मा योनिको झिल्ली च्यातिएको छैन। भन्ने प्रतिवेदन र जबरजस्ती करणी भएको देखिने तथ्यगत प्रमाणको अभावमा जबरजस्ती करणीको कसुर स्थापित हुन सक्दैन। अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। पुनरावेदन अदालत तुलसीपुरको मिति २०७२/९/२६ को फैसला सदर हुने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल कार्तिक २३ गते रोज ५ शुभम्।

२

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७१-CR-०३१२, किर्ते जालसाजी, मुजफ्फर अहमद लारी वि. मशकुर अहमद लारीसमेत*

वादीका पिताले तत्काल आफ्नो नाउमा रहेका सेयर बिक्री गरी सोबापतको रूपैयाँ भा.रू.५१,९२,३१९।७० लखनउमा बस्ने निज मकबुल अहमद लारीको नाउँमा एकाउन्टपेयी ड्राफ बनाई दिन हुन भनी एभरेष्ट होटलले तत्कालीन इन्डोस्वेज बैंकलाई सन् १९९३ जुन ३ मा लेखेको पत्रमा मकबुल अहमद लारीले आफ्नो नाउँमा रहेको सेयरहरू मशकुर अहमद लारी र नजमा मशकुर लारीलाई बिक्री गरेकोले सोबापतको रकम भन्ने बेहोरा उल्लेख भएको र मकबुल अहमद लारीले पाउने गरी ड्राफ्ट तयार गरी पठाएकोपत्र मिसिल संलग्न देखिने।

कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वरको प.सं.०४९।५० च.नं.२२९ मिति २०५०।४।१५ को पत्र हेर्दा उक्त पत्रमा जो जसलाई सरोकार पर्दछ भन्ने बेहोरामा नयाँ बानेश्वर, काठमाडौंस्थित होटल एभरेष्ट इन्टरनेसनल लि.ले हालसम्म यस कार्यालयलाई उपलब्ध गराएको जानकारी तथा अभिलेखअनुसार प्रस्तुत कम्पनी (होटल) मा देहायबमोजिमको सेयरधनी तथा सेयर धारण संख्या रहेको बेहोरा जानकारी गराउँदै अनुरोध गरिन्छ भनी यी पुनरावेदक वादीसमेत ९ जनाको नाउँ उल्लेख भएको र सो ९ जनामा यी वादीका पिता मकबुल अहमद लारीको नाम उल्लेख नभएको अवस्था देखिने।

होटल एभरेष्टबाट उल्लेखित मितिमा मकवुलका नाममा पठाएको रूपैयाँ सेयर बिक्रीबापतको नभई होटलको नाफाबापतको हो। सेयर बिक्रीबापतको रूपैयाँ भए सेयर खरिद गर्ने मशकुर र नजमाको नाउँबाट रूपैयाँ पठाउनु पर्दथ्यो यसबाट पनि प्रतिवादीको जिकिर झुठा पुष्टि भएको भन्ने पुनरावेदन जिकिर रहेकामा होटलको नाफाबापतको रूपैयाँ हो वा सेयरबापतको रूपैयाँ हो भन्ने विश्लेषण र यस मुद्दाबाट गर्ने नभई विवादित लिखतहरू किर्ते हो होइन भन्नेसम्मको विवादमा बोल्नु पर्ने न्यायिक निर्णयको

विषय हुने।

विवादित लिखत किर्ते जालसाजी हुन् भन्ने पुनरावेदक वादी र किर्ते होइन भन्ने प्रतिवादी भइ विवाद तहतह हुँदै यस अदालतमा आएकोमा लिखत परीक्षण गर्ने राष्ट्रिय विधिविज्ञान प्रयोगशालाबाट मिति २०७३।११।११ परीक्षण प्रतिवेदन प्राप्त भएकोमा लिखतमा लागेका सहीछाप मिलेको भन्ने प्रतिवेदन प्राप्त भएको हुँदा त्यसलाई अन्यथा भन्न मिल्ने नदेखिँदा विवादित भनिएका लिखतहरू सद्दे साँचो बेहोराको देखिन आउने।

कम्पनीले प्रचलित कम्पनी ऐन तथा नियमावलीको प्रक्रिया पूरा गरी हस्तान्तरण गरेको हो वा होइन भन्ने विषय भए नियमन गर्ने निकायले मात्र हेर्न सक्दछ । यहाँ विवादित लिखतको कार्यान्वयन गर्ने निकाय कम्पनी रजिस्ट्रारको कार्यालय हो भन्नेमा विवाद देखिँदैन । कम्पनी रजिस्ट्रारको कार्यालयले विवादित लिखतहरूलाई कानूनसम्मत् तरिकाबाट कार्यान्वियन गर्नु पर्ने हुन्छ। यस्तो हस्तान्त्रणको प्रक्रिया नै बाँकी छ र त्यसमा अन्य प्रचलित कानूनले यी विवादित सेयरहरूको बिक्री वितरणमा अन्य निकायको अनुमति लिनु पर्ने छ भने त्यस्तो नियमन गर्ने निकाय कम्पनी रजिस्ट्रारको कार्यालयले कानूनको प्रक्रिया पूरा गर्नबाट उम्कन नमिल्ने।

कुनै लिखत आदेश वा फैसलाको उद्देश्य कानूनसम्मत हुनु पर्नेमा विवाद देखिँदैन। कानूनसम्मत नभएका त्यस्तो आदेश फैसला वा लिखत कार्यान्वयन हुन सक्दैनन। आदेश फैसला वा लिखतको कार्यान्वयन कानूनसम्मत नै हुनुपर्छ । त्यस्ता लिखतहरू कानून कार्यान्वयन गर्ने निकायले पनि कार्यविधि कानून र सारवान कानून दुवैको अनुशरण गरी कार्यान्वयन हुनु पर्छ । त्यस्तो आदेश वा फैसला वा लिखतको विचाराधीन विषयमा यस अदालतले हस्तक्षेप गर्न मिल्दैन। कम्पनी रजिस्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, उद्योग विभाग जस्ता अन्य निकायले निकासा र निर्णय दिने विषयतर्फ ती निकायहरूको निर्णय नआउँदैका अवस्थामा प्रस्तुत मुद्दाबाट बोल्न मिल्ने देखिएन् । तत् तत् निकायको निर्णयलाई मुद्दाका पक्षहरूले निर्णय नहुँदासम्म प्रतिक्षारत हुनु पर्दछ । त्यस्ता निकायबाट हुने निर्णयमा पक्षहरूलाई चित्त नबुझे कानूनी उपचारको मार्ग अपनाउनु पर्ने नै देखिँदा किर्ते जालसाजीतर्फकै निर्णय र विवादित बिक्री गरिएको सेयरहरूको नियमन गर्ने निकायको प्रक्रिया भिन्न भिन्न अवस्थाको देखिँदा किर्ते वा जालसाज नठहरे पनि लिखतको अन्तरवस्तु र पक्षहरूले हासिल गर्न खोजेको उद्देश्य र नतिजामा नियमनकारी निकायको क्षेत्राधिकार र निर्णयमा यस मुद्दाबाट हस्तक्षेप गर्न र नियमनकारी निकायलाई प्रस्तुत मुद्दाबाट छुट्टै आदेश दिई यो गर्नु वा नगर्नु भनी भन्न बोल्न पनि नमिल्ने।

कानूनको संशोधनपछि अघि भएको व्यवहारमा पछि संशोधन भएको कानूनी व्यवस्थाको सुविधा पुनरावेदकले पाउने देखिँदैन । किर्ते जालसाजीतर्फ यस अदालबाट पटकपटक भएका फैसला पनि न्यायको मान्य सिद्धान्तअन्तर्गत अघि भएका फैसलालाई अन्यथा गर्न मिल्ने देखिएन । प्रस्तुत मुद्दा तत्काल प्रचलित किर्ते कागज महलको १८ नं. ले तोकेको हदम्यादभित्र काम भए गरेको दुई वर्ष र हाल प्रचलित किर्ते कागज महलको १८ नं. ले तोकेको हदम्याद काम भए गरेको थाहा पाएको मितिले ६ महिनाभित्र दायर भएको भन्ने नदेखिएबाट हदम्यादभित्रै दायर भएको छ भन्ने पुनरावेदन जिकिर र यस अदालतबाट मुद्दा दोहोर्‍याई हेर्ने अनुमति प्रदान गर्दा लिइएका आधारसँग सहमत हुन नसकिने।

तसर्थ, पुनरावेदक वादीले किर्ते भनी जिकिर लिइएका विवादित लिखत परीक्षण गराउँदासमेत सद्दे नै देखिएको र प्रस्तुत मुद्दा हदम्यादको आधारमा खारेज हुने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६६।३।४ को फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत पाटनबाट मिति २०६८।९।२५ मा

भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल माघ २१ गते रोज १ शुभम्।

- यसै लगाउको ०७१-CR-०३१३, ०३१४, ०३१५, किर्ते जालसाजी, मुजफ्फर अहमद लारी वि. मशकुर अहमद लारीसमेत, मुजफ्फर अहमद लारी वि. मशकुर अहमद लारीसमेत, मुजफ्फर अहमद लारी वि. घनप्रसाद अर्याल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७१–CI–०९०३, निषेधाज्ञा, *किरणकुमारी देवी वि. राधाकृष्णप्रसाद रौनियारसमेत*

निवेदिका र विपक्षीहरू राधाकृष्ण रौनियार, सरस्वती देवी रौनियार र रामपुकार रौनियार नातमा बाबु, आमा र दिदीभाइ रहेको देखिएको छ। निवेदिकाले आफ्नो आमाको नाममा रहेको वीरगन्ज उपमहानगरपालिका वडा नं. १ स्थित कि.नं. १२५१ को ज.वि. ०-०-१० को खाली जग्गामा आफूले मासिक रू. ५००।– मा भाडामा लिई अस्थायी प्रकृतिको घर बनाई व्यवसाय गरेको भन्ने उल्लेख गरेबाट उक्त जग्गा निज निवेदकको निर्विवाद हक स्वमित्वको भन्ने देखिएन। निजले उक्त जग्गामा कहिलेदेखि मासिक कति रूपैयाँमा भाडामा लिएको हो र त्यसका के कस्ता सर्तहरू थिए भन्ने पनि उल्लेख गरेको पाइँदैन। निजलाई उक्त जग्गामा घर बनाई व्यवसाय गर्न निजकी आमाले लिखित स्वीकृति एवं सहमति दिएको भन्ने कुराको प्रमाण पनि निजले पेस गर्न सकेकी छैनन। दाबी गरिएको घरजग्गामा निवेदिकाको स्वमित्व नरहेको तथ्यमा निवेदिकाको अन्यथा भनाई रहेको देखिँदैन। आफूले भाडामा लिएको खाली जग्गामा अस्थायी प्रकृतिको घर बनाई भोगचलन गरी आएको भनी जिकिर लिएकोमा निवेदिकाले दाबी गरेको जग्गामा घर निर्माण गर्न निवेदिका किरण कुमारीलाई विपक्षी सरस्वती देवीले कुनै लिखत स्वीकृति दिएको वा घर जग्गा बहाल सम्झौता गरे भएको कुनै प्रमाण पेस गरेको देखिँदैन। निवेदिका किरणकुमारी रौनियारले विपक्षी सरस्वती रौनियारसमेत उपर पर्सा जिल्ला अदालतमा दिएको संवत् २०७० सालको रिट नं.५८ मा दाबीको कि.नं १२५१ को घरजग्गाबाट जबरजस्ती खाली गराउने आशंका भएकोले निषेधाज्ञा जारी गरी पाउन दिएको निवेदन खारेज हुने ठहरी फैसला भएको देखिन्छ। निवेदिकाले जग्गा भाडामा लिई घर बनाएको भए सोको वस्तुनिष्ठ प्रमाण पेस गरी भोगाधिकारको पुष्टाई गर्न सक्नु पर्नेमा सोसमेतका निर्विवाद हकाधिकारको पुष्टाइँ नभएबाट निवेदन मागबमोजिम घर जग्गामा यथावत् भोगको कायम हुने गरी निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

विपक्षी सरस्वती देवी रौनियारले निवेदिका विरूद्ध शान्ति सुरक्षा कायम गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालयमा दिएको निवेदनमा आवश्यक कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा पठाइएकोमा सो कार्यालयले पनि च.नं. २७५१ मिति २०७१।६।७ को पत्रसहित निवेदन इलाका प्रहरी कार्यालय नवगा पर्सामा पठाएको भन्ने जिल्ला प्रहरी कार्यालय पर्साको लिखित जवाफबाट देखिएको र जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयहरूको निवेदिकालाई कानूनबमोजिम बाहेक पक्राउ गर्ने, थुनामा राख्ने, कागज गराउनेलगायतका कुनै काम कारबाही नगरिएको र नगरिने भनी विपक्षी कार्यालयहरूको लिखित जवाफ देखिएकोले निवेदकलाई कानूनविपरीत तवरबाट थुन्ने वा कानून प्रतिकूलको कार्य गर्ने अवस्थासमेत नदेखिएको सोतर्फ समेत निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने।

तसर्थ, निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने अवस्थाको विद्यमानता नदेखिँदा रिट

निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत हेटौंडाको मिति २०७१।८।१७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७४ साल असोज २९ गते रोज १ शुभम्।

४

**स.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CI-१२२५, उत्प्रेषण / निषेधाज्ञा / परमादेश, *मुगलप्रसाद साह वि. रामस्वरूप रायसमेत*

२०६२ सालदेखि साधारण सभा नबोलाइएको भनी दाबी गर्ने निवेदकले समयमै साधारण सभा बोलाउने कानूनबमोजिमको बाटो अवलम्बन गरेको नदेखिएको र लामो अवधिसम्म साधारण सभा नगरी विपक्षीहरूको कानूनसम्मत व्यवहार नभएको भनी प्रश्न उठाएको भए पनि विपक्षीहरूले सञ्चालक समितिको हैसियतमा गरेका सबै काम कारबाहीउपर लामो अवधि व्यतित भएपछि गैरकानूनी भनी दाबी लिएको देखिएको तथा साधारण सभा बोलाएको अवस्थापछि प्रस्तुत निवेदन परेको देखिएको छ । कानूनबमोजिम गठित संस्थाहरूले आफ्नो कामकारबाही कानूनले तोकेको प्रक्रिया अवधिभित्र सम्पन्न गर्नु पर्नेमा विवाद हुन सक्तैन। त्यस्तो कामकारबाही रोक्न वा बदर गर्नसमेत कानूनी आधारसमेत पेस गर्नु पर्छ। थप कामकारबाही रोक्ने कानूनी आधार र औचित्यता पनि दाबी गर्नेले प्रस्ट रूपमा चित्रण नगरेको, रिट निवेदनमा निवेदकलाई कुन कानूनले प्रदान गरेको कुन वैयक्तिक वा संस्थागत हक अधिकारको हनन विपक्षीबाट भएको हो र कुन कानूनअनुसार निवेदकको हक प्रचलन गर्नु गराउनु पर्ने हो प्रस्ट उल्लेख नगरी हचुवा मागदाबी लिएको भरमा निवेदन मागअनुसार आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिने।

सहकारी ऐनको दफा ४१(१) बमोजिम साधारण सभाबाट विपक्षी संस्था विघटनको निर्णय भएको भन्ने देखिएको छैन । साधारण सभाले नै संस्थाको विघटन वा जिवन्तता कायम राख्ने विषयमा निर्णय हुन सक्ने देखिएकोले साधारण सभाको मिति नै तोकिएपछिको अवस्थामा कानूनी आधार विनाको प्रस्तुत निवेदनको भरमा संस्थाको विघटन जस्तो गम्भीर विषयमा प्रवेश गरी रहनु औचित्यतापूर्ण नहुने।

सहकारी ऐन, २०४८ को दफा ४१ बमोजिम विपक्षी संस्थाको विघटन र दर्ता खारेजी हुने नदेखिएको र उल्लेखित सहकारी मापदण्ड २०६८ बमोजिम निष्कृय संस्थाको सूचीमा समावेश नभएको अवस्थामा निवेदन मागबमोजिम विपक्षी संस्था विघटन हुने कानूनी आधार नदेखिँदा विघटन प्रक्रिया लैजान कुनै किसिमको आदेश जारी गर्नु पर्ने नदेखिने।

निजी प्रयोजनको लागि अनधिकृत रूपमा सञ्चालकहरूले कोषको अपचलन गरेको भनी कुनै आधार खुलाएको देखिँदैन । बरू विपक्षी संस्थाले ऋण असुली प्रक्रियाबमोजिम यी निवेदकसँग ऋण असुली गरेको र लिलामी प्रक्रिया विरूद्ध कानूनी उपचार खोजी सो विषयको टुङ्गो लागेपछि प्रस्तुत निवेदन दिएको भन्ने लिखित जवाफबाट देखिएको छ। एकातर्फ अनधिकृत रूपमा सञ्चालक समितिको सदस्य र लेखा समितिको पदाधिकारी थपेको देखिने वस्तुनिष्ठ प्रमाणसमेत निवेदकले पेस गरेको देखिँदैन। अर्कोतर्फ मिति २०७०।३।२९ को साधारण सभाले आ.व.२०६२।६३ देखि २०६८।०६९ सम्मको लेखा परीक्षण गर्नको लागि सञ्चालक समितिले गरेको लेखा परीक्षकको नियुक्ति सर्वसम्मतिबाट अनुमोदन भएको, नयाँ सञ्चालक समितिको निर्विरोध निर्वाचित गरेको, संस्थालाई सुचारू रूपमा सञ्चालन गर्न गराउन सञ्चालक समितिलाई दिइएको देखिएको छ। उक्त साधारण सभालाई चुनौति दिइएको भन्नेसमेत नदेखिँदा हालको अवस्थामा निवेदन दाबीको औचित्य नै पूर्ण रूपमा समाप्त भएको र निवेदकले रिट निवेदनमा आफूलाई कुन कानूनले प्रदान गरेको

कुन हक अधिकारको हनन विपक्षीबाट भएको हो र कुन कानूनबमोजिम हक प्रचलन गराउनु पर्ने हो प्रस्ट उल्लेख नगरी हचुवा मागदाबी लिएकोसमेत देखिँदा निवेदन मागअनुसार आदेश जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिने।

तसर्थ निवेदकको निवेदन मागदाबीअनुसारको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा रिट निवेदन खारेज हुने ठहराएको पुनरावेदन अदालत जनकपुरको मिति २०७०।९।३० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७४ साल आश्विन २९ गते रोज १ शुभम्।

५

**स.प्र.न्या.श्री चोलेन्द्र शम्शेर ज.ब.रा. र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-WO-०४६७, उत्प्रेषण / परमादेश, दिनेश पौडयाल वि. हिमाल हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन लि.को मुख्य कार्यालयसमेत*

मध्यस्थता ऐनले करार (सम्झौता) का पक्षहरूबिच भएको कुनै सम्झौताको प्रयोग वा कार्यान्वयनको क्रममा पक्षहरूबिच उत्पन्न विवाद वा उक्त सम्झौतासँग सम्बन्धित कुनै विवाद समाधानको लागि नियमित अदालतमा नगई करारका पक्षहरूले नै निर्धारण गरेको प्रक्रियाअनुसार नियुक्त मध्यस्थबाट यस्तो विवादमा निर्णय गर्ने गराउने भनी छनौट गरेपछि उक्त विवादसँग सम्बन्धित तथ्यको विश्लेषण गर्ने अधिकार पनि मध्यस्थलाई सुम्पेको मानिन्छ । यी निवेदक र विपक्षी हिमाल हाइड्रो पावरबिच सम्झौताबमोजिम पानी चुहावट रोक्नका लागि आवश्यक मर्मत कार्य नगरिएको भन्ने सम्बन्धमा विवाद भई सो विवाद समाधानका लागि गठित मध्यस्थ ट्रिबुनलसमक्ष विपक्षी हिमाल हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन लि.ले भुक्तानी पाउनुपर्ने रकमका लागि दाबी परेको र यी निवेदकबाट प्रतिदाबी परी मध्यस्थबाट निर्णय Award भएको भन्ने देखिन्छ । मध्यस्थबाट निरूपण हुने विवादसँग सम्बन्धित तथ्य केलाउने र तथ्यगत रूपमा मध्यस्थको निर्णयको परीक्षण गर्ने अधिकार सामान्य अदालतमा रहेको हुँदैन । विवादको विषयसँग सम्बन्धित तथ्य केलाउने र उक्त तथ्यको विषयमा निर्णय गर्ने अन्तिम अधिकार मध्यस्थलाई नै हुने।

प्रस्तुत मुद्दामा मध्यस्थता ऐन, २०५५ को दफा ३०(२) उपदफा (१) र नेपालको संविधानको धारा १३३ (२) र (३) को कानूनी व्यवस्थाको पृष्ठभूमिमा हेर्दा निवेदक हाइड्रो र विपक्षी हिमाल हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन लि. बिच भएको सम्झौता र दुई पक्षबाट पेस भएको दाबी र प्रतिदाबीअनुसार नै मध्यस्थ ट्रिबुनलबाट निर्णय भएको र रिट निवेदकले मध्यस्थलाई सुम्पिएको अधिकारक्षेत्रबाहिर गई निर्णय भएको भन्ने निवेदकको भनाइ नै नभएको र त्यस्तो भएको भन्ने विश्वसनीय आधार यी निवेदकबाट पेस भएको देखिँदैन । यो यसप्रकारले मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल रहेको भन्ने निवेदकको भनाइ रहेको नपाइएको र मध्यस्थले गरेको निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल हुने भएमा अदालतले मध्यस्थ ट्रिबुनलको निर्णय बदर गर्न सक्ने हो । त्यस्तो भएको छ भन्ने निवेदकको भनाइ देखिँदैन। आफूले New Technical Water Proofing and Rehabilitation Pvt. Ltd. लाई भुक्तानी गरेको सम्पूर्ण बील भौचरको मूल्याङ्कन गरिएन जुन कारण निवेदकले मध्यस्थसमक्ष राखेको प्रतिदाबीअनुसारको रकम भराई पाउने गरी मध्यस्थबाट निर्णय भएन भन्ने मुख्य जिकिर लिएको देखिन्छ । मध्यस्थबाट कानूनसम्मत तवरबाट प्रमाणसमेतको विवेचना गरी निर्णय गरेको भन्ने विपक्षी हिमाल हाइड्रोका तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूको बहस जिकिर रहेको र मध्यस्थको Award को प्रकरणमा १२९ मा प्रतिवादीले नयाँ कन्ट्रयाक्टरलाई भुक्तानी

स्वरूप रू.४५,४४,६२४।२३ को चेक र भुक्तानीको रसिद बुझाएको देखिएकोले प्रतिवादीले आफ्नो प्रतिदाबी आंशिकरूपमा स्थापित गरेको देखिएको भन्ने उल्लेख भएबाट मध्यस्थबाट निवेदकद्वारा पेस गरिएका प्रमाणहरूको मूल्याङ्कन नगरिएको, प्रमाणमा नलिएको भन्ने निवेदकको भनाइसमेत तथ्यसङ्गत र कानूनसम्मत देखिन नआउने।

मध्यस्थ ट्रिबुनलले गरेको निर्णयउपर परेको निवेदनमा सामान्य अदालतबाट हुने न्यायिक परीक्षणको सीमा पुनरावेदकीय क्षेत्राधिकारअन्तर्गत हुने न्यायिक परीक्षण जस्तो विस्तृत नभई कानूनले निर्धारण गरेको आधारसम्ममा सीमित रहने हुन्छ भन्ने विधिशास्त्र विकास भएको देखिन्छ। प्रस्तुत विवादमा पक्षहरूबिच भएको सम्झौताको वैधताको प्रश्न र मध्यस्थको नियुक्ति गर्दा वा मध्यस्थले निर्णय गर्दा यी रिट निवेदकलाई सूचना नदिएको भन्ने विषय पनि प्रस्तुत विवादमा उठाइएको छैन। मध्यस्थ ट्रिबुनलबाट दाबीकर्ता तथा यी निवेदकसमेतको उपस्थितिमा विवादको कार्य प्रकृति, विषयवस्तु एवं प्राविधिक पक्षहरूका बारेमा विभिन्न छलफल गरी निवेदकसमेतको उपस्थितिमा निर्णय गरेको भन्ने देखिएको र सो सम्बन्धमा यी निवेदकले अन्यथा जिकिर लिन सकेको अवस्था छैन । यसबाहेक यी निवेदकले मध्यस्थको गठन विधिमा कुनै प्रश्न नउठाएको र मध्यस्था ट्रिबुनलबाट मध्यस्थता ऐन, २०५५ को दफा ३० को उपदफा (१)(२)(३) को कानूनी व्यवस्थासमेतका आधारमा निर्णय भएको र सो निर्णय सार्वजनिक हित वा नीति प्रतिकूल रहेको नदेखिएको भनी मध्यस्थबाट भएको निर्णय सदर हुने ठहर गरी उच्च अदालत पाटनबाट फैसला भएको देखिन्छ। रिट निवेदकले मध्यस्थको निर्णयमा मध्यस्थता ऐनको दफा ३०(१) र (२) को प्रतिकूल रहेको भन्ने कुरा निवेदनमा उल्लेख गरेको भए तापनि प्रस्तुत मुद्दाका पक्षहरूबिच उत्पन्न विवाद निरूपण गर्ने सन्दर्भमा मध्यस्थको नियुक्तिलगायतका कुरामा यी रिट निवेदकको मन्जुरी रहेको देखिएको र सो सम्बन्धमा कहीँकतै अन्यथा दाबी जिकिर लिएको अवस्था छैन। यस्तो अवस्थामा मध्यस्थ ट्रिबुनलले कानूनविपरीत आफूलाई नभएको अधिकार प्रयोग गरेको वा कानूनद्वारा प्रदत्त अधिकारभन्दा बढी प्रयोग गरेको भन्ने कुराको वस्तुनिष्ठ प्रमाणसमेत निवेदकबाट पेस भएको नदेखिँदा मध्यस्थ ट्रिबुनलबाट भएको निर्णय तथा सो निर्णय सदर गरेको उच्च अदालत पाटनको फैसलासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी परमादेशसमेत जारी गरिपाउँ भनी निवेदकले यस अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत उपचार पाउँ भनी दायर गरेको रिट निवेदन जिकिर कानूनसम्मत नदेखिँदा प्रस्तुत रिट निवेदनबाट निवेदकलाई उपचार प्रदान गर्न नमिल्ने।

अब दोस्रो प्रश्नका सम्बन्धमा विचार गर्दा निवेदक कम्पनी र विपक्षी हिमाल हाइड्रो एन्ड जनरल कन्स्ट्रक्सन लि. बिच भएको विवादका सम्बन्धमा दुवै पक्षको सहमतिमा नियुक्त मध्यस्थबाट विधिसङ्गत तवरबाट निर्णय भएकोमा सोउपर यी निवेदकको तर्फबाट उच्च अदालत पाटनमा निवेदन परेको र उक्त अदालतबाट मध्यस्थ ट्रिबुनलको निर्णय नै सदर हुने ठहर गरी फैसला भएको अवस्था छ। निवेदक र विपक्षी हिमाल हाइड्रोका बिच भएको विवादका सम्बन्धमा अधिकारप्राप्त मध्यस्थ ट्रिबुनलबाट निर्णय भई मध्यस्थता ऐन, २०५५ को दफा ३० बमोजिम परेको निवेदनमा साधारण अधिकारक्षेत्रअन्तर्गत उच्च अदालत पाटनबाट कानूनसम्मत रूपमा निर्णय भइसकेको र माथि प्रकरण नं.१२ देखि २० मा गरिएको विवेचना र प्रतिपादित सिद्धान्तको रोहमा यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रस्तुत रिट निवेदन दायर हुन सक्ने अवस्था र कानूनी आधार नै पुष्टि नभएकोले निवेदन मागबमोजिम रिट जारी हुनु पर्ने भन्ने रिट निवेदकको जिकिर मनासिब र कानूनसम्मत देखिन नआउने।

तसर्थ, विवेचित आधार र कारणबाट मध्यस्थबाट निर्णय र सो निर्णय सदर गर्ने गरेको उच्च अदालत पाटनको मिति २०६२।५।१ को फैसला तथा सो फैसलाका आधारमा बिगो भरी भराउका लागि काठमाडौं जिल्ला अदालतबाट निवेदकका नाउँमा जारी भएको मिति २०७४।०९।०३ को म्याद सूचनासमेत उत्प्रेषणको आदेशद्वारा बदर गरी परमादेशसमेत जारी गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने। साथै यस अदालतबाट मिति २०७४।१०।१० मा जारी भएको अन्तरिम आदेशसमेत निष्कृय हुने।

इजलास अधिकृत : कुमार मास्के

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७६ साल मङ्सिर १५ गते रोज १ शुभम्।

६

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-CI-१२२१, १२२२, हा.व. लिखत बदर, *नन्द किशोर चौधरी वि. कुमार कार्की, पदमबहादुर कार्की वि. कुमार कार्की*

विवादको कि.नं.१०३ को जग्गा पुनरावेदक पदमबहादुर कार्कीका बावुका नाममा मोही हक रहेको र निजको शेष पछि यी पुनरावेदक / प्रतिवादी पदमबहादुर कार्कीका नाममा आएको देखिन्छ । उक्त तथ्यलाई हेर्दा विवादको जग्गा पुनरावेदकमध्येका पदमबहादुर कार्कीको निजी आर्जनको भएको नदेखिएको र अंश चलन मुद्दामा अदालतबाट फैसला भएपश्चात् निजका नाममा आएको भएपनि निजका बाबुका नाममा पहिलादेखि नै मोहीयानी हक कायम भएको देखिन्छ। मोहीबाट प्राप्त जग्गा बन्डा लाग्ने होइन भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा जुनसुकै स्रोतबाट प्राप्त भएको भए पनि बाबुका नाममा रहेको जग्गा बन्डा नलाग्ने भन्न मिल्दैन। यसका अलावा विवादको जग्गा अदालतबाट अंश मुद्दा फैसला हुनुभन्दा अगाडि नै निजका बाबुका नाममा मोहीबाट प्राप्त भएको अवस्था छ। विवादको जग्गाकै सम्बन्धमा चलेको अंश दपोट मुद्दामा समेत उक्त कि.नं. १०३ को जग्गा मोही भागबन्डा गरी गराई ल्याएका अवस्थामा कानूनबमोजिम भाग लगाई लिन सक्ने हुँदा भन्ने उल्लेख भई फैसला भएबाट समेत विवादको जग्गामा वादीको बन्डा नलाग्ने जग्गा हो भन्न सकिने अवस्था नदेखिने।

अदालतमा अंश मुद्दा परी उक्त अंश मुद्दामा फैसला हुँदा बन्डा लाग्ने जायजेथा खुलाएको अवस्थामा बन्डा पाउने भनी फैसला भएको र यिनै पक्षहरूका बिचमा चलेको अंश दपोट मुद्दामा समेत मोही भागबन्डा गरी गराई ल्याएका अवस्थामा भाग लगाई लिन पाउने भनी फैसला भएको देखिएको र विवादको कि.नं. १०३ को जग्गा यी पुनरावेदक पदमबहादुरका नाममा पछि प्राप्त भएको भए पनि सो जग्गाको मोही हक यी पक्षहरूका बिचमा अंश मुद्दा परी फैसला हुनुभन्दा अगाडि अर्थात् सगोलमा रहेकै अवस्थामा प्राप्त भएको देखिएकाले सो जग्गाबाट प्रत्यर्थी / वादीहरूले अंश पाउने नै देखियो । विवादको मुल कित्ता नं. १०३ बाट कित्ताकाट गरी कायम भएको कि.नं. ६५० को जग्गा दिने पदमबहादुर कार्की र लिने नन्दकिशोर चौधरी भई लिनु दिनु गरेको देखिँदा पारित र.नं. १६७० मिति २०६७/९/१६ मा भएको लिखतको ५ भागको २ भाग वादी दाबीबमोजिम बदर हुने ठहर गरी पुनरावेदन अदालतबाट भएको फैसला त्रुटिपूर्ण भयो भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः विवेचित आधार कारणबाट विवादको कि.नं. १०३ को जग्गाबाट वादीहरूले अंश पाउने देखिएको र सोही कित्ताबाट कित्ताकाट गरी दिने पदमबहादुर कार्की र लिने नन्दकिशोर चौधरी भई र.नं. १६७० मिति २०६७/९/१६ मा भएको पारित लिखतको वादी दाबीबमोजिम ५ भागको २ भाग लिखत बदर भई वादीहरूका नाममा दर्तासमेत हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७३/४/२३ मा

भएको फैसला मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत: दुर्गाप्रसाद खनाल
कम्प्युटर : रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल जेष्ठ २२ गते रोज ३ शुभम्।

७

**स.का.मु.प्र.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** *०६८-CR-०३६०, ०७२-RC-००६३, कर्तव्य ज्यान, नेपाल सरकार वि. भद्री वलीसमेत, नेपाल सरकार वि. कमल वली*

प्रतिवादीको बयान र घटनास्थल लास मुचुल्का, घटनास्थलबाट बरामद भएको नीलो प्लास्टिक बोतल, चुराको टुक्रा र रातो पोतेसमेतले वारदातमा यी प्रतिवादीको वारदातमा श्रृङ्खलाबद्ध रूपमा संलग्नता रहेको पुष्टि गर्दछ । मृतकको शरीरमा भएका नीलडामहरूबाट समेत प्रतिवादी कमल वलीको कर्तव्यबाटै मृतकको मृत्यु भएको कुरालाई निज प्रतिवादीको अधिकारप्राप्त अधिकारी एवं अदालतसमक्ष भएको साबिती बयानबाट पुष्टि भइरहेको छ । साथै होटल व्यवसायी डिल्लीराज शर्माको कागजबाट समेत निज प्रतिवादीको साबिती पुष्टि भएको र निज प्रतिवादीको भनाइबमोजिम नै मृतक सुत्ने खाटमुनी तथा वारदातस्थलमा टिनको बट्टा बरामद भएको अवस्थामा यी प्रतिवादीको मौकाको एवं अदालतको बयान पुष्टि भएको देखिँदा अभियोग दाबीबमोजिम यी प्रतिवादी कमल वलीले आफ्नी श्रीमती तुलसा वलीलाई कर्तव्य गरी मारेको देखिन आयो। प्रतिवादी कमल वलीउपर मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम कसुर कायम गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत तुलसीपुर दाङको फैसला मिलेकै देखिने।

जाहेरवालाले सुरू जाहेरीमा सबै प्रतिवादीहरूको मिलेमतोमा आफ्नो छोरालाई मारेकोमा शङ्का लाग्छ भनी उल्लेख गरेकोमा अदालतमा बकपत्र एकातिर आँखाले देखीदेखी कसले मार्न सक्छ भनेको र अर्कोतिर यी ५ जनाले मारेको मैले देखेको हुँ भनी बकपत्र गरेबाट जाहेरवालाको भनाइ परस्पर विरोधाभाषी रहेबाट वारदातमा यी प्रतिवादीहरूको संलग्नता पुष्टि हुनसक्ने नदेखिने।

जाहेरवाला र पवनराज के.सी.का परस्पर विरोधाभाषपूर्ण भनाइका आधारमा मात्र मौकामा र अदालतमा समेत आफूले आरोपित कसुर गरेकोमा साबित भई बयान गर्ने प्रतिवादी कमल वलीबाहेकका अन्य प्रतिवादीहरूको मिलेमतो र संलग्नताबाट मृतकको मृत्यु भएको हो भनी भन्न मिल्ने देखिएन। यी प्रतिवादीहरूले कसुरमा इन्कार रही वारदात प्रतिवादी कमल वली वा कसबाट भएको हो भनी स्पष्ट उल्लेख नगरेकै आधारमा वारदातमा यी प्रतिवादीहरूको समेत संलग्नता रहेको भन्ने सुरू फैसला न्यायोचित नहुँदा केही उल्टी गरी वारदातमा प्रतिवादी कमल वलीको मात्र संलग्नता रहेको भनी कसुर कायम गरी अन्य यी प्रतिवादीहरू भीमबहादुर वली, निता वली, भद्री वली र भागीराम वलीलाई सफाइ दिएको पुनरावेदन अदालत तुलसीपुर दाङको फैसला मनासिबै देखिन आउने।

घरका सम्पूर्ण परिवारहरू एकआपसमा मिली मृतकलाई मार्नुपर्नेसम्मको कुनै कारणसमेत मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि हुन आएको नदेखिएको अवस्थामा शङ्काका आधारमा मात्र प्रतिवादीहरूमध्येका भीमबहादुर वली, निता वली, भद्री वली र भागीराम वलीले आरोपित कसुर गरेको ठहऱ्याएको सुरू फैसला सो हदसम्म उल्टि गरी यी प्रतिवादीहरूले सफाइ पाउने ठहराएको पुनरावेदन अदालत तुलसीपुर दाङको फैसला मनासिबै देखिन आउने।

प्रतिवादी कमल वलीको कर्तव्यबाट मात्र मृतकको मृत्यु भएको पुष्टि भइराखेको र अन्य प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाएको अवस्थामा निज प्रतिवादी कमल वलीलाई जन्मकैद मात्र गरेको हदसम्म पुनरावेदन अदालत तुलसीपुर

दाङको फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी कमल वलीलाई सर्वस्वसहित जन्मकैद हुने।

अतः उल्लिखत आधार कारणसमेतबाट प्रतिवादी कमल वलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदमात्र हुने ठहर गरी अन्य प्रतिवादीहरूलाई सफाइ दिएको पुनरावेदन अदालत तुलसीपुर दाङको मिति २०६८।२।२३ को फैसला केही उल्टी भई प्रतिवादी कमल वलीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्छ र अन्य प्रतिवादीहरू भीमबहादुर वली, निता वली, भद्री वली र भागीराम वलीले सफाइ पाएको हकमा पुनरावेदन अदालत तुलसीपुर दाङको उक्त फैसला सदर हुने।

इजलास अधिकृतः विदुर काफ्ले
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल वैशाख १० गते रोज २ शुभम्।

८

**स.का.मु.प्र.श्री दीपकराज जोशी र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०८५६, उत्प्रेषण / परमादेश, *रामनारायण कामैत वि. पुनरावेदन अदालत, राजविराजसमेत*

अत: विवेचित आधार तथा कारणहरूबाट "दुर्गावतीको नाउँमा दर्ता रहेको जगाको डोर पुर्जी जारी गरी दा.खा. चलन दिनु" भन्ने पुनरावेदन अदालत राजविराजबाट मिति २०७२।०१।२४ मा भएको आदेश उक्त फैसला एवं रिट निवेदनमा भएको अन्तिम आदेश प्रतिकूल देखिँदा सो आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरीदिएको छ। अब यस अदालतको मिति २०५२।३।२१ को फैसलाबमोजिम शीघ्र फैसला कार्यान्वयन गर्नु भनी विपक्षी जिल्ला अदालतको नाउमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः ठाकुरप्रसाद खरेल
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७५ साल असार ११ गते रोज २ शुभम्।

## इजलास नं.१

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की**, *०६६-WO-०८१२, उत्प्रेषण, आत्मराम मुरारका वि. उद्योग विभाग सुविधा शाखा त्रिपुरेश्वरसमेत*

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ९(१) मा सुरक्षा, जनसंख्या तथा वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने किसिमका अनुसुची-२ मा उल्लेख भएका उद्योगहरूबाहेक अन्य उद्योगको स्थापना, विस्तार एवं विविधीकरण गर्नको लागि अनुमति लिनु पर्ने छैन भन्ने कानूनी व्यवस्था भएकोमा प्रस्तुत उद्योग उल्लेखित अनुसूची-२ बमोजिमको उद्योग नदेखिँदा त्यस्तो क्षमता विस्तारको लागी अनुमति लिनु पर्ने भन्ने अनिवार्यता रहेको देखिन आउँदैन। साथै विपक्षीको लिखित जवाफमा यो यस कानूनी व्यवस्थाबमोजिम क्षमता विस्तारको लागि अनिवार्यता रहेको भनी कानून व्यवस्था औंल्याएको समेत देखिन आउँदैन। क्षमता विस्तारको अनुमति लिनु पर्ने अवस्थामा पनि कानूनी व्यवस्थाअनुसार अनुमतिको छुट्टै प्रक्रिया कार्यविधि अपनाइनु पर्ने हुँदा उक्त छुट्टै व्यवस्थाको सम्बन्धमा निकासी नै भइसकेको वस्तुबाट फिर्ता पाउने देखिएको औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (प) बमोजिमको भन्सार महसुलसमेत फिर्ता गर्न इन्कार गर्न सकिने देखिने कानूनी आधार देखिन नमिल्ने।

मुलत: पुनरावेदन अदालत पाटनको मिति २०६३।७।२९ को फैसला अन्तिम भैरहेकोले निवेदकको फारामअनुसारको भन्सार महसुलसमेत फिर्ता गर्ने सन्दर्भमा सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरी औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ को खण्ड (प) अनुसार कानूनबमोजिम निवदेकले फिर्ता पाउने नै देखिन आएकोमा अदालतबाट जारी

भएको अन्तिम आदेशबमोजिम आदेशको पालना गरी निवेदकले फिर्ता पाउने देखिएको भन्सार महसुल फिर्ता दिई आदेशको कार्यान्वयन गर्नुपर्नेमा क्षमताभन्दा बढी निकासा गरेको भन्ने आधारमा कानून र अदालतको आदेशविपरीत देखिएको एकद्वार समितिको पूर्ववत् बैठक नं. २२२ को निर्णयको आधारमा फिर्ता पाउने ठहरेको दाबीको भन्सार महसुस फिर्ता दिन इन्कार गरेको मिति २०६५।३।२९ विपक्षी उद्योग विभाग, एकद्वार समितिको २८० औं बैठकको निर्णय तथा तामेली आदेशसमेतका कानूनसम्मत नदेखिँदा उक्त निर्णय तथा कामकारबाही उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । पुनरावेदन अदालतको अन्तिम फैसलाबमोजिम निवेदकले फिर्ता पाउने ठहरेको निकासी परिमाणको आधारमा पाउने भन्सार महसुलसमेतको निवेदकले पाउने रकम सुविधा अविलम्ब फिर्ता दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : हर्कबहादुर क्षेत्री

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७३ साल फाल्गुण ९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की**, ०७०-CR-११३५, लागु औषध खैरो हेरोइन, नेपाल सरकार वि. निर्मल गुरूङ

४ ग्राम हेरोइन लागु औषध बरामदस्थल प्रतिवादी निर्मल गुरूङको घरबाट बरामद भएकोमा सोमध्ये प्रतिवादी निर्मल गुरूङबाट २ ग्राम र १/१ ग्राम साथीहरू सागर मैनाली र दिपेस कुइँकेलबाट बरामद भएको र निर्मल गुरूङले दिएको भन्ने कारणले मात्रै खरिद बिक्री नै गरेको मान्न मिल्दैन । प्रतिवादीहरू सागर मैनाली र दिपेस कुइँकेलबाट बरामद भएको १/१ ग्राम लागु औषध सेवन गरौं भनी निर्मल गुरूङले दिएको भनी निज प्रतिवादीहरू दिपेस कुइँकेलसमेतले मौकाको बयान गरेकोले चिनजानमा रहेका बिच सित्तैमा दिन नसक्ने भन्न पनि युक्तियुक्त नहुने ।

मुलत: प्रतिवादी निर्मल गुरूङले उक्त बरामद लागु औषध सेवन प्रयोजनको लागि आफ्नो साथमा राखेको र चिनजानका अन्य प्रतिवादीहरूलाई पनि सेवन गर्नसम्म दिएकोमा साबित भएको अवस्था र प्रतिवादी निर्मल गुरूङले लागुऔषध बिक्री वितरणको कार्य गरेको भन्ने वादी पक्षबाट तथ्ययुक्त आधार प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा बरामद लागुऔषधको न्युन परिमाणसमेतलाई हेर्दा निज प्रतिवादीले सेवनसम्मको कसुर गरेको पुष्टि हुन आएकोले प्रतिवादी निर्मल गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) अनुसार रू.१०,०००।- जरिवाना हुने र निजलाई अभियोग दाबीबमोजिमको लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (छ) (१) बमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी नपुग्ने ठहराएको सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिन आउने ।

तसर्थ, प्रतिवादी निर्मल गुरूङलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१)(ङ) अनुसार रू.१०,०००।- जरिवाना हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६७।७।१० को फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।१।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल भाद्र १४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री अनिलकुमार सिन्हा**, *०६७-CR-०२८७, जबरजस्ती करणी, रियाज अन्सारी वि. नेपाल सरकार*

कान्तीदेवी मण्डलले मौकामा कागज गर्दा

प्रतिवादीले ज्यान मार्ने धम्की दिई जबरजस्ती करणी गरी उत्तेजित लिङ्ग छिराई योनिमा वीर्य झरेपश्चात् कसैलाई नभन्नु भनी धम्क्याई भागेको र वीर्य मेरो पेटिकोटसमेतमा लागेको भनी कागज गरेकोमा सो पेटिकोट जाँचको लागि केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालामा पठाएकोमा प्राप्त परीक्षण प्रतिवेदनमा exhibit no.1 was stained by human semen. Blood group of exhibit no.1 could not be confirmed. Semen could not be detected on exhibit no.2 भनी पीडितले दाबी गरेबमोजिम पेटिकोटमा लागेको वीर्य प्रतिवादीको हो भन्ने पुष्टि हुन आएको देखिँदैन। विवाहित महिलाको पेटिकोटमा Semen भेटिएको र उक्त Semen प्रतिवादीको blood group समेतसँग मिलेको नदेखिएको अवस्थामा Semen देखिएकै आधारमा मात्र दोषी ठहर गर्न मिल्ने पनि देखिँदैन । साथै सनपाटको झाडी वारीमा वारदात भएको भनिएकोमा बरामद भएको पेटिकोटमा वारदातस्थलसँग मिल्ने माटो हिलोलगायतका वस्तु चिह्नहरू मिलेको भेटिएको भन्ने बरामदी मुचुल्कासमेतबाट नदेखिने।

जिल्ला स्वास्थ्य कार्यालय जनस्वास्थ्य शाखा सुनसरी पीडित कान्तीदेवी मण्डललाई गरेको स्वास्थ्य परीक्षण प्रतिवेदनमा No any external injures seen on any part of body. Female (vaginal) test: spermatozoa not seen. Medically rape is not proved. भन्ने देखिन्छ। अभियोग दाबी तथा जाहेरवालीको किटानी जाहेरीलाई जाहेरवालीको शरीरको बाह्य तथा भित्री परीक्षण एवं वीर्य परिक्षण प्रतिवेदन, घटनास्थल प्रकृति मुचुल्कासमेत वस्तुनिष्ठ प्रमाणहरूले समर्थित गरेको नदेखिएको र अदालतमा उपस्थित भएका प्रतिवादी रियाज अन्सारीले अदालतको बयानमा कसुर अपराधमा इन्कारी रही बयान गरेको अवस्थामा जाहेरी दरखास्त आधारमा मात्र जबरजस्ती करणी जस्तो फौजदारी अपराधमा सजाय गर्नु कानून तथा न्यायसङ्गत नहुने हुँदा कसुर ठहर गरी सजाय गर्न नमिल्ने।

तसर्थ, प्रतिवादी रियाज अन्सारीलाई अभियोग दाबीबमोजिम सजाय गरेको पुनरावेदन अदालत विराटनगरको मिति २०६६।३।१८ को फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादी रियाज अन्सारीलाई कसुर अभियोगबाट सफाइ दिने ठहर्‍याएको सुरू सुनसरी जिल्ला अदालतको मिति २०६४।३।२५ को फैसला मिलेकै देखिँदा सुरू सदर हुने।

इजलास अधिकृत: हर्कबहादुर क्षेत्री
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७३ साल वैशाख १३ गते रोज ४ शुभम्।

**इजलास नं.५**

**१**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७२-CR-१३०७, जबरजस्ती करणी, नेपाल सरकार वि. शुभकलाल मण्डलसमेत*

पीडितालाई प्रतिवादी शुभकलाल र हरिनारायणले जबरजस्ती करणी गरेका हुन् भनी किटानी जाहेरी दिएको भए तापनि जाहेरवालीले अदालतसमक्ष बकपत्र गर्दा, पीडितालाई हरिनारायणले मात्र करणी गरेका हुन्, शुभकलालले करणी गरेका हैनन् भनी लेखाएको पाइन्छ। प्रतिवादी शुभकलाल मण्डल स्वयम्ले पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा र अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइन्छ। जबरजस्ती करणी जस्तो गम्भीर प्रकारको मुद्दामा पीडित आफैँ एक महत्त्वपूर्ण सबुतको रूपमा लिइन्छ किनभने अरू फौजदारी मुद्दामा जस्तो यसमा कुनै प्रत्यक्षदर्शीको कल्पना कानूनले गरेको हुँदैन। यसर्थ पीडिता आफैँले प्रतिवादी शुभकलाल मण्डलले आफूलाई करणी गरेको

होइन भनी अदालतसमक्ष बकपत्र गरिरहेको अवस्थामा निजको सो भनाइलाई अन्यथा मान्नु पर्ने नदेखिँदा प्रतिवादी शुभकलाललाई आरोपित कसुरबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अर्का प्रतिवादी बौवालाल भन्ने हरिनारायण मण्डललाई उमेर पुगेको अवस्थामा हुनसक्ने सजायमा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा ३ वर्ष कैद सजाय हुने ठहर गरी भएको फैसला नमिलेको भन्ने वादी नेपाल सरकारको पुनरावेदन सम्बन्धमा विचार गर्दा, पीडिता स्वयमले आफ्नो बकपत्रमा आफ्नो उमेर १५ वर्ष भनी लेखाएको र अस्पतालको प्रतिवेदनबाट समेत पीडिताको उमेर १५ देखि १६ वर्षसम्मको भन्ने उल्लेख भएको देखिन्छ । वादी पक्षले पीडिताको उमेर यकिन गर्नेखालको कुनै पनि प्रमाण कागजात पेस गर्न नसकेको अवस्थामा पीडिताको बकपत्र र अस्पतालको प्रतिवेदनलाई आधार मान्नु पर्ने हुन्छ । वादी नेपाल सरकारले दाबी गरेबमोजिम निज प्रतिवादी हरिनारायण मण्डललाई जबरजस्ती करणीको महलको ३(१) बमोजिम सजाय गर्नलाई पीडिताको उमेर १० वर्षभन्दा कमको हुनु पर्ने हुन्छ । तर यस मुद्दामा पीडिताको उमेर १५ वर्ष भनी पीडिता आफैँले लेखाएको हुँदा प्रतिवादी हरिनारायण मण्डललाई सोही महलको ३(३) को बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम आधा अर्थात् ३ वर्ष कैद सजाय हुने ठहऱ्याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

प्रतिवादी हरिनारायण मण्डलले पीडितालाई जबरजस्ती करणी गरेको अवस्था छ । यसरी जबरजस्ती करणीको ठहर भइसकेपछि मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम कसुरदारबाट पीडितलाई क्षेतिपूर्ति भराइदिनु पर्नेमा सो सम्बन्धमा पुनरावेदन अदालतको फैसलामा केही उल्लेख भएको पाइएन । यसरी कानूनद्वारा नै क्षतिपूर्ति भराइदिनु पर्ने व्यवस्था रहेकोमा त्यसतर्फ नबोलिएको पुनरावेदन अदालतको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई निज प्रतिवादी हरिनारायण मण्डलबाट पीडिताले रू.२५,०००।– क्षतिपूर्ति भराई पाउने ठहर्छ । अरूमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: हिरा डंगोल
कम्प्युटर: कृष्णमाया खतिवडा
इति संवत् २०७५ साल भदौ ८ गते रोज ६ शुभम् ।

## २

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७५-RC-००९४, कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रदिपकुमार जयसवाल

वारदात समय र मितिमा आफू अन्यत्र रहेको भन्ने कुरा निज प्रतिवादी प्रदिपकुमार जयसवालले ठोस प्रमाणबाट स्थापित गर्न सकेको देखिएन । निज प्रतिवादीको डेराको घरबेटी सीता पौडेलको मौकाको कागज र अदालतमा आई गरेको बकपत्र र बुझिएका मानिस राधा खनालले गरेको मौकाको कागजसमेतबाट निज प्रतिवादीले लिएको (Alibi) को जिकिर खण्डन भइरहेको देखिँदा निज प्रतिवादी प्रदिपकुमार जैसवालले आफू घटनास्थलमा नभएको भनी लिएको (Alibi) को जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादी प्रदिपकुमार जयसवालले आरोपित कसुरबाट उन्मुक्ति पाउनका लागि मात्र वारदात समयमा आफू घटनास्थलमा आफू नभएको भन्ने जिकिर लिएको देखिन्छ । निजको श्रीमती प्रिती जयसवाल छोरीलाई ९.३० बजे स्कुल पुऱ्याई फर्केपछि लगभग एक घण्टाको बिचमा असिनपसिन भई राधा खनालको पसलमा गई गुडका खरिद गरी गएको भन्ने देखिन्छ । घटनास्थल लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतका परिस्थितिजन्य प्रमाणबाट कसुरदारले झुट्ठो बोलेपनि अपराधका सम्बन्धमा खडा भएको मुचुल्का एवम् वस्तुस्थितियुक्त तथ्यबाट सो

वारदात घटाउन अन्य व्यक्तिको संलग्नता नदेखिएको अवस्था हुँदा सो वारदात यी प्रतिवादीले नै घटाएको स्पष्ट हुने।

प्रतिवादी प्रदिपकुमार जयसवालले नै कर्तव्य गरी मारी फरार रहेको हुनु पर्छ भनी घरधनी सिता पौडेलले मौकामा गरेको कागज र अदालतमा आइ गर बकपत्र, प्रतिवादीउपरको किटानी जाहेरी, घटनास्थल लास जाँच प्रकृति मुचुल्का र पोष्टमार्टम रिपोर्टसमेतबाट मृतक प्रितीकुमारी जयसवालको मृत्यु निज प्रतिवादी प्रदिपकुमार जयसवालको कर्तव्यबाट भएको देखिँदा निज प्रतिवादी प्रदीपकुमार जयसवाललाई आरोपित कसुरबाट सफाई दिने गरी भएको सुरू फैसला उल्टी गरी अभियोग मागदाबीबमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरी उच्च अदालत तलसीपुरबाट मिति २०७४।९।१७ मा भएको फैसला मनासिब नै देखिने।

तसर्थ प्रतिवादी प्रदिपकुमार जयसवालले वारदातको मिति समयमा आफू अन्यत्र रहेको भनी अनुसन्धान तथा अदालतमा बयान गर्दा लिएको Alibi को जिकिर, मौकामा कागज गर्ने राधा खनाल र ध्रुव पौडेलसमेतको कागज र सीता पौडेलको मौकाको कागज र अदालतमा आई गरेको बकपत्रबाट खण्डित भएको अवस्था, घटनास्थल एवम् लास जाँच प्रकृति मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतका परिस्थितिजन्य प्रमाणबाट मृतक प्रितीकुमारी जयसवालको मृत्यु यी प्रतिवादी प्रदिपकुमार जयसवालको कर्तव्यबाट भएको पुष्टि हुन आएको स्थितिमा निज प्रतिवादीलाई आरोपित कसुरवाट सफाइ दिने गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७२।८।२१ मा भएको फैसला उल्टी भई प्रतिवादी प्रदिपकुमार जयसवाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३ (३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।९।१७ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७५ साल फाल्गुण ८ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७५-WO-०३५०, उत्प्रेषण / परमादेश, देवनारायण महर्जन वि. ललितपुर जिल्ला अदालतसमेत*

कि.नं.६२ को जग्गा झुक्याई बिक्री गरेको भनी प्रथमकुमार बज्राचार्यसमेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी देवनारायण महर्जन भई काठमाडौं जिल्ला अदालतमा चलेको ०७४-CR-००६६ नं.को ठगीमा मुद्दामा यी निवेदक प्रतिवादी देवनारायण महर्जनलाई एक वर्ष कैद र एकसट्ठी लाख नब्बे हजार एक सय पचास रूपैयाँ जरिवाना हुने ठहऱ्याई काठमाडौं जिल्ला अदालतबाट मिति २०७५।९।१२ मा फैसला भइसकेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ। यसरी मुद्दाको मूल विषय नै कानूनबमोजिम किनारा लागिसकेको अवस्थामा सो ठगी मुद्दामा बेरितपूर्वक भएको थुनछेक आदेश बदर गरी धरौटी वा साधारण तारेखमा राखी मुद्दा पुर्पक्ष गरिपाउँ भन्ने विषयको औचित्य नै समाप्त भइसकेको देखिने।

अत: साधारण अधिकार क्षेत्रअन्तर्गत रही दर्ता भएको ठगी मुद्दामा प्रतिवादीलाई मुद्दा पुर्पक्षको लागि थुनामा राख्न पठाउनु भनी भएको थुनछेक आदेशलगायतको काम कारबाही कानूनसम्मत भएन भनी यी निवेदकले प्रश्न उठाएकोमा उक्त थुनछेक आदेश उच्च अदालतबाट परीक्षण हुँदासमेत कानूनसम्मत नै देखी सदर गरिसकेको पाइन्छ। यसरी यी निवेदकउपर झुक्याई जग्गा बिक्री गरेको भन्ने प्रस्तुत विवादको जरियाबाट चलेको ठगी मुद्दामा यी रिट निवेदक कसुरदार ठहर भइसकेको अवस्था हुँदा

सो ठगी मुद्दामा भएको थुनछेक आदेश र सो आदेशलाई सदर गर्ने गरी उच्च अदालतबाट भएको आदेशसमेत बदर गरिपाउँ भनी परेको रिट निवेदनको औचित्य नै समाप्त भइसकेको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : रामचन्द्र खड्का
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७५ साल फागुन ८ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री पुरुषोत्तम भण्डारी,** *०७२-CR-०७००, सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. रामप्रवोध यादव*

प्रतिवादीहरूले जम्मा रू.७,२७,९१६।- निकासा गराई रू.६,४१,९००।- हिनामिना गरी नेपाल सरकारलाई हानि नोक्सानी पुऱ्याएको भन्ने दाबीतर्फ हेर्दा, उक्त रकम बेरूजु भएको रकम दाखिला गर्नु भनी जिल्ला शिक्षा कार्यालय महोत्तरीबाट च.नं.१६२८ मिति २०७१।१०।०५ मा सरस्वती प्राथमिक विद्यालय, सम्सीलाई पत्र लेखी पठाएको देखिन्छ । सोपश्चात् उक्त विद्यालयका प्रधानाध्यापक राम प्रवोध यादवले मिति २०७२।४।१५ मा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय जलेश्वरमा जिल्ला शिक्षा कार्यालय महोत्तरीको नाममा बेरूजु रकम रू.६,४१,९००।- दाखिला गरेको भन्ने भौचरबाट देखिने।

भ्रष्टाचारको कसुर कायम हुन निकासा रकम खर्च गर्ने वा निकासा लिनेले निकासा लिँदा, दिँदा वा खर्च गर्दा सरकारलाई हानि नोक्सानी गर्ने मनसायबाट आफूले त्यसबाट केही लिनु खानु गर्ने नियत वा मनसाय राखेर निकासा लिए दिएको वा खर्च अपारदर्शी रूपमा गरी त्यसबाट आफूसमेतले केही लिनुखानु गरी आर्थिक लाभ लिने उद्देश्य लिएको वा लिने खाने बदनियत राखेको पुष्टि हुनु पर्दछ। प्रस्तुत मुद्दामा यी प्रतिवादीहरूले गरेको खर्च बदनियतपूर्वक र आफू वा अरू कसैलाई लाभ प्राप्त भएको अवस्था रहेको नदेखिने।

प्रत्यर्थी प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सजाय गरिपाउँ भनी अभियोग मागदाबी लिएको पाइन्छ । उक्त दफामा ***कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सोसम्बन्धी कर्तव्य पालना गर्दा नेपाल सरकार र सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही गरी वा हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगाएमा*** **... भन्ने कानूनी व्यवस्था भएको देखिन्छ।** प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादीहरूले बेरूजु रकम जिल्ला शिक्षा कार्यालय महोत्तरीको पत्रानुसार जिल्ला शिक्षा कार्यालयको नाममा दाखिला गरी बेरूजुसमेत फछ्यौट गरिसकेको अवस्थामा प्रतिवादीहरूले बदनियतसाथ उक्त निकासा रकम हिनामिना वा दुरुपयोग गरेको भन्न मिल्ने अवस्था नरहने।

प्रस्तुत मुद्दामा एकतर्फ भ्रष्टाचार भएको भनिएको दाबीको रकम रू. ६,४१,९००।- सरकारको एउटा निकाय जिल्ला शिक्षा कार्यालयले बेरूजु भनी राजस्व खातामा जम्मा गर्न लगाउने अर्कातिर अनुसन्धान गर्ने सरकारी निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोगले प्रत्यर्थी प्रतिवादीहरू विद्यालय व्यवस्थापन समितिको अध्यक्ष किशोरी यादव, प्रधानाध्यापक रामप्रवोध यादव र स्रोत व्यक्ति दिनेशकुमार यादवले बदनियत चिताई अनुदान स्वरूप पाएको उक्त बिगो मासे खाए भनी निजहरूलाई भ्रष्टाचार मुद्दा चलाएको विरोधाभाषपूर्ण रही कानून र न्यायसङ्गतसमेत मान्न नसकिने।

उल्लिखित तथ्य कानूनी व्यवस्था एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतको आधारबाट प्रतिवादीहरूले बेरूजु रकम जिल्ला शिक्षा कार्यालय महोत्तरीको नाममा दाखिला गरिसकेको

अवस्थामा विशेष अदालत काठमाडौंबाट भएको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अत जिल्ला शिक्षा कार्यालयबाट सरस्वती प्राथमिक विद्यालय सम्सीको नाममा निकासा भएको रकम बेरूजु मानी फछ्र्यौटसमेत भइसकेको देखिँदा प्रतिवादीहरू राम प्रवोध यादव, किशोरी यादव र दिनेशकुमार यादवसमेतले सफाइ पाउने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७२।०४।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७६ साल पुस २९ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७५-WH-०१०७, बन्दीप्रत्यक्षीकरण, रामकुमार अधिकारीसमेत वि. गृह मन्त्रालयसमेत*

कानूनले तोकेको विधि र प्रक्रिया पूरा नगरी विना आधार, कारण कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता हनन् गर्ने अधिकार संविधान र कानूनले कसैलाई प्रदान गरेको छैन । प्रस्तुत सन्दर्भमा यी निवेदकहरूउपर लागेको अभियोग एकातिर निजलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने प्रकृतिको देखिएको छैन भने अर्कोतिर उचित एवं पर्याप्त आधार र कारण विना नै निजको हकमा पटकपटक म्याद थप गर्ने गरी भएका विपक्षीहरू कार्यहरू कानूनतः अपरिपक्व देखिएको छ। निवेदकहरू बन्दीले प्रहरी कर्मचारीलाई अभद्र व्यवहार, गाली गलौज गरेकोले अभद्र व्यवहार गर्न नहुने कसुरमा अनुसन्धानको क्रममा निजहरूलाई थुनामा राखेको भन्ने विपक्षीहरूको जिकिर रहेको देखिए तापनि यी निवेदकहरूउपरको उक्त अभियोग निवेदकहरूलाई थुनामा नै राखी अनुसन्धान गर्ने प्रकृतिको भएको भन्ने वस्तुनिष्ठ आधारहरूबाट देखिन आएको छैन। महत्त्वपूर्ण कुरा त निवेदकहरू पक्षबाट राजनैतिक कारण वा वैचारिक आस्थाका आधारमा निवेदकहरूलाई पक्राउ गरी थुनामा राखिएको भन्ने निवेदन जिकिर प्रत्यर्थीहरूको तर्फबाट स्पष्टरूपमा खण्डन हुन सकेको स्थिति पनि देखिएको छैन । यसरी नेपालको संविधानले कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित नगरिने भनी वैयक्तिक स्वन्त्रताको संवैधानिक संरक्षण गरेको र अनुसन्धान तहकिकातको क्रममा थुनामा रहेका भनिएका निज निवेदकहरूलाई थुनामा राख्नुपर्ने स्पष्ट आधार कारणसमेत प्रत्यर्थीबाट पेस हुन नसकेको स्थिति, प्रत्यर्थीहरूको लिखित जवाफ र मिसिल संलग्न अन्य कागज प्रमाणहरू हेर्दा ऐन तथा नियमहरूको पालना गरी निज निवेदक बन्दीहरूउपर थुनामा नै राखी अनुसन्धान गर्ने प्रकृतिको मुद्दा चलाइएको भन्ने नदेखिँदा विपक्षीहरूको कार्यबाट निवेदकहरूको संविधानप्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक, स्वतन्त्रता एवं समानताको हकलगायतका हकमा आघात नपरेको भन्न मान्न नमिल्ने।

अतः वस्तुनिष्ठ आधार र कारणविना निवेदकहरूलाई पक्राउ गर्ने र अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य न्यायिक दृष्टिकोणबाट समेत औचित्यपूर्ण नदेखिएको र निवेदकहरूलाई थुनामा राख्ने विपक्षीहरूको कार्य कानूनबमोजिमको नदेखिँदा निवेदन मागबमोजिम विपक्षीहरूको नाममा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७५ साल चैत्र ७ गते रोज ५ शुभम्।

- यसमा समान प्रकृतिको ०७५-WH-०१०६, बन्दीप्रत्यक्षीकरण, होमनाथ तिमिल्सिना वि. गृह मन्त्रालय भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७२-CI-०२९५, अंश, बुद्धिदेवी*

*रानाभाट वि. बाबुराम रानाभाट*

विवादित कि.नं. ८३२ र ४०५ का जग्गाहरू वादी प्रतिवादीहरू एकासगोलमा नै रहे बसेको अवस्थामा पुनरावेदकका पति मानबहादुरका नाममा हालैको बकसपत्रको लिखतको माध्यमबाट हक हस्तान्तरण भएको देखिन्छ । उक्त जग्गाहरू बन्डा लाग्ने सम्पत्ति हो भन्ने प्रतिवादी द्रुपद रानाभाटको प्रतिउत्तर जिकिर रहेको पाइन्छ । प्रतिवादी द्रुपद रानाभाटका साक्षी रूद्रप्रसाद पौडेलले अदालतसमक्ष गरेको बकपत्रमा वादी प्रतिवादीहरू मेरो मावली हुनुहुन्छ, उहाँहरूको घर र मेरो घर नजिकै छ, उक्त जग्गाहरू बकसपत्रबाट पास गरिए पनि रूपैयाँ तिरी (सगोल ऋण गरी) लिएका हुन्, सो ऋण ४ भाइले बराबर तिरेका छन्, सोबेला मामा द्रुपदका घरमा सप्ताह थियो, सप्ताह सकेलगत्तै मामा भाइहरूले मसँग समेत सल्लाह गरी ऋण खोजी जेठा छोरा मानबहादुरको नाममा बकसपत्रद्वारा लिइएको भनी लेखाएको पाइन्छ । प्रतिवादी इन्द्रराज रानाभाटसमेतका साक्षी देवबहादुर पतानीले अदालतसमक्ष गरेको बकपत्रमा उक्त जग्गा पास गर्दा बकसपत्रबाट पास गरिए पनि रूपैयाँ पैसा लेनदेन भई पास भएको हो, रोपनीको १० हजारका दरमा जग्गा लिएका हुन, ऋण मैले खोजिदिएको र सो ऋण तिनै ४ भाइ छुट्टिँदा बराबर तिरेका हुँदा उक्त जग्गा एकलौटी होइन भन्ने बेहोरा लेखाएको पाइन्छ । पुनरावेदक प्रतिवादीका पति मानबहादुर जीवित छँदा अर्थात् अंश मुद्दा पर्नु अघिसम्म पनि सम्पूर्ण परिवारले उक्त कि.नं. ८३२ र ४०५ को जग्गाहरू सगोलमा भोग गर्दै आएका तर मुद्दा परेपछि सो जग्गा बाँझो रहेको भन्ने पुनरावेदककै साक्षी तुलसीप्रसादको बकपत्रबाट समेतबाट देखिन्छ । निजले बुद्धिदेवीका पति मानबहादुर इन्डिया पुलिसमा जागिर गर्थे निजले सो जग्गा प्राप्त गर्दा के कति रूपैयाँमा खरिद गर्नुभयो घरमा के कति रूपैयाँ दिनुभयो सो सम्बन्धमा मलाई केही थाहा छैन भनी बकपत्र गरेको देखियो । यसरी यी पुनरावेदककै साक्षीको बकपत्रसमेतबाट पनि विवादित जग्गा सगोलकै रहेको भन्ने देखिने ।

मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. ले हालैको बकसपत्रबाट प्राप्त सम्पत्ति निजी ठहरी आफूखुसी गर्न पाउँछ । बन्डा गर्न कर लाग्दैन भन्ने व्यवस्था गरेको पाइए तापनि हालैको बकसपत्र गर्दाको परिस्थिति अवस्थासमेतलाई विचार गरी अदालतले न्याय निरूपण गर्नु पर्ने हुन्छ । विवादित सम्पत्ति यी पुनरावेदकले आफैँले बकसपत्रबाट प्राप्त गरेको नभई निजको पतिले हालैको बकसपत्रको लिखतबाट प्राप्त गरेको देखिन्छ । सो जग्गाको दाताहरूसँग नजिकको नाता सम्बन्ध रहेको भन्ने प्रमाण पुनरावेदकले पेस गर्न सकेको पाइँदैन । बकसपत्र दिने दाताहरू र बकसपत्र लिने मानबहादुरको वतन र गा.वि.स.समेत फरक रहेको लिखतबाट देखिन्छ । यसरी फरकफरक वतन र गा.वि.स. भएका व्यक्तिहरूसँग मानबहादुरको नाता र निज दाताहरूलाई मानबहादुरले के कस्तो सेवा प्रदान गरी रिझाएको हुनाले सोबापत उक्त जग्गाहरू प्राप्त भएको भन्ने स्पष्ट प्रमाण मिसिल सामेल रहेको पाइएन । यसरी विवादित जग्गा निजी आर्जनको भन्ने विश्वसनीय प्रमाण रहेको देखिन नआएकोले यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा ग्रहण गरिएका आधारसँग समेत सहमत हुन नसकिने ।

विवादित कि.नं. ८३२ र ४०५ का जग्गाहरू निजी आर्जनको भन्ने पुष्टि हुन नसकेको अवस्थामा जुनसुकै अंशियारको नाममा भएपनि सगोलकै भनी अदालतबाट अनुमान गर्नु स्वभाविक नै हुन आउँछ । अतः निजी आर्जन भनेर दाबी लिने मात्र नभई निजी आर्नजबाट प्राप्त भनेर शंकारहित तवरले पुष्टि गराउन पनि सक्नु पर्छ । त्यसरी पुष्टि गराउन नसकेको अवस्थामा सगोलकै सम्पत्ति मानिने र सबै अंसियारलाई भाग लाग्ने हुन्छ । यस स्थितिमा पुनरावेदन अदालतबाट विवादित जग्गासमेत बन्डा लाग्ने ठहऱ्याएको फैसला अन्यथा देखिने ।

तसर्थ, माथि विवेचित वादी प्रतिवादीका साक्षीहरूको बकपत्र, मिसिल संलग्न कागज प्रमाण, सम्बन्धित कानूनी व्यवस्था, यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तसमेतको आधार प्रमाणबाट पुनरावेदक प्रतिवादी बुद्धिदेवी रानाभाटको नाउँमा दर्ता रहेको कि.नं.८३२ र ४०५ को जग्गा निजी आर्जनको देखिन नआएकोले उक्त जग्गाहरूसमेत बन्डा लाग्ने गरी सुरू कास्की जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पोखराको तेस्रो न्यायाधीशको इजलासबाट संयुक्त इजलासका माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठको रायलाई समर्थन गरी मिति २०७०।११।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : हिरा डंगोल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७५ साल असार ३१ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७३-CR-१४६५, ०७५-CR-०१३७, कर्तव्य ज्यान, कान्छा श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. मिना थापा श्रेष्ठ*

प्रस्तुत वारदातमा मृतक मिनबहादुर लोप्चनको मृत्यु हुनुको मुख्य कारण यिनै प्रतिवादीले लट्ठीसमेतले प्रहार गरी घाइते बनाएको कारण हो भन्ने कुरामा विवाद देखिँदैन । यसरी कुटपिट गरेको कार्य एउटा कामको लागि भनी सावधानीसँग हातहतियार उठाएकोमा केही बेहोराले अरूलाई लाग्न गई भवितव्य परेको हो भन्ने अवस्था रहँदैन । होस नपुऱ्याई वा हेलचेक्र्याइँ गरी कुनै काम गर्दा भवितव्य परेको भन्ने तर्क पनि यी प्रतिवादीले मृतकप्रति गरेको कुटपिटको कार्यबाट स्थापित हुन नआएको अवस्थामा आफ्नी श्रीमतीउपर अवाञ्छित व्यवहार गर्दै गरेको देखी आवेशमा आई सख्त घाइते हुने गरी प्रतिवादीले गरेको प्रहारलाई प्रतिवादीले जिकिर लिएजस्तो भवितव्य मान्न सक्ने नदेखिने।

अदालत तथा अनुसन्धानको क्रममा भएको प्रतिवादीको बयान, मृतकको शव परीक्षण प्रतिवेदन, जाहेरी बेहोरा तथा जाहेरवालीको अदालतको बकपत्रसमेतबाट मृतक मिनबहादुर लोप्चनको मृत्यु प्रतिवादीको कुटाईबाटै भएको कुरामा विवाद रहेन । मृतकलाई मार्ने मनसाय पनि थिएन र यसअनुसारको योजना गरेको पनि होइन भनी प्रतिवादी कान्छा श्रेष्ठको पुनरावेदन जिकिर रहे पनि मार्ने मनसाय भए नभएको भन्ने कुरा उसको क्रियाबाट हेरिनु पर्ने हुन्छ । लौरोले पिट्दा जोसुकैको ज्यान जान सक्छ भन्ने कुरा जोसुकैले पनि अनुमान गर्नुपर्ने विषय हो । प्रतिवादी कान्छा श्रेष्ठले मृतकमाथि अन्जानवश बल प्रयोग गरेको नभई जानाजान बल प्रयोग गरेर कुटपिट गरेको देखिएको छ। यसरी एउटा व्यक्तिको ज्यान जान सक्ने गरी कर्तव्य गरेको र सोही कारणबाट ज्यानसमेत गएको अवस्थामा मनसाय नरहेको भन्ने आधार पुष्टि हुन नसक्ने र निजले पुनरावेदनमा प्रस्तुत वारदात भवितव्यमा परिणत हुनुपर्छ भनी जिकिर लिए पनि घटनास्थल प्रकृति मुचुल्का, घटनाको प्रकृति, शव परीक्षण प्रतिवेदनसमेतका आधारमा निजले जिकिर लिएजस्तो प्रस्तुत वारदातलाई भवितव्यअन्तर्गतको कसुर मान्न मिल्ने नदेखिने।

अत: माथि विवेचित तथ्य एवं प्रमाणसमेतबाट प्रतिवादी मीना थापा श्रेष्ठले आरोपित कसुरबाट सफाइ पाउने तथा अर्का प्रतिवादी कान्छा श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहराई पुनरावेदन अदालत पाटनबाट मिति २०७३।२।३२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी कान्छा श्रेष्ठ र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

प्रस्तुत मुद्दामा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम व्यक्त भएको रायका सम्बन्धमा हेर्दा रातको

करिब २१.०० बजेको समयमा म बाहिरबाट घर फर्की आउँदा मेरी श्रीमती आफ्नै कोठामा एक्लै सुतिरहेकी, निज सुतेको स्थानमा मिनबहादुर लोप्चनले निज श्रीमतीले लगाएको लुङ्गी माथितिर तानिरहेको देखी यो के गरेको ? भनी कराउँदा निजले मेरी श्रीमतीलाई अँगालो मारेर सुत्न खोजे, त्यसपछि मलाई रिस उठी सोही कोठामा भएको लट्ठीसमेतले मिनबहादुर लोप्चनलाई हानेको हुँ भनी प्रतिवादी कान्छा श्रेष्ठले बयान गरेको देखिन्छ । प्रतिवादी मीना थापा श्रेष्ठले गरेको बयान तथा घटनास्थल प्रकृति मुचुल्कासमेतले यसलाई समर्थन गरेको छ । वारदात गराउनका निम्ति यी प्रतिवादीले कुनै पूर्वयोजना गरेको वा रिसइवी लिएको देखिँदैन भने यसका निम्ति कसैको सहयोग लिएको वा हतियारको जोहो गरेको अवस्था पनि छैन । रातको समयमा आफ्नी श्रीमतीमात्रै एक्लै सुतिरहेको स्थानमा आई अर्धनग्न अवस्थामा रहेर निजको इज्जत लुट्न तम्तयार रहेका मिनबहादुर लोप्चनलाई प्रतिवादी कान्छा श्रेष्ठले तत्काल उठेको रिसका कारण सोही कोठामा भएको लट्ठी तथा हँसियाले प्रहार गरी घाइते बनाएको कुरा प्राप्त प्रमाणबाट देखिएको छ । वारदातपश्चात् घाइते अवस्थाका लोप्चन टिसर्ट र पाइन्ट बोकी तत्कालै घरबाहिर भागी गएको भन्ने प्रतिवादीको बयान रहेकोमा अन्यत्रबाट यसको खण्डन हुनसकेको छैन । निज घाइते भई भागी गएपछि प्रतिवादीले निजलाई लखेटेर थप आक्रमण गरेको वा मरणासन्न अवस्थामा पुऱ्याएको पनि देखिँदैन । यसबाट घाइते भइसकेको अवस्थामा अत्यधिक रक्तश्रावका कारण मिनबहादुर लोप्चनको मृत्यु भएको भन्ने मिसिल संलग्न तथ्य एवं प्रमाणबाट देखिन आउने ।

यसरी आफ्नै आँखा अगाडि आफ्नी श्रीमतीको इज्जत लुटिन लागेको अवस्थाबाट बचाउनु यी प्रतिवादी कान्छा श्रेष्ठको कर्तव्य रहेको र उक्त वारदातका निम्ति उत्तेजित बनाउने कार्य यिनै मृतक मिनबहादुर लोप्चनबाटै भएको कुरा स्थापित हुन आएको अवस्थामा अभियोग दाबीबमोजिम प्रतिवादी कान्छा श्रेष्ठलाई सजाय गर्दा चर्को पर्ने देखिएकाले अ.बं.१८८ नं. बमोजिम निज प्रतिवादीलाई कैद वर्ष ५ (पाँच) हुन उपयुक्त देखिएको भनी पुनरावेदन अदालत पाटनबाट व्यक्त भइआएको रायसमेत मनासिबै देखिएकोले सदर हुने ।

इजलास अधिकृत: सुभाषचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल फाल्गुण २८ गते रोज ३ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-CR-१०३८, १११९, लागु औषध हेरोइन, देवेन्द्र कुमार चाई वि. नेपाल सरकार, फौवाज आलम खान वि. नेपाल सरकार*

लागु औषध हिलोगिलो भएकाले दशमलव २३० ग्राम कम पनि हुन सक्ने र ऐनको दफा १४(१)(छ)(१) बमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदन जिकिर र पुनरावेदकतर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताले समेत सोही बहस प्रस्तुत गर्नुभएको छ । सो सन्दर्भमा हेर्दा कागजरहित रूपमा लागु औषधको परिमाण २५.२३० ग्राम भएको अवस्थामा दशमलव २३० ग्राम कम हुने भन्नु केवल अनुमानको विषय हुन जान्छ । तौलबाट २५.२३० ग्राम बरामद भने पछि २५ ग्रामभन्दा कम भएको भनी ऐनको दफा १४(१)(छ)(१) बमोजिम सजाय हुनुपर्छ भन्न मिल्दैन । ३ बढी बरामद भएकोमा कम बरामद भएको भन्न सकिने कुनै आधार वा मापदण्ड पनि नहुँदा पुनरावेदन जिकिर र पुनरावेदकतर्फका विद्वान् वरिष्ठ अधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

जहाँसम्म सेवनको कसुर कायम हुनु पर्ने भन्ने प्रतिवादी पक्षको पुनरावेदन जिकिर छ सो सम्बन्धमा हेर्दा लागु औषध हेरोइन २५.२३० ग्राम बरामद भएको छ । बरामदित लागु औषध कडा प्रकृतिको छ । यति ठूलो परिमाणमा बरामद लागु औषध सेवनको प्रयोजनका

लागिसम्म मात्र हो भन्न मिल्दैन । निजहरूले यसअघि पनि पटकपटक लागु औषध सेवनसमेतको कसुर गरेको देखिएको छ । यस्तो अवस्थामा पुनरावेदकको सो जिकिर स्वीकारयोग्य देखिएन । तसर्थ, पुनरावेदन अदालत बुटवलबाट जिल्ला अदालतको फैसला सदर गरेको मिति २०७१।९।७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : तिलक कार्की

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७६ साल आषाढ २ गते रोज २ शुभम् ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-CR-१४७९, १५४४, मानव बेचबिखन तथा ओसारपसार, उत्तम वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. उत्तम वि.क.*

प्रतिवादीले कसुर गरेको कुरालाई अदालतमा स्वीकार नगरे तापनि विवाह गरेर आफ्नो घर भारततर्फ लैजाँदै गर्दा नेपाल भारत सीमानामा रहेको साना हातहरू नेपाल नामक संस्थाले फेला पारी फर्काएको कुरा भने स्वीकारेकै पाइन्छ । पीडितकी आमा तथा जाहेरवाली परिवर्तित नाम खजुरा “A” ले नाबालिका छोरीलाई बेचबिखन गर्ने उद्धेश्यले भारततर्फ लगेको भनी प्रतिवादीउपर किटानी जाहेरी दिएकी र उक्त किटानी जाहेरीलाई जाहेरवालीले समर्थन गरी अदालतमा बकपत्रसमेत गरिदिएको देखिन्छ । पीडित परिवर्तित नाम खजुरा “D” ले पनि प्रमाणित बयान तथा अदालतमा बकपत्र गर्दा निज प्रतिवादीको आन्टीको छोरी र म साथी रहेको र प्रतिवादीले आफूलाई विवाह गरी सुख साथ राख्छु भनी भारततर्फ लैजाँदै गरेको भने तापनि जब उसले बाटोमा कसैले ऊ को हो ? भनी सोधेमा ठूलो ममीको छोरा दाई पर्छ भन्नु भनी बकपत्र गरेकी छन् । पीडितको उक्त कथनबाट पनि प्रतिवादीको नियत सफा, शुद्ध र विश्वसनीय देखिन आएन । त्यसैगरी उक्त बकपत्रमा सीमानामा हामीलाई साना हातहरू नेपाल नामक संस्थाले रोकी सोधपुछ गर्दा प्रतिवादीले आफ्नो नामसमेत ढाँटेको भनी लेखाएबाट पनि निज प्रतिवादीले पीडितलाई असल नियत राखी उसले विवाह गरेर लिएर गएको अनुमान लगाउन सकिन्न किनकी विवाह जस्तो पवित्र बन्धनमा बाँधीनका लागि पीडितलाई आफ्नो घर भारततर्फ लैजाँदै गरेको भन्ने जिकिर लिने प्रतिवादीले आफ्नी श्रीमतिलाई बाटामा कसैले को पर्छ भनी सोध्यो भने ठूलो ममीको छोरा दाई पर्छ भनी भन्ने अवस्था नरहने ।

घटना विवरणकी रेउमायाले निज प्रतिवादीको व्यवहार हेर्दा निजले बिक्री गर्ने उद्धेश्यले लगेको भनी मौकाको आफ्नो बेहोरालाई समर्थन गर्ने गरी अदालतमा गरेको बकपत्रसमेत प्रतिवादी विरूद्ध प्रमाणमा लाग्ने नै देखिन आउँछ । पीडितलाई लैजान लागेको कुरा स्वयं प्रतिवादीले अदालतमा समेत स्वीकार गरेका, पीडितको उमेर नाबालिका भन्ने देखिन आएको, नाबालिकालाई निजको घरपरिवार कसैलाई थाहा नदिई विहे गर्छु भनी ललाई फकाई लिएर गएको, साना हातहरू नेपाल नामक संस्थाले नेपाल भारत सीमानामा सोधपुछ गर्दा आफ्नो नाम चेतनारायण भनी ढाँटेको, पीडितलाई पनि बाटामा कसैले ऊ को पर्छ भनी सोधेमा ठूलो ममीको छोरा दाई पर्छ भन्नु भनी बताएको लगायतका सम्पूर्ण क्रियाकलापबाट निज प्रतिवादीले गलत नियतले पीडितलाई विवाह गर्छु भनेर लिएर गएको भन्ने कुरालाई नै पुष्टि गर्ने ।

प्रतिवादीले पीडितलाई लैजाँदै गर्दा नेपाली सीमानामा नै पक्राउ परेकाले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) आकर्षित हुने भनी सुरूको फैसलामा केही उल्टी गरेको फैसला त्रुटिपूर्ण भएकाले उक्त फैसला उल्टी गरी सुरू अदालतको फैसला सदर गरिपाउँ भनी लिएको जिकिरका सम्बन्धमा प्रतिवादी उत्तम वि.क.ले पीडितलाई विदेशी भूमिमा पुर्‍याउन नपाएको अवस्थामा नै सीमामा कार्यरत साना हातहरू नेपाल

नामक संस्थाबाट पक्राउ परेको मिसिल संलग्न तथ्य एवं प्रमाणहरूबाट देखिएकाले पुनरावेदन अदालत नेपालगन्जले केही उल्टी गरी गरेको फैसलालाई अन्यथा मान्न नसकिने।

अतः प्रतिवादीबाट मनसायपूर्ण रूपमा गरिएको कार्य कानूनविपरीत भएकोमा द्विविधा छैन र सो सम्बन्धमा प्रतिवादी उत्तम वि.क.ले पीडित नावालिका परिवर्तित नाम खजुरा "D" लाई ललाई फकाई विवाहको प्रलोभन देखाई घर परिवार आमासमेतलाई जानकारी नगराई बेचबिखन गर्न भारत लैजाँदै गर्दा नेपाल भारत सीमानामा पक्राउ परेकाले अभियोग माग दाबीबमोजिम सुरू बाँके जिल्ला अदालतले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम गरेको फैसलालाई पुनरावेदन अदालत नेपालगन्जले मिति २०७१।१०।४ मा केही उल्टी गरी ऐ. ऐनको दफा १५(१)(ङ)(२) बमोजिम १२ (बाह्र) वर्ष कैद, रू. १,००,०००।- (एक लाख रूपैयाँ) जरिवाना र ऐ. ऐनको दफा १७ बमोजिम रू.५०,०००।- (पचास हजार रूपैयाँ) पीडितलाई क्षतिपूर्ति भराई दिने गरी गरेको केही उल्टी फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तिलक कार्की
कम्प्युटर : कृष्णमाया खतिवडा
इति संवत् २०७६ साल आषाढ २ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-WH-०१५५, बन्दीप्रत्यक्षीकरण, महेश डंगोल वि. गृह मन्त्रालय सिंहदरबारसमेत*

वस्तुतः रिट निवेदक रूद्रप्रसाद घिमिरेउपर मुलुकी अपराध संहिता, २०७४ को दफा ११८ बमोजिम अभद्र व्यवहारको कसुर गरेको भन्ने विपक्षीहरूको जिकिर छ सो सम्बन्धमा हेर्दा, निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरूले इजलाससमक्ष देखाएको श्रव्य दृश्य (भिडियो क्लिप) मा मेरो देश प्राणभन्दा प्यारो छ, उजिर सिं जिन्दावाद, वीरको ठाँउमा वीर आएको छ भनी कालो झन्डा देखाएको दृश्य देखिएको छ। निजको साथमा हातहतियार राखेको वा विष्फोटक पदार्थ भेटिएको र हुलदङ्गा (violation) गरेको देखिएको छैन। मानिसहरू भेलाजम्मा गराई डर त्रास देखाई आतङ्कित बनाएको तथा शान्ति सुरक्षामा खलल पार्ने कार्य गरेको भन्ने नदेखिने।

प्रस्तुत मुद्दामा निवेदक रूद्रप्रसाद घिमिरेले संविधानद्वारा प्रदत्त स्वतन्त्रताको हक प्रयोग गरी शान्तिपूर्णरूपमा विरोध जनाएको देखिएको र निजलाई दिइएको पक्राउ पुर्जी एवं थुनुवा पुर्जीमा पक्राउ गर्नुपर्ने आधार र कारण खुलाई पक्राउ पुर्जी दिएको र म्याद थप गर्ने अधिकारीले म्याद थप गर्नुको मनासिब आधार, कारण खुलाएको मिसिल प्रमाणबाट देखिँदैन। यस सन्दर्भमा यी निवेदकलाई थुनामा नै राखी अनुसन्धान गर्नुपर्ने उचित एवं प्रयाप्त आधार र कारण उल्लेख नगरी भएको म्याद थपसम्बन्धी कार्यहरू कानूनतः अपरिपक्व देखिएको एवं निवेदकउपर लगाइएको अभियोग पुष्टी हुने वस्तुनिष्ठ आधार विपक्षीहरूले पेस गर्न नसकेको अवस्थामा यी निवेदकउपरको थुनालाई कानूनसम्मत मान्न नमिल्ने।

अतः वस्तुनिष्ठ आधार र कारण विना निवेदकलाई पक्राउ गरी अनुसन्धानको क्रममा भनी थुनामा राख्ने कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ विपरीत हुने गरी प्रवृत्त भावनाबाट कानूनको उचित कार्यविधिको पालना नगरी म्याद थप गरी हिरासतमा राखेको कार्य न्यायिक दृष्टिकोणबाट औचित्यपूर्ण नदेखिएकोले निवेदक रूद्रप्रसाद घिमिरेको हकमा निवेदन मागबमोजिम सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ (क) र (ख) बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी

हुने।

इजलास अधिकृत : चिन्तामणी शर्मा

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७६ साल वैशाख १७ गते रोज ३ शुभम्।

## इजलास नं.६

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७४-CR-०५३८, भ्रष्टाचार (रिसवत / घुस), उमेशकुमार यादव वि. नेपाल सरकार*

प्रतिवादी उमेशकुमार यादव नेपाल विद्युत् प्राधिकरण चन्द्रनिगाहापुर प्रशाखामा सुपरभाइजर पदमा कार्यरत रहेको भन्ने देखिएको छ । निजले निवेदक बैजु साह रौनियारले सञ्चालन गर्न लागेको राहुल राइस मिलमा विद्युत् जडान गर्नको लागि ट्रान्सफरमरसमेत खरिद गरी विद्युत् जडान गर्न निवेदन दिएकोमा सो कार्य गरिदिने भनी पुनरावेदक प्रतिवादी उमेशकुमार यादवले रू.१,५०,०००।- लिएको भन्ने कुरा मिति २०७१।१२।१७ मा भएको बरामदी मुचुल्कासमेतबाट देखिएको छ । उक्त खानतलासी / बरामदी मुचुल्कामा निजको साथबाट बरामद भएको नोट विवरणसमेत उल्लेख भएको देखिन्छ । सो बरामदी मुचुल्काबाट बरामद भएको देखिएको रकम आफूबाट बरामद भएको तथ्य निजले स्वीकार गरेको र खानतलासी / बरामदी मुचुल्कामा बसेका व्यक्तिहरू पुष्पराज मल्ल, कृष्णबहादुर दाहाल, गिरीधारी सुवेदी, नेत्रमणि गिरी र सन्तोष आचार्यसमेतका व्यक्तिहरूले बकपत्र गर्दा मुचुल्कामा भएको विवरणसहितको बेहोरा साचो भएको भनी लेखाई दिएको देखिँदा निज प्रतिवादी उमेशकुमार यादवले उजुरवाला बैजु साह रौनियारबाट उक्त रकम लिएकोमा विवाद देखिँदैन । यी प्रतिवादीले अनुसन्धानको क्रममा बयान गर्दा आफूबाट बरामद भएकोरकम ट्रान्सफरमर बाहेक बिजुलीको तार, लाइटिङ, एरेस्टरसमेतका सामग्रीहरू आफूले चिनेको ठेकेदारमार्फत खरिद गरिदिनको लागि लिएको हुँ भन्ने उल्लेख गरेको देखिन्छ । निजले अदालतमा पनि बयान गर्दा अनुसन्धान अधिकारीसमक्ष गरेको बयानअनुसार नै सामान खरिद गरिदिनका लागि रकम लिएको भनी बयान गरेको देखिने ।

निजले आफूले उक्त रकम सामग्री खरिद गरिदिनको लागी लिएको भनी लिएको जिकिरतर्फ हेर्दा उक्त प्रशाखाका कार्यालय प्रमुख इन्जिनियर सुनिल संकटले बयान गर्दा प्रतिवादी उमेशकुमार यादवलाई फिल्ड भिजिट र इष्टिमेट गर्न खटाएकोमा फिल्ड रिपोर्ट प्राप्त नहुँदै आफू बिदामा बसेको र उजुरवालासँग यी प्रतिवादीले किन रकम लिए आफूलाई थाहा नभएको र उक्त रकम लिएको भए नियमविपरीतको कार्य हो । प्रक्रिया पूरा नगरी रकम लिन मिल्दैन भनी उल्लेख गरेको देखिन्छ । उक्त रकम लिन पाउने नपाउने सम्बन्धमा अनुसन्धान अधिकारीले नेपाल विद्युत् प्राधिकरण गौर वितरण केन्द्रमा पत्राचार गरेकोमा गौर वितरण केन्द्रबाट ७० KVA पावरको थ्री फेज लाइनको मिटर जडान प्रक्रियाको बारेमा उल्लेख गर्दै आवश्यक कागजातपत्रहरूसहितको फाराम भरी स्थलगत निरीक्षण पश्चात उद्योग जडित लोड ५० KVA वा सोभन्दा बढी लोड माग गरेको वा फेला परेको खण्डमा निजी खर्चमा ट्रान्सफर जडान गरी सो ट्रान्सफरमर खरिद गरेको भ्याटबिल, ट्रान्सफरमरको टेस्ट रिपोर्ट आदि समावेश गरी निवेदन दिइसकेपछि प्रशाखाबाट सिफारिसपश्चात् वितरण केन्द्रमा पेस गरी क्षेत्रिय कार्यालयबाट स्वीकृति लिई इष्टिमेटबमोजिमको रकम कार्यालयमा राजस्व दाखिला गरेको रसिद नं. TOD Programing गर्ने फाराममा उल्लेख गरी

क्षेत्रिय प्रमुखबाट स्वीकृति लिएपश्चात् उक्त क्षेत्रिय कार्यालयबाट TOD मिटर उपलब्ध गराई विद्युत् प्राधिकरणको केन्द्रीय कार्यालय, काठमाडौंबाट TOD Programing गराई उक्त उद्योगमा TOD मिटर जडान गर्ने प्रक्रिया रहेको भनी पत्राचार भएको देखिएकोले मिटर जडान हुने नहुने भन्ने प्रारम्भिक कारबाहीको टुङ्गो नै लागि नसकेको अवस्थामा मिटर जडानको लागि आवश्यक सामान खरिद गर्न भनी प्रतिवादीलाई रूपैयाँ दिनुपर्ने अवस्था रहेको नदेखिने ।

पुनरावेदक प्रतिवादीले उजुरवालासँग विद्युत् मिटर जडानको लागी आवश्यक पर्ने सामान खरिद गर्न रकम लिएको हो । घुस / रिसवतबापत लिएको होइन भनी लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा सेवाग्राहीका लागि आवश्यक पर्ने सामान सेवाग्राही आफैँले खरिद गरी जुटाउनु पर्ने भन्ने नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय, दरबार मार्ग काठमाडौंले च.नं.१५१२ मिति २०७१।१२।२० अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाललाई लेखेको पत्रमा TOD मिटर जडानको लागि इष्टिमेटअनुसारको रकम कार्यालयमा दाखिला भएपछि TOD मिटर जडान गरिने, उक्त मिटर जडान गर्ने प्रयोजनमा प्रयोग हुने तारलगायत अन्य विद्युत् सामाग्रीको खर्च सेवाग्राहीले आफैँ बेहोर्नु पर्ने र फिल्डभिजिटको प्रतिवेदन, लागत इष्टिमेट र कार्यालय प्रमुखको तोक आदेशपश्चात रकम दाखिला गर्ने निर्णय नभई कर्मचारीले सेवाग्राहीबाट सेवा शुल्क भनी रकम लिन नपाइएने भएकोले उक्त कार्य नेपाल विद्युत् प्राधिकरणको नियमविपरीत हुने भनी पत्राचार गरेको देखिन्छ। पुनरावेदक प्रतिवादीलाई उजुरकर्ताले विद्युत् जडान गर्न माग गरेको निवेदनको सन्दर्भमा केवल फिल्ड भिजिट र इष्टिमेट गर्ने कार्यको लागि खटाइएको देखिन्छ । निजले विद्युत् जडानको लागी गर्नु पर्ने फिल्ड भिजिट र विद्युत् जडान गर्न लाग्ने लागतको इष्टिमेट गरी प्रतिवेदन दिएको अवस्थासमेत छैन। उजुरकर्ताले आफ्नो लागि आवश्यक पर्ने सामान खरिद गर्न सहयोग पुऱ्याउने मनसायबाट प्रतिवादीलाई उक्त रकम दिएको भए त्यसरी आफूलाई सहयोग गर्ने व्यक्तिलाई उल्टै भ्रष्ट्राचारको कसुरमा उजुर गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट रूपैयाँको नोटहरू प्रमाणित गराई पुनरावेदक प्रतिवादीका विरूद्ध उजुरी गर्नु पर्ने अवस्थालाई स्वभाविक मान्न मिल्दैन। प्रतिवादीले आफू कसुरबाट बच्ने अभिप्रायले आफ्नोसाथबाट बरामद भएको रकम निवेदककै सामान खरिद गर्ने प्रयोजनका लागि नभई उजुरकर्ताले जडान गर्न माग गरेको विद्युत्को मिटर जडान गरी दिन भनी उजुरकर्ताबाट उल्लिखित रकम घुस / रिसवत लिएको प्रमाणित भइरहेकोले उजुरकर्ताको लागि विद्युत् जडान गर्न आवश्यक पर्ने सामग्री खरिद गरी दिन उजुरकर्ताले दिएको रकम हो भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । मिसिल संलग्न उल्लिखित प्रमाण एवं व्यवहारबाट प्रतिवादीउपरको कसुर स्थापित भइरहेको अवस्थामा प्रतिवादीको त्यस्तो बयान बेहोरालाई मात्र आधार बनाएर निज प्रतिवादीलाई आरोपित कसुरबाट उन्मुक्ति दिन मिल्ने नदेखिने।

तसर्थ, विवेचित आधार र कारणबाट प्रतवादीले मौकामा र विशेष अदालतमा गरको बयान, उजुरवाला बैजु साह रौनियार र कार्यालय प्रमुख सुनिल शंकटलगायतका व्यक्तिहरूका साथै बरामदी मुचल्काका मानिसहरूसमेतले गरेको बकपत्रसमेतका मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी उमेशकुमार यादवले ७० के.भि.ए. ट्रान्सफर्मरलगायत मिटर जडान कार्यका लागि रू. १,५०,०००।– (एक लाख पचास हजार रूपैयाँ) घुस रिसवत लिएको भन्ने दाबी पुष्टि भएकोले आरोप दाबीबमोजिम कसुर गरेकोले निज

प्रतिवादी उमेशकुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) बमोजिम रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना र सोही ऐनको दफा ३(१) (घ) बमोजिम ६(छ) महिना कैदसमेत हुने ठहऱ्याई विशेष अदालत काठमाडौंबाट मिति २०७४।४।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : जगतबहादुर पौडेल

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७६ साल भदौ १७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७१-CI-०४८२, राजीनामा लिखत बदर, संगम महतोसमेत वि. दिपा थापासमेत*

वादी दाबीको लिखतको जग्गा प्रतिवादीमध्येकी मेघियाको नाउँमा निजका पति कालीराम महतोको मृत्युपश्चात् नामसारी दर्ता भई आएको भन्ने देखिएकाले सो जग्गा पिता पूर्खाको पालाको आर्जनको भन्ने देखियो । मुलुकी ऐन, अंशबन्डाको १९ नं. मा पिता पूर्खाको पालाको अचल सम्पत्ति घरव्यवहार चलाउन परेमा आधासम्म आफूखुसी गर्न पाउने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत फिरादपत्रमा विवादित जग्गाबाहेक ०-२-० कट्ठा जग्गा मात्र बाँकी रहेको भन्ने अंश मुद्दामा पेस भएको तायदाती फाँटवारीमा उल्लेख भएको देखिन्छ । वादीहरूको अंशहक लाग्ने जग्गा उल्लिखित ०-२-० कट्ठाबाहेक अरू पनि रहेको भन्ने प्रतिवाद गर्ने प्रतिवादीहरूको जिकिर रहेको पाइँदैन। यसरी प्रतिवादीहरूले जिकिर लिएअनुसार मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं. अन्तर्गत घरव्यवहार चलाउन २१ वर्ष उमेर नाघेकी वादी गीता महतोसमेतको मन्जुरी लिनुपर्नेमा निजको मन्जुरी बेगर दाबीको लिखतको जग्गा बिक्री गर्नपाउने कानूनी हक प्रतिवादी मेघिया महतो र शालिकराम महतोलाई रहेभएको देखिन नआउने।

मुलुकी ऐन, लेनदेन व्यवहारको १० नं. मा रहेको उल्लिखित कानूनी व्यवस्थाबमोजिम आफूखुसी गर्नपाउने बाहेकको सम्पत्ति बेचबिखन गर्दा एकाघर सगोलका अंशियार सबैको मन्जुरी लिनुपर्ने देखिन्छ। प्रतिवादी मेघियाको नाउँमा रहेको वादीहरूको समेत अंशहक लाग्ने जग्गा यी वादीहरूको मन्जुरी लिएर बिक्री गरेको देखिन आएन। प्रतिवादीहरू मेघिया महतो र शालिकराम महतोले ०-२-० कट्ठा जग्गा मात्र बाँकी राखी दाबीको लिखतको जग्गा यी वादीहरूसमेतको हक हित गर्ने कार्यको लागि बिक्री गर्नु परेको र बिक्रीपश्चात् वादीहरूको हक हितमा यो यस्तो कार्य भए गरेको हो भनी त्यस्तो कार्य भए गरेको कुरा प्रतिवादीहरूले खुलाउन सकेको नदेखिने।

प्रत्यर्थी प्रतिवादी पक्षबाट प्रस्तुत फिरादपत्र मुलुकी ऐन, अदालती बन्दोबस्तको ७२ नं. को प्रतिकूल दर्ता भएको भनी लिएको जिकिरका सम्बन्धमा हेर्दा उक्त ऐनमा "........जतिसुकै मानिसले जतिसुकै मानिसउपर एउटै झगडाको विषयको कुरा......" एउटै फिरादपत्रमा लेखेर ल्याउन सक्ने देखिन्छ । प्रस्तुत फिरादपत्रमा दाबी लिएको झगडाको विषय मेघिया महतोको नाउँमा दर्ताको कि.नं. ३८७ को जग्गाको लिखतको विषय रहेको देखिँदा उक्त कि.नं. ३८७ को जग्गा मेघिया महतोले प्रतिवादी गोविन्दलाल श्रेष्ठलाई निज गोविन्दलाल श्रेष्ठले प्रतिवादीमध्येका महेन्द्रजङ्ग थापा र राजु थापालाई लिखत गरी दिएको देखिएकाले उल्लिखित झगडाको विषय एउटै देखिन आएकाले प्रस्तुत फिरादपत्र अदालती बन्दोबस्तको ७२ नं. को प्रतिकूल दर्ता भएको भन्ने देखिन नआउने।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २३ मा **"बालकको हितको संरक्षण गर्नु संरक्षकको**

**मुख्य कर्तव्य हुनेछ"** भन्ने कानूनी व्यवस्था रहेको छ। प्रस्तुत मुद्दामा वादीमध्येकी गीता महतोका दुईजना नाबालक छोराछोरी रहेको देखिन आएको र संरक्षकको हैसियतले यी दुईजना बालबालिकाको हकमा र आफ्नो हकमा समेत निज गीता महतोले दायर गरेको प्रस्तुत मुद्दाको फिरादपत्र बालकको हक हित संरक्षण हेतुसमेत रहेको देखिन आउने।

हाम्रो न्याय प्रणालीमा अंशको हकलाई नैसर्गिक हकको रूपमा मान्यता दिएको छ । कानूनबमोजिम बाहेक कसैलाई पनि अंशहकबाट वञ्चित गर्न मिल्दैन। प्रतिवादीहरूले लिनुदिनु गरेको जग्गामा यी वादीहरूको समेत अंशहक निहित रहेको र बाँकी रहेको घरजग्गाबाट नाबालक वादीहरूले जीविकोपार्जन, शिक्षादिक्षा प्राप्त गर्नसक्ने अवस्थासमेत न्यून देखिन आएकाले पुनरावेदन अदालत बुटवलले दाबीको जग्गा राजीनामा गर्दा वादीहरूको पति एवम् पिता शालिकराम महतो साक्षी बसेको देखिएको अवस्थामा वादीहरूको मन्जुरी लिनु नपर्ने भनी दाबीको राजीनामा लिखत बदर हुने ठहऱ्याएको सुरू नवलपरासी जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मिलेको देखिन नआउने।

अतः विवेचित आधार, कारण तथा कानूनी व्यवस्थासमेतबाट सुरू नवलपरासी जिल्ला अदालतले वादीहरू संगम महतो, ससिम महतो र गीता महतोको हकहिस्सा जति अर्थात् कि.नं. ३८७ को जग्गामध्ये ०-१-१७$^{१}/_{२}$ जग्गाको दाबीको राजीनामा लिखत बदर हुने ठहऱ्याएको फैसलालाई उल्टी गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७१।०१।०९ को फैसला मिलेको नदेखिँदा उल्टी भई सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

इति संवत् २०७६ साल भदौ १२ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७२-CI-०८३६, लिखत बदर, जग्गाघर खिचोला चलन, रामचन्द्र दास तत्मा वि. सोमरिया देवी*

वादी रामचन्द्र दास तत्माले रौतहट जिल्ला रघुनाथपुर गाउँ विकास समिति वडा नं. ८ ख (गाउँ) कि.नं. १८० को ०–०–७$^{१}/_{२}$ धुर जग्गामध्ये पूर्वतर्फबाट ०-०-३ धुर जग्गा अमिरी दास तत्माबाट मिति २०२८।११।०८ मा पारित गरी लिएको भनी आफ्नो हकको स्रोत उल्लेख गरेको देखिन्छ । वादीले आफ्नो हकको स्रोत देखाएको उक्त मिति २०२८।११।०८ को पारित लिखत प्रस्तुत विवादमा आएको जग्गाको हो भन्ने देखिँदैन। वादीले फिरादपत्र साथ पेस गरेको २०२८ सालको भनेको लिखतको अंक अक्षरहरू स्पष्ट देखिँदैन । जग्गाको क्षेत्रफलको महलमा चार ड्डा भन्ने उल्लेख भएकाले सो पारित लिखतबाट वादीले दाबी लिएको कि.नं. १८० को ०-०-७$^{१}/_{२}$ जग्गामध्ये ०-०-३ धुर जग्गा खरिद गरेको भन्ने भनाइ साँचो देखिन आएन। उल्लिखित लिखतका सम्बन्धमा भएको पत्राचारको जवाफमा मालपोत कार्यालय रौतहटको मिति २०६८।०३।२६ को पत्रमा उक्त मिति २०२८।११।०८ को लिखत फेला नपरेको र तत्कालीन भूमि प्रशासन कार्यालयबाट प्राप्त रजिस्ट्रेसन दर्ता किताबको पानासमेत मसीले अक्षर खाई नबुझिने अवस्थामा रहेको भन्ने उल्लेख भएको देखिने।

विवादित उक्त कि.नं. १८० कै घरजग्गाको सम्बन्धमा प्रत्यर्थी प्रतिवादी पलट दास तत्माले वादीका भाइ चनरदेव दास तत्माका उपर दायर गरेको सुरू अदालतको संवत् २०६६ सालको दे.नं. १८१५ र पुनरावेदन अदालत हेटौंडाको दायरी नं. ०६८-DP-

०६२० को टण्टा खिचोला मुद्दामा उक्त कि.नं. १८० को जग्गामा यी वादीका भाइ चनरदेव दास तत्माले खिचोला गरेको ठहर्‍याई प्रस्तुत मुद्दाका प्रतिवादी पलट दास तत्माले चलनसमेत पाउने भनी भएको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।११।१३ को फैसला अन्तिम भइरहेको उक्त मुद्दाको प्रमाण मिसिलबाट देखिने।

प्रस्तुत मुद्दाका प्रतिवादी पलट दास तत्माले दायर गरेको उक्त टण्टा खिचोला चलन मुद्दामा सो मुद्दाका प्रतिवादी चनरदेव दास तत्माको तर्फबाट वारेस भई यिनै वादी रामचन्द्र दास तत्माले प्रतिउत्तर फिराई मुद्दाको कारबाहीमा रहेको उक्त मुद्दाको मिसिलबाट देखिन्छ । आफ्नो भाइउपर प्रतिवादी पलट दास तत्माबाट दायर भएको मुद्दाबाट विवादित कि.नं. १८० को जग्गामा खिचोला गरेको ठहरेको फैसला अन्तिम रहेकोमा सो फैसलाउपर दाबी नै नलिई पुनः यी वादीले सोही कि.नं. १८० को जग्गामध्ये नै ०-०-३ धुर जग्गा प्रतिवादी पलट दास तत्माको बाबु अमिरी दास तत्माबाट खरिद गरी लिएको भनी प्रस्तुत मुद्दामा लिएको फिराद दाबी कानूनसङ्गत देखिन नआउने।

अतः उल्लिखित विवेचित आधार, कारणसमेतबाट पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।३।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : मिनबहादुर कुँवर

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७६ साल भदौ १२ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६८-CI-०४९९, जग्गा खिचोला मेटाई हक कायम गरी चलन चलाई पाउँ, दुखरन हरिजन वि. प्रभु बृजवासी*

वादी दाबीको जग्गा प्रतिवादीले खिचोला गरे नगरेतर्फ हेर्दा प्रतिवादीले जिकिर गरेबमोजिम उखडा विशेष अदालतबाट मिति २०४०।२।९ मा भएको फैसलाबमोजिम भुजौली ७क को कि.नं.३३५, ३३७, ३३८, ३४०, ३४५, ६७, ६९ र १२७ समेत ज.वि.१-६-५ को जग्गा प्रतिवादीको काका गुनेश्वरको हक हुन आई फैसलाबमोजिम जग्गा दर्ता भएको निजले पेस गरेको दर्ता स्रेस्ता प्रमाणबाट देखिन्छ । यसरी निज गुनेश्वर हरिजनले जग्गा धनी दर्ता प्रमाण पुर्जा प्राप्त गरिसकेपछि पुनः २०४४ सालमा उखडा जग्गा दर्ता गरिपाउँ भनी दायर गरेको मुद्दामा उखडा विशेष अदालतलको फैसलाबमोजिम निजका नाउँमा जग्गा दर्ता भइसकेको देखिएको आधारमा वादी दाबी खारेज हुने ठहरी रूपन्देही जिल्ला अदालतबाट मिति २०४६।६।२९ मा फैसला भएको देखिन्छ। सो फैसला पुनरावेदन अदालतबाट मिति २०४९।४।२१ मा सदर भई अन्तिम भएर बसेको देखिन्छ । वादीले साबिक प्रमाणका आधारमा वादी दाबीको जग्गा २०६४ सालमा दर्ता गराई लिनु अघि नै प्रतिवादीको काकाले उखडा विशेष अदालतको फैसलाबमोजिम आफ्नो हक पुग्ने जग्गा दर्ता गराई लिई सकेको र वादी दाबीको जग्गा दर्ता गराई पाउन २०४४ सालमा रूपन्देही जिल्ला अदालतमा दायर गरेको मुद्दामा दाबी नपुगी मुद्दा खारेज भई अन्तिम भई बसेको अवस्थामा पनि वादी दाबीको जग्गा साबिक पिता धनराज हरिजन काका गुनेश्वरदेखि आफ्नो भोगमा रहेको भनी जिकिर लिई वडा नं. सच्याउन मालपोत कार्यालय रूपन्देहीसमक्ष निवेदन दिएको भन्नेसमेत प्रतिवादीले जिकिर लिएको मिसिल प्रमाणबाट देखिन आउने।

वादी दर्ताको वादीले दाबी गरेको जग्गा भुजौली- ८क को जग्गाहरू रहेको छ । वादी दाबीको उक्त वडा नं.८क को जग्गा प्रतिवादीका नाउँमा दर्ता रहे भएको देखिँदैन । यसरी वादीले दाबी लिएको

जग्गा र प्रतिवादीको दर्ताको भनिएको जग्गाको वडा नं. र क्षेत्रफल नै फरक फरक रहेकोमा प्रतिवादीले संशोधनको लागि कारबाही चलाएको भन्ने आधारमा वादी दर्ताको जग्गामा प्रतिवादीको हक पुग्ने अवस्था नहुने हुँदा वादी दाबीको जग्गामा प्रतिवादीले आफ्नो हक देखाई खिचोला गरेको देखिन आउने।

यसरी वादी दाबीको जग्गामा प्रतिवादीको खिचोला मेटाई चलन चलाई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहराई भएको रूपन्देही जिल्ला अदालतको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी गरी वादी दाबीका जग्गाहरूमा वादीले प्रतिवादीबाट खिचोला मेटाई हक कायम गरी चलन चलाई पाउने ठहराई भएको पुनरावेदन अदालत बुटवलको फैसला अन्यथा देखिन नआउने।

अतः माथि विवेचना गरिएका आधार प्रमाणबाट सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६७।३।१४ को फैसला उल्टी गरी वादी दाबीबमोजिमका जग्गाहरूमा वादीले प्रतिवादीबाट खिचोला मेटाई हक कायम गरी चलन चलाई पाउने ठहराई भएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।२।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेन्द्रराज काफ्ले

इति संवत् २०७६ साल भाद्र २ गते रोज २ मा शुभम्।

**इजलास नं.७**

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, *०७०-CR-१०१५, ०७०-CR-०४६५, सरकारी छाप दस्तखत किर्ते, यशोदा गैरे पाण्डे वि. नेपाल सरकार, नेपाल सरकार वि. युक्तप्रसाद सुवालसमेत*

किर्ते कागजको आधारमा मिति २०६६।२।३ मा रूपन्देही मालपोत कार्यालयबाट जग्गा नामसारी गरेपछि भोलिपल्ट चार किल्ला प्रमाणित गराउने प्रक्रिया पूरा गराई मिति २०६६।१२।६ मा नवलपरासीको मालपोत कार्यालयमा निरोज मास्केको नाउँमा जग्गा राजीनामा गरेको कुरा निजले अनुसन्धान र अदालतमा गरेको बयानमा स्वीकार गरिएका तथ्यहरू, सहप्रतिवादीहरूको पोललगायत नामसारीसम्बन्धी कारबाहीका कागजात र मिति २०६६।१२।६ को राजीनामा लिखतसमेतबाट पुनरावेदक प्रतिवादी यशोदा गैरेले आर्थिक प्रलोभनमा परी सहप्रतिवादीको अह्राउ मानी स्व. चन्द्रशेखर कार्कीको नाउँको जग्गा नामसारी गरी बिक्री गर्ने कार्यमा सक्रिय मतियार रहेको तथ्य शंकारहित तवरबाट पुष्टि हुन आउने।

पुनरावेदक प्रतिवादी यशोदा गैरे पाण्डेले मुख्य प्रतिवादी चित्रबहादुर खड्का र माया क्षेत्रीको अह्राउ मानी कुनै नाता सम्बन्ध नै नभएका चन्द्रशेखर कार्कीलाई आफ्नो लोग्ने भनी विवाह दर्ता, मृत्यु दर्ता, नाता प्रमाणित गराई हक नै नभएको जग्गा आफ्नो नाउँमा नामसारी गराएको देखिन्छ। सोही नामसारी गरेको जग्गा रूपन्देही मालपोत कार्यालयबाट बिक्री गर्न नसकेपछि अर्को मालपोत कार्यालय नवलपरासीमा गई जग्गा बिक्री गरेको भन्ने देखिन्छ। यी प्रतिवादी यशोदा गैरे मुख्य व्यक्ति चित्रबहादुर खड्काको मतसल्लाहमा पसी मतियार भई मुलुकी ऐन, किर्ते कागजको ११ नं. बमोजिम कसुर गरेको पुष्टि भएकोले निजलाई किर्ते गर्ने मुख्य व्यक्तिलाई एक वर्ष कैद र बिगोबमोजिम १६ लाख जरिवाना भएको हुँदा मतियार हुँदा सोको आधा अर्थात् ६ महिना कैद र ८,००,०००(आठ लाख) जरिवाना हुने ठहर्छ। पुनरावेदन अदालत बुटवलले निज यशोदा गैरे पाण्डेलाई ६ महिना कैद र रू.८ लाख जरिवाना हुने ठहर गरेको फैसला मनासिब नै देखिने।

पदीय आचरण विपरीतको कार्य स्वतः किर्तेसम्बन्धी कसुरजन्य छ भन्ने हुँदैन । किर्ते फौजदारी कसुर हुनु र पदीय आचरण प्रतिकूलको कार्य हुनु दुई फरक फरक अवस्था भएकाले सरकारी लिखत किर्ते गरी तयार गर्ने कार्य प्रतिवादी युक्तप्रसाद सुवालले गरेका हुन् भन्ने र प्रतिवादी हितेन्द्र खड्काले गरेको कसुरजन्य कार्यको लागि जानीजानी यी प्रतिवादी युक्तप्रसाद सुवाल मतसल्लाहमा पसेका थिए भन्ने पुष्टि हुने कुनै भरपर्दो प्रमाण प्रस्तुत मुद्दाको सिलसिलाबाट देखिँदैन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम प्रतिवादी युक्तप्रसाद सुवालउपरको अभियोग शंकारहित तवरबाट प्रमाणित गराउन सकेको देखिँदैन । शंकाको भरमा सरकारी छाप दस्तखत किर्ते जस्तो मुद्दामा कसुरदार ठहर गर्नु न्यायोचित हुने देखिएन। तसर्थ, प्रतिवादी युक्तप्रसाद सुवाललाई सुरू जिल्ला अदालत रूपन्देहीको फैसला बदर गरी निजले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मनासिब नै देखिने।

अर्का प्रतिवादी केशवलाल श्रेष्ठले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा किर्तेतर्फको अभियोगमा इन्कार हुँदै मृतक चन्द्रशेखर कार्की निज केशवलालको घरमा भाडामा बस्ने गरेको र चन्द्रशेखरको मिति २०६५।१।२९ मा मृत्यु भएको, निजको आफन्त कोही नहुँदा केशवलालले नै बाहुन राखी दाहसंस्कार काज किरिया गराएको भन्नेसमेतका तथ्य उल्लेख गर्दै निज मृतकको झोलामा नागरिकता सक्कल र कि.नं. १०६६ को जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा फेला पऱ्यो त्यसपछि मैले उनको काज किरियामा लागेको खर्चको ऋण तिरिपाउँ भनी जग्गाको कारोवार गर्ने चित्रबहादुरलाई लालपूर्जा र नागरिकता दिएको हो किर्ते काम गरेको छैन भनी बयान गरेको देखिन्छ। निजले अदालतमा बयान गर्दासमेत आरोपित कसुरमा इन्कार रही बयान गरेको पाइयो । सहप्रतिवादी चित्रबहादुर खड्काको बयानबाट समेत प्रतिवादी केशवलालले लिएको निर्दोषिताको जिकिर समर्थित भएको देखिन्छ। जग्गा बिक्री गर्ने अभिप्रायले मृतक चन्द्रशेखरको नागरिकता र जग्गाधनी दर्ता प्रमाणपूर्जा प्रतिवादी चित्रबहादुर खड्कालाई दिएको भन्नेबाहेक किर्ते कार्यमा निजको संलग्नता रहेको भन्ने कुनै सहअभियुक्तले पोलसम्म गरेको पनि देखिँदैन । निजउपरको अभियोग मागदाबी शंकारहित तवरबाट वादी पक्षले पुष्टि गराउन सकेको नदेखिँदा सुरू अदालतको फैसला बदर गरी अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत बुटवलको फैसला मिलेकै देखिने।

तसर्थ, उपर्युक्त तथ्य एवम् विवेचित आधार प्रमाणबाट सुरू रूपन्देही जिल्ला अदालतको २०६८।५।१३ को फैसलालाई केही बदर गरी प्रतिवादी यशोदा गैरे पाण्डेलाई मुलुकी ऐन, किर्ते कागजको ११ नं. को अन्तिम वाक्यांशबमोजिम ६ महिना कैद र रू.८,००,०००।- (आठ लाख) जरिवाना हुने र प्रतिवादी युक्तप्रसाद सुवाल र केशवलाल श्रेष्ठलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०६९।८।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७४ साल माघ १७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०६९-CR-०७५१, लागु औषध अफिम, प्रभु साह तेली वि. नेपाल सरकार*

मिति २०६४।९।८ को खानतलासी

तथा बरामदी मुचुल्का हेर्दा, जिल्ला पर्सा वीरगन्ज उपमहानगरपालिका वडा नं. १९ नगवा चोकस्थित उक्त वीरगन्ज बसपार्क जाने बाइपास सडक, दक्षिण बाइपास सडक, पूर्व नगवा चोक, नगवा गाउँ जाने बाटो सडक, पश्चिम कुमालटोल सडक यति चार किल्लाभित्र पर्ने नगवा चोकमा प्रभु साह तेलीको शरीर तथा निजले बोकी गएको झोलासमेतको खानतलासी लिँदा निजले बोकी आएको झोलाभित्रबाट लागु औषध अफिम ४ किलो १०० ग्राम, सिमसहितको नोकिया मोबाइल सेट र ट्रेनको टिकटसमेत बरामद भएको भन्ने बेहोरा उल्लेख भएको पाइन्छ । सो लागु औषध बरामद गर्नुभन्दा पहिला प्रतिवादी प्रभु साह तेलीलाई जानकारी पुर्जी दिइएको मिसिल संलग्न पत्रबाट देखिन्छ । बरामद गर्दा बरामदी मुचुल्कामा पर्सा वीरगन्ज उपमहानगरपालिका वडा नं.१९ बस्ने कृष्ण कुमार, ऐ. वडा नं. १८ बस्ने रूस्ताम हुसेल र ऐ. वडा नं. १८ बस्ने विगु मियालाई साक्षी राखेको र रोहवरमा यी प्रतिवादी स्वयम्लाई राखेको देखिन्छ । त्यस्तै काम तामेल गर्ने व्यक्तिमा प्र.ना.नि. युवराज चौधरी, प्र.ना.नि. गोपीचन वि.क. भएको देखिन्छ । यसरी दर्जा पुगेको प्रहरी कर्मचारीबाट बरामद तथा खानतलासी गरिएको, बरामद गर्दाको अवस्थामा तत्काल उपलब्ध भएका व्यक्तिहरूलाई साक्षी राखी भएको बरामदी तथा खानतलासी मुचुल्कालाई पुनरावेदकले भने जस्तो रीत नपुगेको भन्न मिल्दैन । प्रस्तुत बरामदी तथा खानतलासी मुचुल्का अ.बं. १७२ नं. र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ८ अनुरूपकै देखिने ।

प्रस्तुत लागु औषध मुद्दा विशेष प्रकृतिको मुद्दा भएको कारणले प्रतिवादीलाई अभियोग लागिसकेपछि अभियोगअनुसारको कसुर आफूले गरेको होइन भनी प्रमाण पुऱ्याउनु पर्ने प्रमाणको भार उक्त कानूनी व्यवस्थाअनुसार यी प्रतिवादीउपर नै रहेको देखिन्छ । प्रस्तुत मुद्दामा यी प्रतिवादी प्रभु साह तेलीको साथबाट लागु औषध अफिम ४ किलो १०० ग्राम बरामद भएको अवस्था छ । सो लागु औषध निजले के कुन प्रयोजनको लागि राखेको हो भन्ने प्रमाण निजले नै पेस गर्नु पर्नेमा एकातिर सो पेस गर्न सकेको अवस्था देखिँदैन भने अर्कोतिर सो लागु औषध आफूबाट बरामद नै भएको होइन भनेपनि त्यस्तो कुराको प्रमाण निज प्रतिवादीले पेस गर्न सकेको अवस्था छैन । आफू निर्दोष भएको प्रमाण पेस गर्न नसकेपछि प्रमाण ऐन, २०३१ को दफा २७ र लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १२ बमोजिम यी प्रतिवादी प्रभु साह तेलीले आरोपित कसुर अपराध गरेको पुष्टि हुने ।

प्रस्तुत मुद्दामा यी पुनरावेदक प्रतिवादीको साथबाट लागु औषध अफिम ४ किलो १०० ग्राम बरामद भएको देखिन्छ । बरामद भएको लागु औषधलाई कम परिमाणको लागु औषध भन्न मिल्ने देखिँदैन । यति धेरै परिमाणको लागु औषध अफिम यी प्रतिवादीले ओसारपसार तथा बिक्री वितरण गर्नकै लागि आफ्नो सँगसाथमा राखेको देखिन आयो । सेवन प्रयोजनलाई खरिद गर्ने र बिक्री वितरण गर्नलाई खरिद हुने अवस्था छुट्याउन लागु औषधको परिमाण हेर्नुपर्ने हुन्छ । लागु औषध अत्यधिक नै ठूलो मात्रामा देखिएकोले सेवनसम्मको लागि खरिद गरेको हो भन्न मिल्ने देखिएन । यस्तो अवस्थामा यी प्रतिवादीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा (घ)(ङ) र (च) को कसुरमा ऐ. ऐनको दफा १४(१) (छ) (३) बमोजिम यी प्रतिवादी प्रभु साह तेलीलाई १५ वर्ष १ महिना कैद र रू. ५,०५,०००।– जरिवाना हुने ठहराई भएको सुरू पर्सा जिल्ला अदालतको फैसला सदर हुने ठहराएको पुनरावेदन अदालत हेटौंडाको फैसला अन्यथा देखिन नआउने ।

प्रतिवादी प्रभु साह तेलीले बोकेको झोलाबाट

लागु औषध बरामद भएको पुष्टि भएको र बरामद भएको लागु औषध अफिमको मात्रा ४ किलो १०० ग्राम भएको देखिएको अवस्थामा उक्त बरामदी मुचुल्का नै रितपूर्वकको नहुँदा आफूले आरोपित कसुरबाट सफाइ पाउनु पर्छ भनी लिएको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन । पुनरावेदक प्रतिवादी प्रभु साह तेलीलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ) (ङ) र (च) को अपराध कसुरमा सोही ऐनको दफा १४(१) (छ) (३) बमोजिम १५ वर्ष १ महिना कैद र रू. ५,०५,०००।– जरिवाना हुने ठहराई सुरू पर्सा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।७।२१ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः तारादेवी महर्जन

फैसला तयार गर्ने इजलास अधिकृतः भोजराज रेग्मी

इति संवत् २०७४ साल पुष २ गते रोज १ शुभम् ।

### ३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७०-CI-०२८४, निषेधाज्ञा / परमादेश, हीरा थापासमेत वि. नेपालगन्ज नगरपालिका, नेपालगन्ज बाँकेसमेत*

निवेदक र विपक्षी नगरपालिकाबिच निवेदकहरूले साबिकदेखि नै भाडामा लिएको नगरपालिकाको विभिन्न स्थानका सटरहरूको भाडा वृद्धि गर्न नेपालगन्ज नगरपालिकाले मिति २०६८।८।७ मा सार्वजनिक सूचना निकालेको थियो । सो सूचनामा उद्योग वाणिज्य संघ नेपालगन्जको विरोध हुन आएपछि उक्त सूचना रद्ध भई सटरको भाडा निर्धारण गर्ने प्रक्रिया सम्बन्धमा कार्यदल गठन हुन गयो । उक्त कार्यदलले भाडा वृद्धि गर्ने भनी मिति २०६८।१२।१२ मा गरेको निर्णयमा मिति २०६८।१२।२२ मा सहमति भई भाडा वृद्धि गर्ने प्रक्रिया गर्दा गर्दै त्यसबारे अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी पर्न गयो र आयोगबाट सहमतिमा भाडा वृद्धि गर्ने गरेको निर्णय बदर गरी सार्वजनिक सूचना निकालेर प्रतिष्पर्धा गराई सार्वजनिक खरिद ऐन, २०६३ र ऐ. को नियामवली, २०६४ बमोजिम सटर गोदाम भाडामा दिनु भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले च.नं. २२१३ मिति २०६९।२।१३ मा नेपालगन्ज नगरपालिकालाई निर्देशन गरी पत्र पठाएको देखिन्छ र सो पत्र उत्प्रेषणको आदेशद्वारा बदर गर्न माग गरी अनिल भण्डारीद्वारा दायर भएको ०६८-WO-११६८ नं. को रिट निवेदनउपरको कारबाहीमा निवेदकले माग गरेबमोजिम उक्त पत्र कार्यान्वयन नगर्न नगराउन भनी अन्तरिम आदेश जारी भई उक्त रिट निवेदन अद्यापि विचाराधीन अवस्थामा रहिरहेको देखिने ।

यसरी उपरोक्तानुसारको एउटै विषयवस्तु र विवाद भएको मुद्दामा पुनरावेदन अदालत नेपालगन्जमा निषेधाज्ञा परमादेश र निवेदक अनिल भण्डारीले रिट नं. ०६८-WO-११६८ को उत्प्रेषणको रिट निवेदन यस अदालतमा समेत पृथकपृथक रूपमा नै दर्ता भएको र यस अदालतमा दर्ता भएको ०६८ सालको रिट नं.११६८ को उत्प्रेषणको रिट निवेदनमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं.२२१३, मिति २०६९।२।९ को निर्देशन एवं नेपालगन्ज नगरपालिकाको च.नं.७१६१, मिति २०६९।०२।१० को पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी आदेशसमेत भइरहेको अवस्थामा पुनरावेदकले उठाएको विवादको विषयवस्तु यस अदालतमा चलेको निवेदक अनिल भण्डारी विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोग टंगालसमेत भएको २०६८ सालको रिट नं. ११६८ को उत्प्रेषणसमेतको रिट निवेदनबाट सम्बोधन हुने प्रकृतिको नै देखिने ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको

च.नं. २२१३, मिति २०६९।०२।०९ को निर्देशन एवं नेपालगन्ज नगरपालिका कार्यालयको च.नं. ७१६१, मिति २०६९।०२।१० को पत्र कार्यान्वयन नगर्नु नगराउनु भनी यस अदालतमा विचाराधीन रहेको २०६८ सालको रिट नं. ११६८ को निवेदनमा अन्तरिम आदेश भएको र यस मुद्दाका निवेदकहरूसमेत बसेको नेपालगन्ज नगरपालिकाको स्वामित्वका सटर भाडामा दिन सार्वजनिक सूचना जारी गरेको विषय र यस अदालतबाट अन्तरिम आदेश जारी भएको रिट निवेदनको तथ्य तथा विषयबस्तु एकै प्रकृतिको देखिएको अवस्थामा निवेदकहरूले रिट निवेदनमा उठाएको विवादको निरूपण यस अदालतमा विचाराधीन रहेको रिट निवेदनबाट हुने नै देखियो। सोही विषयमा पुनरावेदन अदालतले प्रवेश गरी निक्यौलमा पुग्नु उचित र उपयुक्त नदेखिने भन्ने पुनरावेदन अदालतको आदेश न्यायसम्बन्धी प्रचलित मान्य सिद्धान्तअनुरूप नै देखिँदा निवेदन खारेज गर्ने गरेको आदेश नमिलेको भन्ने निवेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लेखित आधार कारणबाट विपक्षी नेपालगन्ज नगरपालिकाले हामी निवेदकहरू बसिरहेको सटरहरू नयाँ प्रक्रियाबाट टेन्डर आह्वान गरी प्रतिस्प्रधाबाट गराउने गरी मिति २०६९।२।११ मा प्रकाशित सूचना कार्यान्वयन नगर्नु भन्ने निषेधाज्ञा र मिति २०६८।१२।२२ मा भएको निर्णय कार्यान्वयन गर्नु भनी परमादेश जारी गरिपाउँ भन्ने निवेदकको निवेदन मागबमोजिमको निषेधाज्ञा परमादेशको आदेश जारी गर्न मिलेन । निवेदकको निवेदन खारेज हुने ठहर्छ भनी श्री पुनरावेदन अदालत नेपालगन्जले मिति २०६९।०४।१७ मा गरेको आदेश मिलेकै देखिँदा सो आदेश सदर हुने।

इजलास अधिकृत : जगदिशप्रसाद भट्ट

इति संवत् २०७४ साल मङ्सिर २४ रोज १ शुभम।

४

**मा.न्या.श्री सारदाप्रसाद धिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७३-CI-०४३३, निषेधाज्ञा, ईश्वरलाल श्रेष्ठ वि. पविता बोगटी (खाती) समेत*

तत्कालीन पुनरावेदन अदालत धनकुटाको मिति २०७३।०२।२७ को फैसलामा विपक्षी पविता बोगटी (खाती) को हकमा प्रतिवादी विमला श्रेष्ठसमेत भएको लेनदेन बिगो मुद्दामा मिति २०७३।०२।०९ मा दोस्रो लिलामी कार्य सम्पन्न भई दण्ड सजायको ६१ नं. बमोजिमको अवधि समाप्त भएपछि दा.खा. पुर्जी दिने गरी मिति २०७३।०२।१० मा निवेदन तामेलीमा रहेको भनी धनकुटा जिल्ला अदालतको मिति २०७३।०२।१४ को पत्रबाट लेखी आएको देखिँदा लिलामसम्बन्धी कार्य सम्पन्न भइसकेको अवस्थामा केहि गर्नुपरेन तथा विपक्षी तिलरूपा दवाडीको हकमा बिगो भराउने कार्यको सिलसिला भएको कारबाहीमा चित्त नबुझे अन्य वैकल्पिक कानूनी उपचारको बाटो हुँदाहुदै रिट क्षेत्रबाट हेरी उपचार दिन नमिल्ने हुँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भन्ने आदेश भएको देखिने।

प्रस्तुत सम्बन्धमा मुलुकी ऐन, दण्ड सजायको ६१ नं. मा फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदार कर्मचारीले गरेको काम कारबाहीमा चित्त नबुझे सरोकारवाला व्यक्तिले सोही अड्डाका हाकिमसमक्ष १५ दिनभित्र उजुर गर्न सक्ने र निजले गरेको निर्णयमा चित्त नबुझे अदालती बन्दोबस्तको महलको १७ नं. बमोजिम पुनरावेदन सुन्ने अड्डामा निवेदन दिन सक्नेछ । त्यस्तो उजुर परेमा उजुर सुन्नेले उजुर परेको मितिले दुई महिनाभित्र कारबाही किनारा गरिदिनुपर्ने छ भन्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ । निषेधाज्ञाको निवेदनबाट उपचार खोज्ने पक्षले सहज र पहुँचयोग्य अन्य उपचार र मार्ग

नरहेको भनी निवेदनमा स्पष्टतः उल्लेख गर्न सक्नुपर्ने हुन्छ। कानूनी उपचारको सहज र पहुँचयोग्य अन्य कुनै मार्ग उपलब्ध नरहेको भनी निवेदकले अदालतलाई आस्वस्त पार्नसक्नु पर्दछ । प्रस्तुत मुद्दामा समयमा नै निवेदकले लिलामी कारबाहीको सुरुदेखिको सबै प्रक्रियाहरूउपर मुलुकी ऐन दण्डसजायको ६१ नं. र अ.बं. १७ नं. बमोजिम उजुर गर्ने कुनै पनि कानूनी प्रक्रियाहरू मौकैमा अवलम्बन गरेको देखिँदैन । यसप्रकार निवेदकले वैकल्पिक कानूनी उपचारको व्यवस्था हुँदाहुँदै उक्त वैकल्पिक कानूनी उपचारको बाटो अवलम्बन नगरी निषेधाज्ञाको निवेदन लिई आएको देखिँदा तत्कालीन पुनरावेदन अदालत धनकुटाले निवेदकको निवेदन खारेज हुने ठहर गरेको आदेश मिलेकै देखिने।

अत: उल्लेखित आधार कारणबाट निवेदकले कानूनबमोजिमको वैकल्पिक उपचारतर्फ नलागी नागरिक अधिकार ऐनअनुसार निषेधाज्ञा निवेदनबाट उपचारको माध्यम अवलम्बन गरी पुनरावेदन अदालत धनकुटामा निवेदन दायर गरी भएको आदेशमा चित्त नबुझी यस अदालतमा पुनरावेदनको जिकिर लिई आएको पुनरावेदन जिकिर पुग्न सक्ने देखिएन । पुनरावेदन अदालत धनकुटाको मिति २०७३।०२।२७ को फैसला सदर हुने।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट

कम्प्युटर : चन्द्रावती तिमल्सेना

इति संवत् २०७४ साल मङ्सिर २४ रोज १ शुभम्।

५

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.**, *०७३-CI-१६४२, निषेधाज्ञा, फुलेश्वरी देवीसमेत वि. जिल्ला प्रहरी कार्यालय, सप्तरीसमेत*

निवेदकहरू विरूद्ध कुनै निवेदन नपरेको पक्राउ गर्ने कुनै प्रयोजन नभएको विपक्षीहरूको लिखित जवाफ भएको हुँदा जिम्मेवार निकायले अन्यथा भनेको होला भनी कुनै ठोस आधार बेगर अनुमान गर्नु पर्ने अवस्थासमेत नदेखिएबाट निवेदकले उल्लेख गरेबमोजिम पक्राउ गर्ने आशंकाको विद्यमानता देखिन नआएको अवस्थामा निवेदन मागबमोजिम निवेदन जारी नगरी खारेज गरेको मिलेन भन्ने पुनरावेदन जिकिर मनासिब नदेखिने।

बाँध बाध्ने कार्य सार्वजनिक प्रकृतिको भएकोले यो कार्यले सर्वसाधारलाई नै फाइदा र हित हुने गर्दछ। यस्तो सार्वजनिक कार्यबाट दुई चारजना व्यक्ति विषेशलाई पर्ने केही सामान्य मर्का र नोक्सानीलाई गम्भीर रूपमा लिनु हुँदैन। तर विवादित खोलामा बाँध बाँध्दा वा सो बाँधको मर्मत गर्दा निवेदकको जग्गा मात्र क्षति हुने गरी कार्य नगर्नु भनी विपक्षीहरूको नाममा पुनरावेदन अदालतबाट जारी भएको निर्देशनात्मक आदेशबाट उक्त विषय सम्बोधन भइसकेको देखिने।

प्राविधिक दृष्टिकोणबाट उपयुक्त देखिएको ठाउँमा नै प्राविधिज्ञको प्रतिवेदनअनुसार बाँध बाध्ने हो। उक्त बाँधबाट निवेदकलगायत नजिकका घरजमिन भएका किसानहरूलाई असर पर्ने भए त्यस बारेको अवस्था प्रस्तुत विवादको स्थितिभन्दा भिन्न पाटो भएको हुँदा निर्माण गर्न लागिएको भनिएको बाँधबाट पर्ने असरको सम्बन्धमा निवेदकहरूले सो अवस्थाअनुसार पछि बेग्लै कानूनी उपचार वा क्षतिपूर्तिको मार्ग अपनाउनु वा बाँध निर्माणलाई नै व्यवस्थित गराउनुपर्ने हुन्छ। निवेदकको कानून प्रदत्त हकाधिकारमा कसैबाट अनधिकृत रूपमा हस्तक्षेपको आशंका विद्यमान देखिएको अवस्थामा मात्र निषेधाज्ञाको आदेश जारी हुन सक्ने हुन्छ। अहिलेलाई प्रस्तुत विवादको मुद्दामा निवेदकको हक अधिकारमा विपक्षीहरूबाट हस्तक्षपको आशंकाको स्थिति निर्विवाद रूपमा पुष्टि हुन सकेको

नदेखिँदा निषेधाज्ञाको आदेश जारी हुन सक्ने अवस्था देखिएन । अतः निवेदन मागबमोजिम आदेश जारी गर्न मिल्ने नदेखिने ।

तसर्थ, उल्लेखित आधार कारणबाट निवेदकहरूको भेगको जग्गाको पूर्वतिर रहेको खोलामा बाँध बाध्न र पानी व्यवस्थापन गर्न रोक लगाउन मिल्ने नदेखिँदा निवेदकहरूको मागबमोजिम आदेश जारी गर्न मिलेन भनी निषेधाज्ञाको निवेदन खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत राजविराजबाट मिति २०७३।०२।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः जगदीशप्रसाद भट्ट
कम्प्युटर: चन्द्रावती तिमल्सेना
इति संवत् २०७४ साल मङ्सिर २४ रोज १ शुभम् ।

६

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०६८-CR-११६६, वैदेशिक रोजगार ठगी, *विकेसप्रसाद चौधरी वि. नेपाल सरकार*

जाहेरवाला सर्वजित रोकायले मिति २०६७।२।२२ को लिखत जबरजस्ती गराएको हो भनी प्रतिवादीले बयानका क्रममा भनेपनि समयमै साधिकार निकायसमक्ष उजुरी गरी लिखत बदर गराउन सकेको देखिँदैन । बदर नभएको लिखत रितपूर्वक भएकै मान्नुपर्ने हुन्छ । वैदेशिक रोजगारको लागि अमेरिका पठाइ दिन्छु भनी रकम लिई रोजगारमा नपठाएको र रकम फिर्ता नगरेको भनी दिएको जाहेरी समर्थन गरी जाहेरवाला सर्वजित रोकायले बकपत्र गरिदिएसमेतका आधारबाट प्रतिवादी विकेशप्रसाद चौधरीले जाहेरवालाबाट निजलाई वैदेशिक रोजगारमा अमेरिका पठाइदिने भनी कागज गरेको तर निजलाई रोजगारमा नपठाएको र लिएको रकमसमेत फिर्ता नगरेको भन्ने देखिन आयो । आफूले लिएको रकम वैदेशिक रोजगारबापतको नभई आफू र जाहेरवालाबिच रहेको पाटनरसिप कारोबारको हिसावबापतको रकम हो भनी प्रतिवादीले वयानमा उल्लेख गरेपनि जाहेरवाला र निजबिच पाटनरसिपमा कारोबार गर्नेसम्बन्धी कुनै सम्झौतापत्रसमेत निजबाट पेस दाखिल हुन सकेको मिसिलबाट नदेखिँदा निजको उक्त जिकिर स्वीकारयोग्य नदेखिने ।

प्रतिवादीउपर वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुर लगाई अभियोग दायर भएको देखिन्छ । उक्त ऐनको दफा १० ले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न निषेध गरेको र दफा ४३ ले कसैलाई वैदेशिक रोगजारमा लगाइदिन्छु भनी झुठो आश्वासन वा प्रलोभन देखाई कुनै रकम लिई विदेश पठाएमा लिएको रकम र सोको ५०% रकम हर्जानाबापत असुल गरी कैदसमेत गर्ने तथा विदेश पठाई नसकेको भए सो सजायको आधा सजाय हुने व्यवस्था गरेको छ । प्रतिवादी विकेशप्रसाद चौधरीले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० बमोजिम वैदेशिक रोजगारको अनुमति लिएको देखिँदैन । अनुमति नलिएपनि निजले जाहेरवालालाई वैदेशिक रोजगारमा अमेरिका पठाई दिने भनी रकम लिई विदेश नपठाएको र रकमसमेत फिर्ता नगरेको भन्ने कुरा माथि उल्लिखित आधार प्रमाणबाट पुष्टि भएको देखिने ।

अत:माथिउल्लिखितआधारकारणसमेतबाट प्रतिवादी विकेशप्रसाद चौधरीले आरोपित कसुर गरेको र विदेश पठाइ नसकेको अवस्था हुँदा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रू.२,००,०००।- (दुई लाख) जरिवाना हुने र वादीको दाबीबमोजिम जाहेरवाला सर्वजित रोकायको बिगो रू. १८,००,०००।- र सोको ५० प्रतिशतले हुने हर्जाना रू.९०००००।- गरी जम्मा रू.२७०००००।- जाहेरवालाले प्रतिवादी सर्वजित रोकायबाट भरी पाउने ठहर्‍याई वैदेशिक रोजगार

न्यायाधिकरण काठमाडौंबाट मिति २०६८।०३।११ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

जलास अधिकृत: जगदीश प्रसाद भट्ट

इति संवत् २०७४ साल चैत्र २१ गते रोज ४ शुभम्।

## इजलास नं.८

१

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** *०७२-CR-०८६६, नकबजनी चोरी, नेपाल सरकार वि. प्रेमबहादुर तामाङ*

प्रतिवादी प्रेमबहादुर तामाङलाई मुलुकी ऐन चोरीको महलको १ र ३ नं. को कसुर अपराधमा सोही महलको १४(१) बमोजिम ९ महिना कैद र बिगो रू. ४२,०००।– जरिवाना हुने गरी फैसला गरी सो फैसलाको तपसिल खण्डको प्रकरण नं. २ मा जाहेरवाला नेपाल टेलिकम ओखलढुङ्गाले प्रतिवादीबाट बिगो रू.४२,०००।– पाउने ठहरी फैसला भएकोले निजको जायजेथा देखाई कानूनका म्यादभित्र दरखास्त दिए कानूनबमोजिम लाग्ने दस्तुर लिई असुल गरिदिनु भन्ने उल्लेख भएको।

प्रतिवादीको साथबाट चोरी भएको सोलार प्यानल बरामद भएको कुरा मिति २०६६।७।१२ को खानतलासी तथा बरामदी मुचुल्काबाट देखिन्छ । बरामद भएको सोलार प्यानल दशीको रूपमा जिल्ला अदालतमा दाखिलसमेत भएको र प्रस्तुत मुद्दाको थुनछेकको क्रममा बरामद सोलार प्यानल जिन्सीमा आम्दानी बाँध्नु भन्ने आदेशसमेत भएको भएको देखिन्छ । यसरी चोरी भएको सोलार प्यानल फेला परी सुरू जिल्ला अदालतमा दाखिला भइसकेको अवस्थामा उपरोक्त चोरीको महलको १०(३) बमोजिम चोरी भएको सोही सोलार प्यानल नै जाहेरवालालाई फिर्ता भराइदिनु पर्नेमा सो नगरी बरामद भएको सोलार प्यानल बराबरको बिगो रू. ४२,०००।– प्रतिवादीको जायजेथाबाट भराई दिने गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला सो हदसम्म नमिलेको।

चोरी भएको सोलार प्यानल प्रतिवादीबाट बरामद भएको हुँदा सोही सोलार प्यानल नै जाहेरवाला नेपाल टेलिकमलाई भराइदिनु पर्नेमा सो नगरी बरामद भएको सोलार प्यानल बराबरको बिगो रू. ४२,०००।– प्रतिवादीको जायजेथाबाट भराई दिने गरी सुरू जिल्ला अदालतबाट मिति २०६८।२।२३ मा भएको फैसलालाई सदर गर्नेगरी पुनरावेदन अदालत राजविराजबाट मिति २०७०।६।९ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टि भई बरामद भएको सोलार प्यानल चोरीको महलको १०(३) नं. बमोजिम जाहेरवाला नेपाल टेलिकमलाई फिर्ता भराईदिने ठहर्ने।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७४ साल असोज २२ गते रोज १ शुभम।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७२-CI-००६९, उत्प्रेषण / परमादेश, यमबहादुर क्षेत्री वि. रूपन्देही जिल्ला अदालतसमेत*

पुनरावेदक यमबहादुर क्षेत्रीलाई पार्वती गन्धर्वको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पुनरावेदक यमबहादुर क्षेत्री भएको संवत् २०६२ सालको स.फौ.नं. ५७ को जबरजस्ती करणी मुद्दामा रूपन्देही जिल्ला अदालतबाट मिति २०६३।३।२२ मा भएको अन्तिम फैसलाले ७ वर्ष कैद सजाय हुने ठहरी निज फैसला कार्यान्वयनको सिलसिलामा मिति २०७१।३।१८ मा पक्राउ परी विपक्षी इलाका प्रहरी कार्यालय बुटवलले विपक्षी रूपन्देही जिल्ला

अदालतमा मिति २०७१।३।१९ मा पेस गरी उक्त अदालतबाट मिति २०७१।३।१८ देखि कैद कट्टा हुने गरी मिति २०७१।३।१९ मा कैदी पुर्जी दिई कारागार कार्यालय, रूपन्देहीमा पठाएको भन्ने मिसिल संलग्न उक्त रूपन्देही जिल्ला अदालतको फैसला निवेदन बेहोरा एवं विपक्षीहरूको लिखित जवाफसमेतबाट देखिन्छ । मिति २०६०।१।३० मा निवेदकको अंश रोक्कासमेत भएको भन्ने उक्त रूपन्देही जिल्ला अदालतको फैसलाबाट देखिएको र म्यादसमेत निजको घर दैलोमा टाँस भई अ.बं. ११० नं. बमोजिमको रित पुर्‍याई तामेल भएको निवेदन साथ पेस भएको तामेली म्यादको फोटोकपीसमेतबाट देखिन्छ । पुनरावेकदको नाममा मिति २०५९।२।१८ मा तामेल भएको वारेन्ट तथा म्यादी पुर्जी रूपन्देही जिल्ला रूद्रपुर गा.वि.स. वडा नं. ९ मा रितपूर्वक तामेल भएकोमा पुनरावेदकले वडा नं. ८ र ९ मा घर जग्गा रहेको कुरालाई स्वीकार गर्दै आएको अवस्थामा वडा नं. ९ स्थित निजको घर दैलोमा टाँस भई तामेल भएको म्याद अ.बं. ११० नं. बमोजिमको रितपूर्वक नै रहेको।

फैसला कार्यान्वयनको सिलसिलामा पुनरावेदक पक्राउ परी कैदी पुर्जी दिई कैदमा राखिएको अवस्थामा वास्तविक बसोबास वडा नं. ८ मा भएको हुँदा बस्दै नबस्ने गरेको वडा नं. ९ को घरमा मौजा गाउँ बाबु बाजेको नामसमेत नखुलाई सम्बन्धित वडाका सचिवलगायत स्थानीय २ जना भलादमी राख्नु पर्नेमा कुनै पनि सदस्य, सचिव नराखी तामेल भएको म्याद बेरितको भएकोले उक्त तामेली म्याद बदर गरिपाउँ भनी रूपन्देही जिल्ला अदालतमा मिति २०७१।५।६ मा निवेदन गर्दा अ.बं. २०८ नं. को म्यादभित्र निवेदन परेको नदेखिँदा म्याद रित बेरितसम्बन्धी तथ्यमा प्रवेश गर्न मिलेन भनी रूपन्देही जिल्ला अदालतबाट मिति २०७१।६।३ मा आदेश भएको।

उक्त अ.बं. २०८ नं. को म्याद नाघी निवेदन परेको कारणबाट तथ्यमा प्रवेश गर्न मिलेन भन्ने जिल्ला अदालतबाट आदेश भएको देखिएको हुनाले उक्त अ.बं. २०८ नं. म्याद तामेलसम्बन्धी भएको कानूनी व्यवस्था हेर्नु पर्ने देखियो।

फैसला कार्यान्वयनको सिलसिलामा मिति २०७१।३।१८ मा पक्राउ परी मिति २०७१।५।६ मा पेस भएको निवेदनलाई अ.बं. २०८ बमोजिमको म्यादभित्र निवेदन परेको भन्न सकिने अवस्था नदेखिने।

जबरजस्ती करणी मुद्दाको फैसला कार्यान्वयनको सिलसिलामा पक्राउ परी रूपन्देही जिल्ला अदालतको आदेशबमोजिम मिति २०७१।३।१९ मा कैदी पुर्जी दिई कारागार कार्यालय, रूपन्देहीमा अ.बं. २०८ बमोजिमको म्यादभित्र निवेदन नदिएको हुँदा कानूनबमोजिम रितपूर्वक तामेल भएको म्याद फैसला तथा आदेशसमेत बदर गर्नुपर्ने अवस्था नहुँदा निवेदन मागअनुसार उत्प्रेषणलगायत परमादेशको आदेश जारी गर्न मिल्ने देखिएन भन्ने पुनरावेदन अदालत बुटवलको आदेशलाई अन्यथा भन्न नसकिने।

प्रतिवादीलाई कानूनबमोजिम रितपूर्वक तामेल भएको म्याद, प्रक्रियागत एवम् कानूनबमोजिमको फैसला तथा आदेशसमेत बदर गर्नुपर्ने अवस्था नहुँदा मागबमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था देखिँदैन । पुनरावेदन अदालत बुटवलको मिति २०७१।१०।२८ को आदेश सदर हुने ठहर्ने।

इजलास अधिकृत: उदवीर नेपाली

इति संवत् २०७४ साल मङ्सिर २८ गते शुभम्।

३

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०७१- CI-१०४१, निषेधाज्ञा, बद्रीप्रसाद गुप्ता*

*वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

निवेदकले आफ्ना बाजेले दानपत्र पारित गरी मन्दिरको नाउँमा दिएको जग्गाको रेखदेख, संरक्षणको लागि ४ जना संरक्षकहरू राखेकोमा ३ जनाको मुत्यु भइसकेको र एकजना मात्र संरक्षक जीवित रहेकोमा निजसमेत वृद्ध भएकाले दानपत्र दिने आफ्नो बाजे भएको नाताले सोको संरक्षणमा आफ्नो भूमिका हुनुपर्ने भन्ने निवेदकको मुख्य आसय रहेको देखियो । श्री भगवान शंकर पार्वती मन्दिर शिवालयका नाममा दर्ता रहने गरी पुनरावेदकका बाजेले दानपत्रको कागजमार्फत हक छाडी दिएको उक्त जग्गामा दाताको नाती भएकै कारणले विपक्षी सुन्दरलाल भुजवाको हक कायम हुने होइन । उक्त मन्दिरलगायत मन्दिरको नाममा दिएको जग्गाको रेखदेख, संरक्षण, सम्बर्द्धन, पुजा भण्डारा, अतिथि सत्कारलगायत धार्मिक कार्यहरू गर्न विपक्षीहरूले बिघ्नबाधा पुऱ्याएको भन्ने अवस्था पनि कहीँकतैबाट देखिँदैन । बाजेले रेखदेख संरक्षण गर्न राखेका व्यक्तिहरूमध्ये एकजना संरक्षक जीवित नै रहेको भन्ने बेहोरा रिट निवेदनमा नै उल्लेख भएको अवस्थामा निजको समेत मन्जुरीमा यो निवेदन दिएको पनि नदेखिने ।

सामाजिक कार्य गर्ने उद्देश्यले संविधान तथा कानूनबमोजिम कुनै संस्था दर्ता गर्न पाउने सबै नागरिकको मौलिक अधिकारको विषय भएको र उक्त संस्था कानूनतः दर्ता हुन सक्ने वा नसक्ने भन्ने निर्णय गर्ने अधिकार जिल्ला प्रशासनलाई रहेको अवस्थामा जिल्ला प्रशासन कार्यालयले आफ्नो लिखित जवाफमा शिव पार्वती एवं कालीमाता मन्दिर व्यवस्थापन समिति नामक संस्था दर्ता गर्न विधानसहित निवेदन यस कार्यालयमा दर्ता गराएकोमा निवेदनको कारबाहीको सिलसिलामा यस कार्यालयबाट हकदाबीको सार्वजनिक सूचना प्रकाशित हुँदा सुन्दरलाल भुजुवासमेतको विरोध पर्न आएबाट छलफलसम्म भएको हो । दुवै पक्षको सहमति हुन नसकेबाट संस्था दर्ता गर्ने कार्य भएको छैन भनी लिखित जवाफ पेस गरेको देखिन्छ। एकातिर जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता गर्ने निवेदन दिँदैमा निवेदकको संविधान तथा कानूनबमोजिमको हक उल्लङ्घन भएको वा आघात पुगेको वा पुग्ने आशंका रहेको भन्ने कुरा कहीँकतैबाट देखिँदैन भने अर्कोतिर संस्था दर्ता गर्ने कार्यले दाताले दिएको जग्गाको स्वामित्व परिवर्तन हुने अवस्थासमेत हुँदैन । यसरी जिल्ला प्रशासनमा संस्था दर्ता गर्न निवेदन दिँदैमा निवेदकको कुनै हकमा प्रतिकूल असर पर्ने प्रवल आशंकासमेत विद्यमान नरहेको हुँदा रिट खारेज हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न सक्ने वा नसक्ने निर्णय गर्ने अधिकार जिल्ला प्रशासन कार्यालयमा निहित रहेको र संस्था दर्ता गर्ने कार्यले दाताले दिएको जग्गाको स्वामित्व परिवर्तन हुने अवस्थासमेत नदेखिएको तथा विपक्षीहरूले संस्था दर्ता गराउन दिएको निवेदनकै कारण रिट निवेदकको संविधान तथा कानूनबमोजिमको हकमा प्रतिकूल असर पर्ने आशंकासमेतको विद्यमानता रहेको नदेखिँदा निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७१।०४।२१ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्ने ।

इजलास अधिकृत: उदविर नेपाली

इति संवत् २०७४ साल मङ्सिर २८ गते रोज ५ शुभम्।

४

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-१५६५, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. नानु के.सी. भन्ने बिमलाकुमारी बस्नेत*

प्रतिवादी नानु के.सी. भन्ने बिमलाकुमारी बस्नेतले वैदेशिक रोजगार विभागका अनुसन्धान अधिकृतसमक्ष बयान गर्दा मैले विष्णु कुँवरलाई विरामी हुँदा उपचारमा सहयोग गरेको हुँ, निजलाई झुक्याई रकम लिएको होइन, निजलाई साउथ अफ्रिका पठाउँछु भनेको छैन । विरेन्द्र सिंह साउदले विष्णु कुँवरलाई रकम दिएका हुन् । उक्त रकम विष्णु कुँवरको उपचारमा खर्च भएको हो । राजकुमार बुढाथोकीसँगको कारोबार विष्णु कुँवरको व्यक्तिगत कारोबार हो । निजहरूको राहदानी मैले लिएको होइन, को कसले लिएको हो मलाई थाहा छैन । मैले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजत अनुमति लिएको छैन भनी बयान गरेको र न्यायाधिकरणसमक्ष बयान गर्दासमेत मैले जाहेरवालासमेतलाई वैदेशिक रोजगारमा पठाइदिन्छु भनी कुनै रकम लिएको होइन । जाहेरवालामध्येका विष्णु कुँवर क्षेत्रीलाई वी.पि. स्मृति हस्पिटलमा दुई पटक अपरेसन गर्दा लागेको खर्च मैले नै बेहोरेकी हुँ । उक्त उपचार गर्दा लागेको खर्च रू.१,३०,०००।- (एक लाख तीस हजार) मैले विष्णु कुँवर क्षेत्रीबाट पाउनुपर्ने हो । जाहेरवालाहरूको राहदानी मैले लिएकी छैन र मैले कुनै कागज गरेकी छैन । मैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमतीपत्र लिएकी छैन । मलाई वैदेशिक रोजगारसम्बन्धी केही थाहा छैन भनी कसुरमा इन्कार रही बयान गरेको ।

प्रतिवादी नानु के.सी. भन्ने विमलाकुमारी बस्नेतलाई विरेन्द्र सिंह साउदले मेरो रोहबरमा नगद रू.२८,०००।- (अठ्ठाइस हजार) र आफ्नो सक्कल राहदानीसमेत दिएको भनी सागर खनालले र राजकुमार बुढाथोकीले रू.७५,०००।- (पचहत्तर हजार) र निजको छोरा राजिव बुढाथोकीको सक्कल राहदानी मेरै रोहवरमा दिएको हो भनी देखी जान्ने साक्षी गजेन्द्रप्रसाद पौडेलले अनुसन्धान अधिकृतसमक्ष गरेको कागज मिसिल संलग्न देखिए तापनि प्रतिवादी नानु के.सी. भन्ने बिमलाकुमारी बस्नेतले न्यायाधिकरणसमक्ष बयान गर्दा निजहरूलाई आफूले नचिनेको कुरा उल्लेख गरेको ।

जाहेरवाला विष्णु कुँवर भन्ने विष्णुबहादुर कुँवर क्षेत्री, विरेन्द्र सिंह साउद र राजकुमार बुढाथोकीले प्रतिवादी नानु के.सी. भन्ने बिमलाकुमारी बस्नेतले वैदेशिक रोजगारमा पठाइदिने भनी रकम, नागरिकता र राहदानी लिएको भनी जाहेरीमा उल्लेख गरेको भएपनि उल्लेखित जाहेरी बेहोरा पुष्टी हुने गरी उक्त रकम लिएको कुनै लिखत कागजहरू पेस गरी जाहेरी बेहोरालाई समर्थन गराउन सकेको पाइँदैन । निजहरूले वैदेशिक रोजगार न्यायाधिकरणमा बकपत्र गर्दासमेत आफूले प्रतिवादीलाई रकम दिएको कुनै प्रमाण छैन भनी लेखाएको पाइन्छ । रकम दिएको भन्ने तथ्यगत आधार, प्रमाण बेगर मौखिक कथनको आधारमा मात्र रकम दिएको भन्ने विश्वासलायक केही प्रमाणहरू देखिँदैन । वैदेशिक रोजगारको लागि रकम लिई कागज गरिदिएको अवस्था पनि नरहेको र वैदेशिक रोजगार गर्ने व्यक्ति भएको भन्नेसमेत देखिँदैन । मौखिक रूपले मात्र वैदेशिक रोजगारको लागि रकम दिएको भन्ने कथन विश्वासलायक नदेखिएको र रकम दिएको कुरालाई पुष्टि गर्ने तथ्यगत आधारसमेत नदेखिँदा प्रमाणको अभावमा वैदेशिक रोजगारको लागि रकम लिनुदिनु गरेको पुष्टि प्रमाणित नहुने ।

प्रतिवादी नानु के.सी. भन्ने विमलाकुमारी बस्नेतले सुरू अनुसन्धान तथा न्यायाधिकरणमा बयान गर्दा आरोपित कसुरमा पूर्ण रूपमा इन्कार रही बयान गरेको देखिन्छ । जाहेरवालाहरूले आफूले यी प्रतिवादीलाई वैदेशिक रोजगारका लागि रकम दिएको

भनी उल्लेख गरे तापनि प्रतिवादीले यी जाहेरवालासँग रकम बुझिलिई जापान तथा दक्षिण अफ्रिका मुलुकमा वैदेशिक रोजगारमा पठाइदिन्छु भनी जाहेरवालाहरूबाट कुनै रकम बुझिलिएको लिखत कागज वा अन्य कुनै प्रमाण मिसिल संलग्न देखिँदैन। बरामद भएका राहदानी पनि प्रतिवादीको साथबाट बरामद भएको नभई लजको बन्दकोठाबाट बरामद भएको भन्ने उल्लेख भएको देखिन्छ। यसरी केवल ठगी गर्नेलाई कारबाही गरिपाउँ भन्ने निवेदनको आधारमा यी प्रतिवादीले अभियोग मागदाबीबमोजिमको कसुर गरेको भनी भन्न नमिल्ने।

प्रतिवादी नानु के.सी. भन्ने बिमलाकुमारी बस्नेतले जाहेरवालाहरूलाई वैदेशिक रोजगारको लागि दक्षिण अफ्रिकालागायत विभिन्न मुलुकमा पठाइदिन्छु भनी झुट्ठो आश्वासन दिई जाहेरवालाहरूसँग रकम लिई निजहरूलाई वैदेशिक रोजगारमा नपठाई जाहेरवालाहरूको रकम लिएखाएको भन्ने अभियोग दाबी पुष्टि हुन नसकेको अवस्थामा बिना आधार, प्रमाण यी प्रतिवादीलाई कसुरदार ठहर गर्न मिल्ने नदेखिँदा यी प्रतिवादीलाई अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले आरोपित कसुर गरेको भन्ने वादी नेपाल सरकारको तर्फबाट तथ्ययुक्त प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिँदा प्रतिवादी नानु के.सी. भन्ने विमलाकुमारी बस्नेतले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७४।०२।२९ भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृत: मञ्जु शर्मा

कम्प्युटर: समी नेपाली

इति संवत् २०७७ साल जेठ ०७ गते रोज ४ शुभम्।

## इजलास नं.९

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०७३-CR-१२२५, मानव बेचबिखन तथा ओसारपसार, सम्झना वि.क. वि. नेपाल सरकार*

प्रतिवादीले जाहेवालालाई आफूले भारत जाने भनी सँगै लगेको कुरालाई स्वीकार गरिदिएको अवस्थामा जाहेरवालाको भारत जानको उद्देश्य तथा प्रयोजन र भारत जान पनि यी पुनरावेदक / प्रतिवादीको सँग साथमा नै जानु पर्नाको कुनै वैध कारण खुलाउन सकेको पाइँदैन। यी प्रतिवदीले जाहेरवालालाई बाटोमा सिमामा सोधपुछ गरेमा विदेश जाने नभन्नु भारततर्फ घुम्न जाने हो भनी भनेको भन्ने जाहेरवालाको बयानमा उल्लेख छ। यसरी भन्नुको कारण के हो भन्ने पनि पुनरावेदकले खुलाउन सकेको पाइँदैन। त्यस्तै यी पुनरावेदकको बयानबाट नै निजहरू २०६९/११/५ मा नेपालगन्जबाट भारतको सिमाना रूपैडिया पुगेको भन्ने देखिन्छ। निजलाई मिति २०६९/११/९ मा मात्र तत्कालीन नेपालगन्ज नगरपालिका वडा नं. ९ बाट पक्राउ गरिएको भन्ने पक्राउ पुर्जी तथा सोको प्रहरी प्रतिवेदनबाट देखिएको छ। यसबाट रूपैडियामा चेक जाँचका क्रममा निज पुनरावेदक भागेर नेपालगन्ज आएको भन्ने जाहेरवालाको भनाइ पुष्टि हुन जान्छ। यदि निजले कसुर नगरेको भए अर्थात् निजको दूषित मनसाय नभएको भए निजले यसरी भाग्नु पर्ने नै थिएन। यसबाट पनि निजले दूषित मनसायका साथ जाहेरवालालाई भारततर्फ लग्न साथमा लिएर गएको स्पष्ट हुन जाने।

प्रतिवादीले पीडितलाई के कति कारणबाट

नवलपरासीबाट नेपालगन्ज ल्याई भारततर्फ लैजानु परेको हो र यसरी पीडितलाई बिनाकारण सँगै भारत जाने भनी सँगै ल्याउनु, बाटोमा सिमामा यस्तो भन्नु भनी सिकाउनु र नेपाल भारतको सिमानामा पुग्दा प्रहरी र माइती नेपालका कर्मचारीहरूले निजलाई सोधपुछ गर्दा यी पुनरावेदक प्रतिवादी त्याहाँबाट भागेको जस्ता शंकास्पद गतिविधि र त्यस्ता गतिविधि गर्नाको युक्तियुक्त कारण र प्रमाणहरू निजबाट पेस हुन नसकेको अवस्थामा यी पुनरावेदक प्रतिवादीलाई निर्दोष रहेको भनी भन्न नसकिने।

कसुर गरेको होइन भनी प्रतिवादीले जिकिर लिएमा सोको प्रमाण पुऱ्याउने अभिभारा प्रतिवादीमा नै निहित रहने अवस्थामा निज पीडितले जाहेरी तथा बयानमा उल्लेख गरेका कसुरसँग सम्बन्धित गतिविधि आफूले नगरेको भनी प्रमाणित गर्न सकेको छैन। साथै त्यस्ता गतिविधि गर्नाको बैध कारण र औचित्यता पनि देखाउन सकेको पाइँदैन। यस्तो अवस्थामा यी पुनरावेदकले कसुर नगरेको भनी सफाइ दिन मिल्ने नदेखिँदा निजलाई अभियोग दाबीअनुसार सजाय गर्ने गरेको सुरू फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेको नै देखिन आउने।

अतः उल्लेखित आधार, कारण र प्रमाणहरूबाट सुरू बाँके जिल्ला अदालतबाट मिति २०७१/०९/२८ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत नेपालगन्जबाट मिति २०७३।२।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: मञ्जु खड्का

इति संवत् २०७४ साल चैत २० गते रोज ३ शुभम्।

## २

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६६-WO-०४९४, उत्प्रेषण, चित्र सिंह विश्वकर्मा वि. सञ्चालक समिति, कृषि विकास बैंक लिमिटड केन्द्रिय कार्यालयसमेत

निवेदक चित्र सिंह विश्वकर्मा कृषि विकास बैंक, शाखा कार्यालय भैरहवामा ऋण अधिकृत पदमा कार्यरत रहेको र सो समयमा बोहरन प्रसाद धोवीसमेतका विभिन्न ऋणीलाई ऋण प्रवाह गरेको भन्ने मिसिल सामेल रहेका निवेदन र लिखित जवाफसमेतका कागजातहरूबाट देखिन आयो। निज निवेदकले ऋणीहरूलाई ऋण प्रवाह गर्दा धितोको अधिक मूल्याङ्कन गरी बैंकलाई हानि नोक्सानी पुऱ्याएको भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उजुरी परेको र सो सम्बन्धमा कृषि विकास बैंक, सुपरीवेक्षण तथा नियन्त्रण कार्यालय, भैरहवाबाट जाँचबुझ गर्दा निवेदकबाट धितो मूल्याङ्कन गर्दा सजगता नअपनाएको हुँदा धितो लिलामबाट असुलउपर हुन नसकेको रकम धितो मूल्याङकन गर्नेबाट असुलउपर गर्ने भनी प्रतिवेदन दिएको देखियो। निवेदकले मिति २०६०।१२।३० देखि लागु हुने गरी स्वेच्छिक अवकाश लिएको र सोबापत निजले रू.२२,०५,२२३।६० रकम पाउने देखिने।

सोमध्ये रू.७,००,५००।- रकम बैंकले निवेदकले ६ जना ऋणीलाई ऋण प्रदान गर्दा धितो मूल्याङ्कन गर्दा मार्जिन नकटाएको कारण बैंकलाई हानि नोक्सानी पुऱ्याएको रू.२५,९७,१३०/- मध्येको रकम असुलउपर गर्न धौटी खातामा राखेको र मिति २०६४/१/१६ मा असुलउपर गर्ने भनी निर्णय गरेको देखियो। निर्णय गर्नु अघि बैंकले स्पष्टीकरण पेस गर्न मिति २०६३।११।१७ को पत्र पठाएको र सो सम्बन्धमा निवेदकले ऋण लगानी गर्दा गलत मनसायका साथ बैंकलाई हानि नोक्सानी पुऱ्याउने गरी लगानी नगरेको भनी स्पष्टीकरणसमेत पेस भएको देखिने।

मिसिल संलग्न कागजात हेर्दा निवेदकले

स्वेच्छिक अवकाश लिएबापत पाउने सञ्चय कोषसमेतको रू.२२,०५,२२३।६० मध्ये असुलउपर भएको रकम रू.७,००,५००।- बाहेकको अन्य रकम निजले बुझेको देखिन्छ । निज निवेदकलाई बैंकले मिति २०६३।११।१७ मा स्पष्टीकरण सोधेको र मिति २०६४।१।१६ मा निर्णय गरी उक्त रू.७,००,५००।- रकम असुलउपर गर्ने निर्णय गरेको मिसिलबाट देखिन्छ। निवेदकले सो सम्बन्धमा कानूनसम्मत् ऋण प्रवाह गरेको हुँदा सो निर्णय बदर गरिपाउँ भनी माग गरेकोसमेत नदेखिने।

निजले स्वेच्छिक अवकाश योजनाबाट प्राप्त रकमबाट वञ्चित हुँदा संविधान प्रदत्त सम्पत्तिसम्बन्धी हक हनन भएकोले उक्त रकम उपलब्ध गराई पाउँ भनी दाबी लिएको र निज विलम्ब गरी मिति २०६६।९।१ मा मात्र यस अदालत प्रवेश गरेकोसमेत देखिन्छ । निवेदकले निवेदनमा बैंकले कारबाही गरी निजले पाउनु पर्ने रकमबाट कट्टा गरेको रकम पाउन परमादेशको माग गरेको देखिन्छ । तर निवेदकलाई कारबाही गर्दा गरेको निर्णय बदर गरी कानूनसम्मत् ढङ्गबाट निर्णय गर्नका लागि परमादेशको माग गरेको देखिँदैन। यसबाट समेत निवेदकले सफाहात लिएर अदालत प्रवेश गरेको नदेखिने।

निवेदकले आफूले बैंकलाई हानि नोक्सानी पुऱ्याउने गरी ऋणको धितो मूल्याङकन गरेको हैन भने पनि ऋणीहरूलाई ऋण प्रवाह गर्न धितोको मूल्याङ्कन गर्दा नियमपूर्वक मार्जिन कटाएको थिए भन्न सकेको देखिँदैन। बैंकले निवेदकले ऋण प्रवाह गर्ने धितो मूल्याङकन गर्दा धितोमा मार्जिन कट्टा नै नगरी बैंकलाई रू.२५,९७,१३०।- हानि नोक्सानी पुऱ्याएको भनी जाँचबुझसमेत गरी निर्णय गरेकोसमेत देखिन्छ। सो सम्बन्धमा निवेदकले मैले मार्जिन कटाएर मात्र ऋण प्रवाह गरेको थिएँ भनी स्पष्ट रूपले खण्डन गर्न सकेकोसमेत नदेखिने।

अत: निवेदक ढिलो गरी अदालत प्रवेश गरेको देखिएको, निवेदन मागदाबी गर्दा आफूलाई भएको कारबाही गलत हो भनी स्पष्ट खण्डन गर्न नसकेको र परमादेश माग गर्दा कट्टा भएको रकम उपलब्ध गराई पाउँ भनी निर्णय बदर सम्बन्धमा उल्लेख नगरी आफूले पाउने रकम मात्र माग गरेकोबाट निवेदकले सफाहात लिई अदालत प्रवेश गरेको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनु पर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विष्णुप्रसाद आचार्य

इति संवत् २०७४ साल कार्तिक २१ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-CR-०६०९, मानव बेचबिखन, नेपाल सरकार वि. जगदीश भट्टसमेत*

जाहेरवालालगायत बुझिएका कुनै पनि व्यक्तिले यी प्रतिवादीले नै पीडित राधाकुमारी लुहारलाई बेचेका हुन् भनी स्पष्टरूपमा खुलाई लेखाउन सकेको पाइएन । मिति २०६४/०५/१५ गते यिनीहरूसँगै भारत वनवासा गएको कुराका आधारमा शंकासम्म गरेको देखिन आउँछ । २०६४/०५/१५ गते भारत वनवासा गई उतैबाट हराएको भन्ने कथन नरहेको अवस्थामा १६ गते पनि यिनै जगदीश भट्टले लगेको भनी अनुमान गर्न मिल्ने देखिँदैन। पीडित राधाकुमारी लुहारले लेखेको भनिएको पत्र नै निजको हस्ताक्षर होइन भनी विशेषज्ञबाट राय आएको र सो रायलाई वादी पक्षबाट अन्यथा भन्न नसकेको अवस्थामा प्रतिवादी जगदीश भट्ट र पीडित राधाकुमारी लुहारका बिच त्यस्तो कुनै सम्बन्ध रहे भएको कुरा पनि स्थापित हुन सकेको देखिएन । जाहेरवालाका फरकफरक अभिव्यक्तिबाट निजले प्रतिवादी जगदीश भट्टउपर

कस्तो अभियोग लगाउन खोजेको हो भन्ने कुरा स्पष्ट नभएको अवस्थामा यी प्रतिवादीले कसुर गरेको हुन सक्छ भन्ने कुराको तथ्ययुक्त निराकरण नगरी मानव बेचबिखनको कसुर स्थापित गर्न खोजेको पाइयो । पूर्व चिरपरिचित टोल छिमेकका महिलासँग कुराकानी भएको र भारतसँगको सिमानामा बसोबास गर्ने व्यक्तिहरूलाई सीमावर्ती शहरमा पीडित हराउनुभन्दा अघिल्लो दिन सँगै देखेको भन्ने आधारमा मात्र मानव बेचबिखन तथा ओसार पसार जस्तो गम्भीर अपराधमा कसुरदार ठहर गर्नु न्याय र कानूनको दृष्टिमा उचित देखिन नआउने ।

मिति २०६४/०५/१६ गते प्रतिवादी जगदीश भट्टसमेत सँग यी पीडित राधाकुमारी लुहार गएकी भन्ने संकलित प्रमाणबाट पुष्टि गर्ने तथ्ययुक्त ठोस र शंकारहित सबुद प्रमाणको अभावमा प्रतिवादी जगदीश भट्टलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिम २० वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना गर्ने गरेको सुरू कञ्चनपुर जिल्ला अदालतको २०६६/०२/२० को फैसला मिलेको नदेखिँदा सो हदसम्म उल्टी भई प्रतिवादी जगदीश भट्टले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी तथा प्रतिवादी अशोक सिंहको हकमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६७/०४/१६ मा भएको फैसला मनासिब नै देखिने ।

अतः विवेचित आधार, कारण र प्रमाणहरूसमेतबाट प्रतिवादी जगदीश भट्टले कसुर गरेको देखिएकोले अभियोग मागदाबीबमोजिम २०(बीस) वर्ष कैद र दुई लाख रूपैयाँ जरिवाना हुने र प्रतिवादी अशोक सिंहले अभियोग दाबीबमोजिमको कसुर गरेको नदेखिँदा अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू कञ्चनपुर जिल्ला अदालतबाट मिति २०६६/२/२० मा भएको फैसलामा प्रतिवादी जगदीश भट्टको हकमा सुरू अदालतबाट भएको फैसला उल्टी भई अभियोग दाबीबाट सफाइ पाउने र प्रतिवादी अशोक सिंहको हकमा सुरू अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत महेन्द्रनगरबाट मिति २०६७/३/१६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर: चन्दनकुमार मण्डल
इति संवत् २०७४ साल चैत्र २६ गते रोज २ शुभम् ।

## इजलास नं.१०

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०६७-CR-००९०, ०५१७, वन इजाजत वन पैदावर (लोठसल्ला जडिबुटी) संकलन, प्रशोधन, बिक्री वितरण, नेपाल सरकार वि. निलम मेडिसन ई.प्रा.लि. नयाँपाटी काठमाडौं, निलम मेडिसिन इन्डस्ट्रिज प्रा.लि. नयाँपाटी काठमाडौं वि. नेपाल सरकार*

प्रतिवादीहरू कुलानी जडिबुटी र निलम मेडिसन ई.प्रा.लि. र सो सम्बद्ध सञ्चालक व्यक्ति भएको भन्ने देखिन्छ । कुलानी जडिबुटी प्रशोधन ई.प्रा.लि.को प्रोपाइटर भरतकुमार बस्नेत भएको देखिन्छन । त्यस्तै निलम मेडिसिन ई.प्रा.लि. स्वीकृत प्राप्त संस्था भई यसका सञ्चालकहरू चिनिया नागरिक लि. क्वी, हु चुनहुवा हानसावन, हाङदेकिङ र नेपालीमा जिम्मे डोग सेसङ र टग्यान गुरूङ रहेको देखिन्छन् । निलम मेडिसिन ई.प्रा.लि.मा बरामद लौठसल्ला ८५६१.५० के.जी. बरामद भएकोमा ४७२५ के.जी. लौठसल्ला

कुलानी जडिबुटीका तर्फबाट भरतकुमार बस्नेतले उपलब्ध गराएको भन्ने देखिन्छ। कुलानी जडिबुटीका प्रोपराइटर रहेका प्रतिवादी भरतकुमार बस्नेतले निलम मेडिसिन इ.प्रा.लि.लाई Supply गरेको ४७२५ के.जी. निजले काभ्रे वन कार्यालयबाट अनुमति पाएको परिमाणभित्रैबाट उपलब्ध गराएको देखिँदा गैरकानूनी देखिएन । तसर्थ निज तथा कुलानी जडिबुटीलाई सफाइ दिएको सुरू इन्साफ सदर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा मान्न नमिल्ने।

निलम मेडिसिन इन्डस्ट्रीबाट बरामद भएका लौठसल्ला ४१६४.२९ के.जी. र ४२ के.जी. चिराइतोको परिमाण वन कार्यालयबाट कानूनबमोजिम अनुमति प्राप्त गरी संकलन गरेको भन्ने प्रमाण पेस गर्न सकेको पाइएन। अतः उक्त परिणामको लौठसल्ला र चिराइतो अवैध तरिकाबाट संकलन र भण्डारण भएको तथ्य स्थापित हुन आएको देखियो। उक्त इजाजतविहीन संकलन भण्डारण कार्य वन ऐन, २०४९ को दफा ४९ (घ) विपरीतको कसुर अपराध भएको देखिने।

प्रतिवादीले मिति २०६१।५।२९ को वन विभागमा पेस गरेको उजुरी पत्र कम्पनीको Letter pad मा लेखी हस्ताक्षर गरी उजुरी गरेका, निजहरू कम्पनीबाट कानूनी रूपमा अलग भएको भन्ने नदेखिएको, प्रतिवादीहरू आफैँद्वारा सञ्चालनमा रहेको निलम मेडिसिन ई.प्रा.लि.बाट गैरकानूनी लौठसल्ला ४१६४.२९ के.जी. र ४२ के.जी. चिराइतोको परिमाण भेटीएको तथ्य, प्रतिवादी निलम मेडिसिन ई.प्रा.लि. र यसका सञ्चालकहरूबाट कहाँ, कसरी, स्वीकृत लिई संकलन प्रशोधन बिक्री वितरण गरेका हुन् भन्ने सम्बन्धमा निजहरूले सोबारे अदालतसमक्ष विश्वसनीय प्रमाण पेस गर्न नसकेको र आफूबाहेक अन्य कम्पनिका व्यक्तिको संलग्नता रहेको भन्ने वस्तुनिष्ट प्रमाण पेस गर्न सकेको पनि नदेखिने।

कानूनी व्यक्तिको हैसिएत प्राप्त कम्पनीले प्राकृतिक व्यक्तिको जस्तो अपराधिक कार्य गर्ने नभई कम्पनी प्राकृतिक व्यक्तिबाट सञ्चालन हुने हुँदा फौजदारी अपकार वा गल्तीको दायित्व कम्पनीले बेहोर्नु पर्ने नभई कम्पनीको तर्फबाट कार्य गर्ने व्यक्तिले फौजदारी दायित्व बेहोर्नु पर्ने । यस्तो अवस्थामा अन्यथा प्रमाणित नभएसम्म यी पुनरावेदक प्रतिवादीसमेतको समूहबाट सञ्चालित रहेको निलम मेडिसिन ई.प्रा.लि.को परिसर तथा कारखानाको सबै गतिविधि र भण्डारणको कार्यमा यसका सञ्चालकहरू वा पदाधिकारीहरू नै जिम्मेवार हुनु पर्ने देखिन्छ । साथै फौजदारी मुद्दामा जाहेरी निवेदन दिएको भन्ने कारणबाट यी प्रतिवादीले फौजदारी मुद्दाको दायित्वबाट स्वतःउन्मुक्ति पाउन सक्ने अवस्था नरहने।

प्रतिवादी जिग्मे डोसेसाङ स्वयं प्रबन्धक सञ्चालक भई कार्य गरिरहेको निलम मेडिसिन ई.प्रा.लि.को परिसरबाट लौठसल्ला ४१६४.२९ के.जी. र ४२ के.जी. चिराइतो अनुमति विना संकलन गरी भण्डारण गरिएको तथ्य रहेको, उक्त कार्य अभियोग दाबीअनुरूपको कसुर ठहरेको अवस्था एवं यी पुनरावेदक प्रतिवादीसमेतको समूहबाट सञ्चालित रहेको निलम मेडिसिन ई.प्रा.लि.मा आफ्नो संलग्नता छैन भन्ने जिकिर वस्तुनिष्ट प्रमाण पेस गरी पुष्टि गर्न सकेको नदेखिएबाट यी पुनरावेदकसमेत कसुरदार होइनन् भन्न मिलेन । गैरकानूनी लौठसल्लासमेतको जम्मा बिगो रू.१,०४,२३३।२५ देखिएको र वन ऐन, २०४९ को दफा ५०(१)(घ)(४) बमोजिम प्रतिवादीहरूलाई सोको दोब्बर रू. २,०८,४६६।५० (अक्षेरूपी दुई लाख आठ हजार चार सय छैसट्ठी रुपैयाँ पैसा पचास) जरिवान हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन । कम बिगो कायम गरेको मिलेन भन्ने वादी

नेपाल सरकारको तथा कम्पनीको कसुर कार्यमा आफ्नो संलग्नता नहुदा सफाइ पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः कुलानी जडिबुटी र भरतकुमार बाहेकका प्रतिवादीहरूलाई सफाइ दिने गरेको सुरूको फैसला केही उल्टी भई प्रतिवादी लि.क्वी, हु चुनहुवा, हान सावन, जिम्मे डोगसेसङ टग्याल गुरूङ, हाङदेकिङले आरोपित कसुर गरेको ठहऱ्याई निजहरूलाई अभियोग दाबीबमोजिमको ४१६४.२९ के.जी. लौठसल्ला र ४२ के.जी. चिराइतोका मूल्यको दोब्बर रू.२,०८,४६६।५० जरिवाना हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०६६।८।११ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल असार २७ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०६८-WO-०६२४, उत्प्रेषण / परमादेश, शंकरप्रसाद गुप्ता वि. नापी विभाग, मीनभवनसमेत*

निवेदक नापी कार्यालय, पर्सामा काजमा रहेको अवधिमध्ये सुरूको ३ महिनाको तलब, भत्ता पाएको भए तापनि बाँकी अवधिको तलब भत्ता नपाएकोले सो अवधिको तलब, भत्ता पाउँ भनी विपक्षी कार्यालयहरूमा निवेदनसमेत दिएको देखिन्छ । विपक्षीहरूको लिखित जवाफको बेहोराबाट पनि निवेदक नापी कार्यालय, पर्सामा मिति २०६८।३।१० सम्म कार्यरत रहेको र सो अवधिको तलब, भत्ता दिने सम्बन्धमा नापी विभागमा विचाराधीन रहेको भन्ने कुरा उल्लेख भएको छ। साथै नापी विभागबाट प्राप्त भई मिसिल संलग्न रहेको सो तलब भत्ता सम्बन्धमा खडा भएको कारबाहीसहितको फायलबाट पनि निवेदकले दाबी गरेको अवधिको तलब भत्ता दिने सम्बन्धमा निर्णय भइनसकेको तथ्य पुष्टी हुन आउने।

रिट निवेदक शंकरप्रसाद गुप्ता निजामती सेवाअन्तर्गत नेपाल सरकारको स्थायी कर्मचारी रहेको भन्ने तथ्यमा विवाद छैन। निवेदकलाई कानूनबमोजिम नै विपक्षी नापी विभागबाट नै काजमा खटाइएको र काज अवधि नबढाइएको भए पनि सोही काजमा रहेको काजमा रहेको कार्यालयमा नै कामकाज गरेको भन्ने दाबी रहेको छ। लामो समयसम्म निजामती कर्मचारीले तलब भत्ता सुविधा पाउन पर्ने भनी माग गरेकोमा सो विषयमा सम्बन्धित कार्यालय, पदाधिकारीले चाँडो निर्णय गर्नुपर्ने हुन्छ । निजले माग गरेको तलब भत्ता सुविधा दिन मिल्ने हो, होइन निर्णय गर्ने अधिकारीसमक्ष यो विषय विचाराधीन नै रहेको देखियो। जीवनयापनसँग जोडिएको राष्ट्रसेवक कर्मचारीको पारिश्रमिक सुविधा सम्बन्धमा परेको निवेदनलाई धेरै लामो अवधिसम्म अनिर्णयमा राख्नु न्यायोचित र कानूनसङ्गत नहुने।

निवेदकले माग गरेको अवधिको तलब भत्ता सुविधाको सम्बन्धमा नापी विभागबाट हालसम्म पनि निर्णय भएको देखिएन । अतः निवेदक शंकरप्रसाद गुप्ताले तलब भत्ता पाउँ भनी माग गरेको निवेदनको सम्बन्धमा यथाशीघ्र कानूनबमोजिम निर्णय गरी निवेदकलाई जानकारी दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः कल्याण खड्का

इति संवत् २०७५ साल माघ १५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री पुरूषोत्तम भण्डारी**, *०७५-RC-००९५, कर्तव्य ज्यान, नेपाल सरकार वि. श्रीराम चौधरी*

जाहेरवालाले घरमा कोही नभएको अवस्थामा बुबा श्रीराम चौधरी र आमा लहिया चौधरीबिच झै-झगडा हुँदा बुबा श्रीराम चौधरीले आमाको टाउकोमा बन्चरो प्रहार गरी घाइते बनाएकोले बुटवलको चौराह हस्पिटलमा उपचार गराएकोमा आमा लहिया चौधरीको मृत्यु भएको भनी किटानी जाहेरी दिएको देखिन्छ । प्रतिवादीले बञ्चरोले प्रहार गरी घाइते बनाएको र उपचारको क्रममा आमा लहिया चौधरीको मृत्यु भएको हो भनी जाहेरी बेहोरालाई पुष्टि हुने गरी जाहेरवालाले अदालतमा बकपत्र गरिदिएको पाइन्छ। श्रीराम चौधरीले निजकी श्रीमतीको टाउकोमा बन्चरो प्रहार गरी घाइते बनाएको हो भन्ने घट्नास्थल प्रकृति मुचुल्काबाट देखिन्छ । घटनास्थलमा गई हेर्दा घाइते लहिया चौधरी पलङमा पल्टिएको र निजलाई एम्बुलेन्समा बुटवल पठाएकोमा मिति २०७३।०९।१७ गते मृत्यु भएको हो भन्ने चन्द्र चौधरीसमेतको घटना विवरण कागजबाट देखिने।

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति २०७३।०९।११ गते दिउसो अं.१५ बजे खेत जोती घरमा आई श्रीमतीलाई आलु रोप्न जाउँ भन्दा उल्टै गाली गरेकोले मलाई रिस उठी घरमै रहेको बन्चरोले निजको टाउकोमा तीनपटक हानी घाइते बनाएकोमा मिति २०७३।०९।१७ गते बिहान अं. ६ बजेको समयमा निजकी श्रीमतीको मृत्यु भएको हो भनी आरोपित कसुरमा साबित भई बयान गरेको देखिन्छ । निज प्रतिवादीले अदालतमा समेत कसुर गरेकोमा साबित रहि बयान गरेको छ । मृतकको टाउकोमा तीन ठाउँमा काटिएको घाउ रहेको भन्ने घटनास्थल लास जाँच मुचुल्काबाट प्रतिवादीको उक्त बयान थप पुष्टि भइरहेको पाइन्छ । मृत्युको कारण Sharp force injury to head भन्ने शव परीक्षण प्रतिवेदनमा उल्लेख भई धारिलो हतियारको चोटबाट लहिया चौधरीको मृत्यु भएको भन्ने देखिन्छ । तसर्थ प्रतिवादी श्रीराम चौधरीले मिति २०७३।०९।११ मा तीन पटक टाउकोमा बन्चरोले हानेको चोटको कारणबाटै लहिया चौधरीको मिति २०७३।०९।१७ मा मृत्यु भएको हो भन्ने पुष्टि हुन आउने।

प्रतिवादीको बन्चरो प्रहारबाट ज्यान मर्न गएको उक्त कार्य (Act) आवेश प्रेरित, भवितव्य वा कर्तव्य ज्यान कुन कसुरअन्तर्गत पर्ने हो भन्ने सम्बन्धमा विचार गर्दा, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. मा जोखिमी हतियारले हानेर वा विष खुवाएर ज्यान मारेको कार्यलाई आवेश प्रेरित नमानिने भनी स्पष्ट रूपमा उल्लेख गरिएको छ । प्रतिवादीले निजकी श्रीमतीको अति संवेदनसिल अंग टाउकोमा जोखिमी हतियार बन्चरोले पटकपटक चोट पर्ने गरी हानेको देखिएकोले निजको उक्त कार्यलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १४ नं. अन्तर्गत पर्ने आवेश प्रेरित हत्या (Homicide by Provocation) हो भनी मान्न मिल्ने देखिने।

ज्यानसम्बन्धी महलको ५ नं. अनुसार भवितव्य ठहरिनका लागि कसैले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको हुनुपर्दछ । बञ्चरो जस्तो जोखिमी हतियारले तीनपटक चोट पर्ने गरी मानिसको टाउकोमा हान्दा मानिस मर्न सक्छ भनी सामान्य समझ भएको व्यक्ति (Reasonable Man) ले अनुमान गर्नै पर्ने विषय हुन्छ । यसरी प्रहार गर्दा पनि मानिस मर्दैन भनी कसैले अनुमान गर्न सक्छ भनी छुटदिनु न्यायसङ्गत हुने देखिँदैन । प्रस्तुत मुद्दाका प्रतिवादीले सावधानीपूर्वक कुनै कामका लागि हतियार उठाउँदा लाग्न गएको भन्ने देखिँदैन । लापरवाही (Recklessness) र उपेक्षा (Negligence) पूर्ण कार्यबाट वा रक्षा शिक्षाका लागि कुटपिट गर्दा लहिया चौधरीको मृत्यु हुन गएको भन्ने पनि देखिँदैन । त्यसैले

बन्चरो जस्तो जोखिमी हतियारले टाउकोमा पटकपटक प्रहार गरी मानिस मर्न गएको प्रतिवादीको कार्यलाई ज्यानसम्बन्धीको ५ नं. तथा ६ नं. अन्तर्गतको भवितव्य ठहरिने हत्या (Accidental Homicide) मान्न मिल्नेसमेत नदेखिने।

प्रस्तुत मुद्दाका प्रतिवादीले मिति २०७३।०९।११ मा जोखिम हतियार बन्चरो प्रहार गरि परेको चोटकै कारणबाट त्यसको सातौं दिन अर्थात् मिति २०७३।०९।१७ मा घाइते अवस्थामा रहेकी लहिया चौधरीको मृत्यु भई ज्यानसम्बन्धी महलको ९ नं. मा उल्लेख भएको २१ दिनभित्रैको अवधिमा घाइतेको मृत्यु हुन पुगेको देखिएकोले निज प्रतिवादीको उल्लेखित ज्यान मार्ने कार्य ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. अन्तर्गतको कर्तव्य ज्यानको कसुर देखिने।

प्रस्तुत मुद्दामा प्रतिवादीबाट कर्तव्य ज्यानको आपराधिक कार्य (Actus reus) हुनुका साथै मनसाय (Mens rea) को विद्यमानता रहेकोसमेत देखिन्छ। प्रतिवादीले पूर्वयोजना र तयारीका साथ वारदात गरेको नदेखिए तापनि एउटा सामान्य समझको मानिसले बन्चरो जस्तो जोखिमी हतियारले पटकपटक टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गरेको प्रतिवादीको कार्यले नै मनसाय तत्त्वलाई प्रकट गरेको मान्नुपर्ने हुन्छ। प्रतिवादीले प्रहार गरेको चोटबाट घाइते अवस्थामा पुगेकी पीडितलाई प्रतिवादीले तत्काल उपचार गराउन पहल गरेकोसमेत पाइँदैन। जाहेरवाला काम गरिरहेको पसलबाट घरमा आएपछि मात्रै घाइतेलाई उपचार गराउन लगेकोमा उपचार हुन नसकी पीडितको मृत्यु भएको देखिएको छ। तसर्थ, प्रतिवादीको उल्लेखित क्रियाकलापबाट निज प्रतिवादीले मनसायपूर्वक नै मृतकलाई मर्नेसम्मको चोट पुऱ्याउने कार्य गरेको थियो भन्ने पुष्टि हुन आएको देखिने।

तसर्थ, प्रतिवादी श्रीराम चौधरीले मनसायपूर्वक निजकी श्रीमती लहिया चौधरीलाई कर्तव्य गरी मारेको पुष्टि हुन आएको र निजको उक्त कार्य ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) अन्तर्गत पर्ने कसुर भएकोले ऐजन १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको उच्च अदालत तुलसीपुरको फैसला मिलेकै देखिन आयो। निज प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर भए तापनि मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२) मा **"कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन"** भन्ने कानूनी प्रावधान रहेको र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) ख मा **"कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने"** कानूनी व्यवस्था भएकोले निज प्रतिवादीलाई सर्वस्व ठहर गर्न कानूनत: नमिल्ने भई जन्मकैद सजाय गर्नु पर्ने देखिने।

प्रतिवादी श्रीराम चौधरीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम तेह्र वर्ष मात्र कैद सजाय गर्न व्यक्त गरेको रायको सम्बन्धमा विचार गर्दा, प्रतिवादीले आफ्नै श्रीमतीलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी तथा पूर्वतयारी नरहेको, लोग्ने स्वास्नीबिच झगडा हुँदा वारदात घट्न गएकोमा पीडितको उपचार हुन नसकी मृत्यु हुन पुगेको र प्रतिवादीले घट्नाको बारेमा यथार्थ तथ्य बताई अनुसन्धान तथा न्यायिक कार्यमा सहयोग पुऱ्याएको भन्ने आधारमा राय प्रस्तुत गरेको देखियो। तर प्रतिवादीले बन्चरो जस्तो जोखिम हतियार पटकपटक प्रहार गरी वारदात गरेको

देखिन्छ । यसरी जोखिम हतियारको पटकपटक प्रयोग भएको वारदातलाई भवितव्य हो कि भन्ने शंका लिन मिल्ने देखिँदैन । त्यसैगरी निज प्रतिवादीले बन्चरो प्रहार गरी घाइते अवस्थामा पुगेको पीडितलाई तत्कालै उपचारका लागि लैजाने सक्रियता देखाएकोसमेत पाइँदैन । यसरी जोखिम हतियारले टाउको जस्तो अति संवेदनशिल अंगमा पटकपटक प्रहार गरी घाइते बनाई उपचारका लागि तत्काल पहल नगरेको प्रतिवादीको कार्य कठोरतापूर्ण देखिन आएको छ । तसर्थ, जोखिम हतियार प्रयोग गरी ज्यान मर्ने गरी प्रहार गरी कसुर गरेको देखिएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १३(तेह्र) वर्ष कैद सजाय गर्न प्रस्तुत गरेको राय मिलेको नदेखिने ।

अत: विवेचित आधार प्रमाण तथा न्यायिक सिद्धान्तसमेतबाट प्रतिवादी श्रीराम चौधरीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. विपरीत १३(१) नं. बमोजिमको कसुर गरेको पुष्टि भएकोले ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई दाङ देउखुरी जिल्ला अदालतबाट भएको सुरू फैसला सदर गरी उच्च अदालत तुलसीपुरबाट मिति २०७४।०९।२४ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । साथै निज प्रतिवादी श्रीराम चौधरीलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ४० को उपदफा (२) तथा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) (ख) बमोजिम जन्मकैद हुने ।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

इति संवत् २०७५ साल फाल्गुन ६ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** *०७३-WH-००७१, बन्दीप्रत्यक्षीकरण, राजकुमार राई वि. धादिङ जिल्ला अदालतसमेत*

जितबहादुर तामाङको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी साइँला राईसमेत भएको २०६५ सालको स.वा.फौ.मि.नं. ६७/२१ को जबरजस्ती करणी मुद्दामा धादिङ जिल्ला अदालतबाट साइँला राईलाई मुलुकी ऐन, जबरजस्ती करणीको ३ नं. बमोजिम ६(छ) वर्ष कैद हुने र ऐ. को १० नं. बमोजिम रू.१,००,०००।– (एक लाख) क्षतिपूर्तिसमेत भराउने गरी धादिङ जिल्ला अदालतबाट मिति २०६६।१२।१५ मा फैसला भएकोमा उक्त फैसला सदर हुने ठहरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०६८।२।२६ मा फैसला भएको बेहोरा २०६८ सालको फौ.पु.नं. ०८५२ को रेकर्ड मिसिलबाट देखिन्छ । उक्त फैसला अन्तिम भई कार्यान्वयनको क्रममा यी निवेदकलाई पक्राउ गरी कैदीपुर्जीसमेत दिई कारागार कार्यालय, धादिङमा पठाएपश्चात् उक्त मुद्दाको प्रतिवादी आफू होइन भनी प्रस्तुत रिट निवेदन दायर गरेको पाइएकोले प्रथमत: प्रस्तुत निवेदक उक्त जबरजस्ती करणी मुद्दाको प्रतिवादी हो होइन भनी निजको पहिचान (Identity) सम्बन्धमा स्पस्ट हुनु पर्ने देखिने ।

प्रस्तुत निवेदन दायर गर्नु अगाडि यिनै निवेदकले आफूलाई कैदीपुर्जी दिएको जबरजस्ती करणी मुद्दामा उल्लेखित प्रतिवादी साइँला राई भएको र आफ्नो नाउँ राजकुमार राई भएकोले कुनै म्याद सूचना नै नपाएको हुँदा प्रतिवाद गर्ने अवसर नपाई भएको जबरजस्ती करणी मुद्दाको म्याद तथा फैसला बदर गरिपाउँ भनी उत्प्रेषण, परमादेशलगायत उपयुक्त आदेश जारी गरिपाउँ भन्ने ०७३-WO-११४८ नं. को रिट निवेदन यस अदालतमा दर्ता गरेको देखियो । सो निवेदनमा यस अदालतबाट मिति २०७४।५।९ मा रिट खारेज हुने ठहरी फैसला /

आदेश भएको देखिन्छ । सो फैसला हेर्दा निवेदकले आफू साइँला राई नभई राजकुमार राई हो भनी दाबी लिएकोमा उक्त जबरजस्ती करणी मुद्दाका प्रतिवादी साइँला राईको र निवेदकको वतन एउटै देखिएको, बाबुको नामथरसमेत मिलेको साथै साइँला राई भन्ने अर्को व्यक्तिको अस्तित्व रहेको भन्ने निवेदकले देखाउन नसकेकोसमेतका आधार कारणबाट रिट खारेज भएको देखिन्छ । तसर्थ यस अदालतको उक्त फैसलाबाट जबरजस्ती करणी मुद्दामा प्रतिवादी साइँला राई नाम उल्लेख भएको व्यक्तिनै यिनै निवेदक राजकुमार राई हुन भनी निवेदकको पहिचान भइसकेको देखिने।

जबरजस्ती करणी मुद्दाको सुरू मिसिल संलग्न कागजात हेर्दा, धादिङ जिल्ला पीडा गा.वि.स. बस्ने साइँला राईसमेतले मिति २०५९।५।५ मा वर्ष ९ की जाहेरवालाकी छोरीलाई जबरजस्ती करणी गरेको भनी जितबहादुर तामाङले जाहेरी दिएको देखिन्छ । अभियोग पत्रमा ***"धादिङ जिल्ला पिडा गा.वि.स.वडा नं.२ राइगाउँ बस्ने सोमबहादुर राइको छोरा अं.बर्ष २० को साइँला राई"*** उल्लेख भएको पाइन्छ । वारदात मिति २०५९।५।५ रहेको र सोपश्चात् मिति २०६०।१०।१२ मा मात्र धादिङ पीडा गा.वि.स.वडा नं.२ राई गाउँ बस्ने सोमबहादुर राईको छोरा राजकुमार राई भनी निवेदकले नागरिकता लिएको देखिन्छ । उक्त मुद्दाका प्रतिवादी साइँला राईको पिताको नाम थर, वतनसमेत प्रस्तुत निवेदकको पिताको नाम थर, वतनसँग मिलेको देखिएको छ । सोही वतनमा सोमबहादुर राईको छोरा साइँला राई भन्ने अर्कै व्यक्ति रहेको भन्ने कतैबाट पनि देखिँदैन र निज निवेदकका पिता सोमबहादुर राईको साइँला राई नामको अर्को छोरा अस्तित्वमा रहेको भन्नेसमेत पाइँदैन । तसर्थ उक्त जबरजस्ती करणी मुद्दाका प्रतिवादी साइँला राई र निवेदक राजकुमार राई एउटै व्यक्ति हो भन्ने पुष्टि हुन आएकोले उक्त मुद्दामा ठहर भएको सजाय भुक्तान गर्नु निवेदकको दायित्व हुन आउँछ। यसरी अदालतको फैसलाले ठहरेको सजाय असुल गर्न कैदीपुर्जी दिई थुनामा राखिएकोलाई कानूनबमोजिम नै थुनामा राखिएको मानिने।

उक्त जबरजस्ती करणी मुद्दामा म्याद सूचना नपाएकोले प्रतिवादको मौका पाउन नसकेको भन्ने निवेदकले दाबी लिए तापनि उक्त जबरजस्ती करणी मुद्दामा प्रतिवादी साइँला राईको नाउँमा जारी भएको ७० दिने म्यादी पुर्जी प्रतिवादी फेला नपरेकोले निजको घरदैलोमा टाँस गरेको देखिन्छ। यसरी घरदैलोमा म्याद टाँस गर्दा प्रतिवादीको वतन रहेको धादिङ जिल्ला पिडा गा.वि.स. का तत्कालीन गा.वि.स. सचिव एक नारायण अर्यालको रोहवरमा स्थानीय व्यक्तिहरू शान्ति गौतम र दुर्गाबहादुर तामाङलाई साक्षी राखी रितपूर्वक म्याद तामेल भएको देखिन्छ। यसरी अदालतबाट रितपूर्वक म्याद तामेल भई भएको फैसलाले लागेको कैद सजाय असुल गर्न दिइएको कैदीपुर्जीसमेत कानूनबमोजिमकै कैदीपुर्जी मान्नु पर्ने हुन्छ । तसर्थ रितपूर्वक म्याद तामेल नभएकोले सुनुवाइको उचित मौका नदिई भएको फैसलाबमोजिम कैदीपुर्जी दिइएको भन्ने निवेदकको भनाइसमेत तथ्यसङ्गत नदेखिने।

रिट निवेदकले उठाएको मुख्य प्रश्न वैयक्तिक स्वतन्त्रता (Personal Liberty) को रहेको छ । वैयक्तिक स्वतन्त्रतालाई नेपालको संविधानको धारा १७ ले **कानूनबमोजिम बाहेक अतिक्रमित हुन नसक्ने** मौलिक हकको रूपमा प्रत्याभूत गरी यस्तो अधिकार अतिक्रमण भएमा धारा १३३(३) बमोजिम बन्दीप्रत्यक्षकरणको आदेश जारी गर्न सक्ने संवैधानिक उपचारको व्यवस्था गरिएनुसार यस अदालतमा प्रस्तुत निवेदन पर्न आएको देखिन्छ । संविधान एवम् कानूनबमोजिम बाहेक कसैको वैयक्तिक

स्वतन्त्रता अतिक्रमण हुनु अर्थात् गैरकानूनी थुना नै बन्दीप्रत्यक्षीकरण आदेश जारी हुने पहिलो आधार हुन्छ । तर मुद्दामा कानूनबमोजिमको कार्यविधि अवलम्बन गरी भएको फैसलाले लागेको सजाय असुल गर्न राखिएको थुनालाई गैरकानूनी थुना मान्न मिल्दैन । सक्षम अदालतबाट भएको फैसला कार्यान्वयनको सिलसिलामा परेको थुनालाई गैरकानूनी थुना (Unlawfull Detention) मानिँदैन कानूनमोजिमकै थुना (Lawfull Detention) मानिन्छ । त्यस्तो कानूनबमोजिमको थुना (Lawfull Detention) बाट व्यक्ति स्वतन्त्रता अपहरण भएको मान्न नमिल्ने ।

वस्तुत: निवेदकनै उक्त जबरजस्ती करणी मुद्दाका प्रतिवादी साइँला राई हो भन्ने पहिचान भई निवेदकले आफू उक्त जबरजस्ती करणी मुद्दाको प्रतिवादी होइन र उक्त मुद्दामा म्याद नपाएकोले स्वच्छ सुनुवाइको मौकाबाट वञ्चित भएको भनी उठाएको प्रश्न उक्त ०७३-WO-११४८ नं. को उत्प्रेषण मुद्दाबाट निरूपण गरी रिट खारेज भइसकेको छ । उक्त जबरजस्ती करणी मुद्दामा प्रतिवादीका नाउँमा रितपूर्वक म्याद तामेल गरी भएको फैसला पुनरावेदन तहबाट सदर भई अन्तिम भएकोले सो फैसलाले ठहर भएको सजाय कार्यान्वयनको लागि कैदीपुर्जी दिई निवेदकलाई थुनामा राखेको कार्य कानूनबमोजिमकै कार्य देखिन्छ । यसरी अदालतको तह तहबाट भएको ठहर फैसलाबमोजिम निवेदकलाई थुनामा राखेकोलाई गैरकानूनी थुनामा राखेको भन्न सकिने स्थिति नहुने हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने नदेखिने ।

अत: उपर्युक्तबमोजिमको आधार कारण तथा न्यायिक सिद्धान्तसमेतबाट निवेदकलाई गैह्रकानूनी थुनामा राखेको देखिन नआई निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणसमेतको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः दीपेन्द्र थापा मगर

कम्प्युटर: संजय जैसवाल

इति संवत् २०७५ साल चैत्र ४ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०६७-CI-००२०, ०६७-CI-००२१, नामसारी दाखिल खारेज गरिपाउँ, देवकुमारी मुनकर्मी भन्ने टरीनानी मुनकर्मी वि. राजकुमार ताहामतासमेत, राजकुमार ताहमता वि. देवकुमारी भन्ने टरीनानी मुनकर्मी*

कि.नं.२३० को जग्गा साबिकमा हर्षबहादुर र हाल हरिकृष्ण सैजुको नाममा रैतानी छ । राजीनामा चारकिल्ला भित्र पर्ने क्षे.फ. ०-२-२-० घरजग्गाको कि.नं. १२५० क्षे.फ.०-९-२-० भित्र पर्ने भएकोले उक्त घरजग्गा कित्ताकाट गरी आफ्नो नाउँमा नामसारी दाखिल खारेज गरी जग्गाधनी दर्ता प्रमाण पुर्जा पाउँ भन्ने वादी दाबी रहेको पाइयो । नापी कार्यालय भक्तपुरबाट प्राप्त फिल्डबुकमा उक्त कि.नं. २३० को जग्गा सिंहबहादुर तामाङको नाउँमा जोताहा कायम रहेको देखिएबाट सो जग्गामा बुद्धवीर ताहमताको हक रहेको भन्नेसम्म देखिन आएन । विपक्षीले राजीनामाको कि.नं. २३० को जग्गामा आफ्नो बाबु बुद्धवीरको हक थियो भन्नेसम्म कुनै तथ्ययुक्त प्रमाण पेस गर्न सकेको नदेखिने ।

राजीनामा लिखतमा कि.नं. २३० को जग्गाको जोताहा बुद्धवीर ताहमताको नाउँमा कायम नभई सिंहबहादुर तामाङको नाउँमा कायम देखिन्छ । राजीनामामा चारकिल्ला उल्लेख भएको घरजग्गा बुद्धवीर ताहमताको छोरा विपक्षी राजकुमार

ताहमताको नाउँको नंखेल गा.वि.स. वडा नं. १(क) कि.नं. १२५० जग्गाभित्र पर्ने भएबाट राजीनामा लिखत संशोधन गरी उक्त लिखतबमोजिमको ०-२-२-० जग्गा आफ्नो नाउँमा कायम गरिपाउँ भनी वादीले गुठी तहसिल तथा खर्च कार्यालय, भक्तपुरमा निवेदन दिएको देखिन्छ । निवेदन मागबमोजिम लिखत संशोधनको सन्दर्भमा गुठी तहसिल तथा खर्च कार्यालयले मालपोत कार्यालय, भक्तपुरसँग प्रतिक्रिया माग गर्दा उक्त लिखत संशोधन गर्न नमिल्ने भनी मिति २०५२।१२।२२ मा निर्णय गरेको देखियो । अब, विपक्षीका बाबु बुद्धवीर ताहमता दिने तथा वादी लिने भई र.नं. २८९ बाट पारित राजीनामा लिखतमा उल्लेख भएको चार किल्लाभित्रको जग्गा प्रतिवादीको कि. नं. १२५० भित्रको हो भन्ने दाबीको सन्दर्भमा वादीले झिंगटीको छाना भएको घरसहितको जग्गा विपक्षीका बाबुसँग खरिद गरिलिएको कुरामा कुनै द्विविधा नदेखिने ।

वादीले राजीनामाबाट प्राप्त गरी बसोबास गरेको लिखतको चारकिल्ला विवरणमा भक्तपुर गुठी तहसिल तथा खर्च कार्यालयको वाकुपति चागुनारायण गुठीको ७५ नं. को लगतमा दर्ता रहेको मिति २०३८।५।२३ को पारित राजीनामा लिखतको चारकिल्लामा पूर्व बाटो, पश्चिम हर्षबहादुरको घरजग्गा, उत्तर बुद्धवीर र दक्षिण गणेश सैंजुको घर उल्लेख गरी दिने बुद्धवीर ताहमता र लिने देवकुमारी मुनकर्मी भई भक्तपुर जिल्ला नंखेल गा.वि.स. वडा नं. १ (क) कि. नं. २३० को ०-२-२-० को जग्गा मालपोत कार्यालय, भक्तपुरबाट पारित भएको देखिन्छ । उक्त जग्गामा बनेको २ नाले ४ कवल ३ तल्लामा बाँसको दलिन, भूसीको काँचो र पाकेको इँटाले बनेको पुरानो झिंगटीको छाना भएको घरसमेत राजीनामा गरिदिएँ भन्ने लिखत बेहोराबाट देखिन्छ । भक्तपुर जिल्ला भक्तपुर पं. वार्ड नं.-२ मा रहेको पूर्व पूरानो सडक, पश्चिम हर्षलालको छोराको खेत, उत्तर बुद्धवीर ताहमताको घर, दक्षिण गणेश सैंजुको घर यति चार किल्लाभित्रको पूर्वमोहडाको लम्बाइ गारो १२.५ फिट, पछाडि पश्चिमपट्टिको लम्बाइ गारो १७ फिट ५ इन्च, पूर्वपट्टि कवल ४ पसल भएको घरको जस्ताको छाना छाउन स्वीकृति दिएको भन्ने तत्कालीन भक्तपुर नगरपञ्चायतबाट स्वीकृति लिई वादीले घर र सोको छाना मर्मत गरेको भन्ने उक्त नगर पञ्चायतको च.नं.१८१८ मिति ०३९।२।२७ को पत्रको छायाँकपीबाट देखिने ।

भक्तपुर जिल्ला अदालतको मिति २०६३।११।१५ को आदेशबमोजिम भएको नक्सा मुचुल्का हेर्दा, उक्त नक्सा मुचुल्काको नं. नं. ९ मा विवादित घरजग्गामा वादीको बसोबास रहेको उल्लेख भई सो घरजग्गाको उत्तर लम्बाई २१'५" पूर्व पश्चिम दक्षिणतर्फ लम्बाई २१'५" उत्तर दक्षिण पश्चिमतर्फ चौडाई १९'६" उत्तर दक्षिण पूर्वतर्फ चौडाई १२'८" भई ज.रो. ०-१-०-० को घरजग्गा रहेको भन्ने देखिन्छ । नक्सा मुचुल्कामा विवादित घरजग्गाको दक्षिण कि.नं. २३० कित्ताकाट भई हरिकृष्ण सैंजुको घरजग्गा, पूर्व बाटो, उत्तर राजकुमार ताहमताको घरजग्गा र पश्चिम कि.नं. १२३४ को जग्गा रहेको उल्लेख देखिई राजीनामा चारकिल्लाभित्रको घरजग्गा न.नं. ९ को घरजग्गासँग मिल्न आएको देखियो । उक्त घरजग्गा विपक्षीका बाबुले वादीलाई राजीनामा पारित गरिदिई वादीले घर र सोको छाना मर्मत गर्न स्वीकृति लिई मर्मतसमेत गरी बसोबास गरी आएको तथ्य पुष्टि हुने ।

अत: वादीले प्रतिवादीका बाबुबाट राजीनामा पारित गरिलिएको घरजग्गा प्रतिवादी नाउँको कि.नं. १२५० बाट अदालतबाट भएको नक्सा मुचुल्काको न.नं. ९ को ज.रो. ०-१-०-० को झिंगटीको छाना भएको घरजग्गा र राजीनामा चार किल्लाभित्रको

घरजग्गा एकै भएको उक्त जग्गाको दर्ता स्रेस्ता, नापी कार्यालबाट प्राप्त कागजात, अदालतबाट भई आएको नक्सा मुचुल्का, राजीनामा लिखत तथा घर र घरको छाना मर्मतको लागि तत्कालीन भक्तपुर नगर पञ्चायतबाट वादीलाई स्वीकृति दिएको पत्रसमेतबाट विवादित घरजग्गामा वादीको बसोबास रहेको देखिन आयो । वस्तुत: प्रतिवादीका पिताले गरिदिएको राजीनामा लिखत प्रमाणसमेतबाट विवादित न.नं. ९ मा उल्लेखित घरजग्गा नै वादीको भएको पुष्टि हुन आएकोले सो हदसम्म विवादको कि.नं. १२५० को जग्गाबाट कित्ताफोड गरी वादीले ०-१-०-० घरजग्गा दाखिल खारेज गरी लिन पाउने गरी सुरू भक्तपुर जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः नरहरि ढकाल

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल माघ ९ गते रोज ४ शुभम् ।

- यसै लगाउको ०६७-CI-००२२, घरबाट उठाई चलन चलाई पाउँ, राजकुमार ताहमता वि. देवकुमारी भन्ने टरीनानी मुनकर्मी भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०६८-CR-०३३४,* किर्ते, *अवधेशप्रसाद श्रीवास्तवसमेत वि. शनिचरी विनिन*

मालपोत कार्यालय रौतहटले जग्गाको हक हस्तान्तरण गर्ने कार्य गरेको तर त्यसको अभिलेख नराखेको अवस्था छ । मिति २०६३।१।२८ मा र.नं. ९५५० बाट पारित भएको हालैको बकसपत्रको लिखतको रेकर्ड नपाइएको भन्ने मालपोत कार्यलयको पत्र देखिन्छ । प्रतिवादीहरूको प्रत्युत्तर जिकिरमा आफूहरूले किर्ते लिखत पारित गरी सहीछाप गरेकै छैन भनी किटानी नगरी सक्कल लिखत देख्न पाएमा यकिन गर्ने छौं भनी जिकिर लिएको देखिन्छ । सो बकसपत्रको लिखत पेस भएको नदेखिए तापनि सो लिखतमार्फत वादी दाबीका जग्गाहरू प्रतिवादी रामविनोद मुखियाको नाममा दर्ता भएको भन्ने मिसिल संलग्न रामविनोद मुखियाको जग्गा धनी दर्ता स्रेस्ता प्रमाण पुर्जाको प्रतिलिपिबाट देखिएको छ । यसर्थ उक्त बकसपत्रको लिखत किर्ते गरी पारित भएको स्पष्ट देखिने ।

काकी (चाची) शनिचरी देवीलाई मैले सेवा, सुसार तथा रेखदेख गरी रिझाएबापत मेरा नाममा राजीखुसीले लिखत पारित गरिदिएका हुन् भन्ने प्रतिवादी रामविनोद मुखियाको प्रत्युत्तर देखिए तापनि उक्त लिखत वादीले आफ्नो राजिखुसीले प्रतिवादी रामविनोद मुखियालाई पारित गरिदिएको भए प्रतिवादीहरूउपर उजुर गर्नु पर्ने अवस्थानै सिर्जना हुने थिएन । राजिखुसीले लिखत पारित गरिदिएको भन्ने प्रमाणसमेत प्रतिवादीहरूबाट पेस हुन नआएकोले सो लिखत स्वस्थरूपमा पारित भएको मान्न सकिएन । लिखतको अस्तित्व नै मेटाई, रेकर्ड प्रमाण नराखी उक्त दूषित किर्ते लिखत पारित गराउन प्रतिवादीहरू अन्तर साक्षी बसि लिखत पारित गराएको देखिँदा पुनरावेदक प्रतिवादीहरूको समेत संलग्नतामा जानी जानी मिलेमतो गरी किर्ते लिखत खडा गरी सो लिखत पारित गरेको भन्ने कुरा वादी प्रतिवादीको साक्षीको बकपत्र, लिखतको रेकर्ड नभएको भन्ने मालपोत कार्यालय रौतहटको पत्र तथा शनिचरी विनिनको नामबाट रामविनोद मुखियाको नाममा दर्ता भएको जग्गाधनी प्रमाण पुर्जासमेतबाट सप्रमाण पुष्टि हुन आउने ।

तत्कालीन मुलुकी ऐन, किर्ते कागजको १ नं. मा हस्ताक्षर वा औंलाको ल्याप्चे सही निशाना

इत्यादि झुट्टा बनाई गरी लिखत लेख्ने कार्यबाट अरूको हक जाने, नोक्सान हुने, काम गर्ने मानिस आफैँलाई वा अरूलाई फाइदा हुने कार्य गरेमा किर्ते गरेको मानिने कानूनी व्यवस्था छ । त्यस्तो किर्ते गर्ने गराउनेलाई र जानीबुझी किर्ते कागजमा बस्ने साक्षी मतियारसमेतलाई बात लाग्ने कानूनी व्यवस्था छ । किर्ते कागज खडा गरी अरूको हक जाने, नोक्सान पुऱ्याउने वा अरूलाई फाइदा पुग्ने कार्यमा संलग्न हुने अन्तर साक्षीसमेत कसुरदार हुने प्रस्ट छ। लेखापढी गर्ने व्यक्ति अन्तर साक्षी बसेको अवस्थामा निजले उन्मुक्ति पाउने भन्ने सो कानूनी व्यवस्थाको मकसद होइन । किर्ते लिखत तयार पारी वादी शनिचरी विनिनको नाम दर्ताको जग्गा प्रतिवादी रामविनोद मुखियाको नाममा दर्ता भएको छ । सो लिखतको अस्तित्व नै समाप्त पारी किर्ते गरी बकसपत्रको लिखत पारित गरिएको छ । यस्तो अवस्थामा किर्ते लिखत खडा गर्ने, सो बकसपत्रको लिखतमा अन्तर साक्षी बस्ने पुनरावेदक प्रतिवादीहरूलाई सजाय नहुने भन्न मिल्ने देखिएन । लिखत नै गायब गरी किर्ते बकसपत्रको लिखत पारित गरेको अवस्थामा किर्ते गर्ने कार्यमा आफूहरूको कुनै भूमिका नभएको भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर मनासिब मान्न सकिएन।

अतः विवेचित तथ्यगत आधार, कानूनी व्यवस्थासमेतबाट पुनरावेदक प्रतिवादीहरू शम्भुलाल कायस्थ तथा अवधेशकुमार श्रीवास्तवसमेतलाई हालैको बकसपत्रको दूषित लिखत पारित गराई किर्ते गरेको ठहऱ्याई किर्ते कागजको ७ नं. बमोजिम बिगोबमोजिम जरिवाना ठहर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०६८।१।२५ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः- भरतकुमार दहाल

इति संवत् २०७६ साल भदौ १७ गते रोज ३ शुभम्।

७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७०-CI-००८४, मिलापत्र बदर दर्ता बदर हक कायम दर्ता, लछु दास बैरागी वि. विजु राय यादव*

प्रस्तुत मुद्दाका प्रत्यर्थी प्रतिवादीमध्येका विजु राय यादव वादी भई मिति २०६५।२।२४ मा रौतहट जिल्ला अदालतमा यसै मुद्दाकी अर्की प्रत्यर्थी प्रतिवादी छठीया देवी विरूद्ध अंश दर्ता मुद्दा दायर भएको देखिन्छ । सो मुद्दामा प्रत्यर्थी प्रतिवादीहरू विजु राय यादव र छठीया देवीले जिल्ला सर्लाही, धनगढा गा.वि.स. वडा नं. १ख का कि.नं. ३८४, कि.नं. ३८५, कि.नं. ३८७ र कि.नं. ३८८ का जग्गाहरू वादी विजु राय यादवले अंशबापतमा लिई वादीकै नाउँमा चलनसमेत हुने गरी र अरूमा सम्पूर्ण दाबी छाडी मिलापत्र गराई पाउँ भनी मिति २०६५।०२।३० मा संयुक्त रूपमा रौतहट जिल्ला अदालतमा निवेदन दिई उक्त जग्गाहरू वादी विजु राय यादवले अंश भागबापत लिई मिति २०६५।०२।३० मा मिलापत्र गरेको देखियो । मिति २०६५।०२।३० मा भएको उक्त मिलापत्रमा मूल पुरूष मोति राय यादवका दुई छोरामा जेठा मंदधारी राय यादव र कान्छा जयराम राय यादव रहेको बेहोरा उल्लेख भएको देखिन्छ । मिति २०६५।०२।३० को मिलापत्रमा जयराम राय यादवका पिता मोति राय यादव भन्ने उल्लेख भएको देखिन्छ। यसरी विवादित मिलापत्र फिराद परेको छैंठौं दिनमा सम्पन्न भएको देखिन्छ भने छोरा र आमाले अंश मुद्दा गरी भएको सो मिलापत्रमा लिने दिने भएका जग्गाहरू केवल जयरामको नाम दर्तामा रहेका जग्गाहरू रहेका देखिन्छन्। यी प्रत्यर्थी प्रतिवादीहरूबिच चलेको उल्लिखित अंश दर्ता मुद्दामा छठिया देवीको तर्फबाट परेको प्रतिउत्तर पत्रमा यी प्रत्यर्थी प्रतिवादी छठीया

देवी स्व. गेना राय यादवकी छोरी र स्व. मन्दधारी राय यादवकी श्रीमती भन्नेसमेत उल्लेख भएको देखिने।

प्रस्तुत मुद्दाको फिरादमा मूल पुरूष जिल्ला सर्लाही गा.वि.स. धनगढा वडा नं. २ मा बस्ने गेना राय यादवको एक मात्र छोरा जयराम राय यादव भन्ने जय राम दास बैरागी रहेको र निज जयराम राय यादव भन्ने जय राम दास बैरागीले आफ्नो नाम दर्ताको जिल्ला सर्लाही, धनगढा गा.वि.स. वडा नं. १ख का कि.नं. ३८४, कि.नं. ३८५, कि.नं. ३८७ र कि.नं. ३८८ का जग्गाहरूसमेत धनगढा रामजानकी मठमा दिई आफू पनि सोही मठका महन्थ नारायण दास बैरागीको चेला छोरा भई बसेको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। विवादित कित्ताका जग्गाहरू जयराम रायको नाममा दर्ता रहेको तथ्यमा विवाद देखिएन । सुरू मिसिल संलग्न ७ नं. फाँटवारीमा जैराम यादवको बाबुको नाम गेना राय उल्लेख भएको देखिन्छ भने मिति २०६५।०२।३० को मिलापत्रमा जयराम राय यादवका पिता मोति राय यादव भन्ने उल्लेख भएको देखिन्छ। यसरी फिरादमा गेना रायको छोरा जयराम राय यादवको नाउँमा रहेको जग्गा श्री राम जानकी मठ धनगढाको हक भोगमा रहेको भन्ने उल्लेख भएको देखिन्छ । विपक्षीहरूको रौतहट जिल्लाअन्तर्गत बसोबास रहेको र विवादित जग्गा सर्लाही जिल्लाअन्तर्गत रहेको देखिन्छ । मिसिल संलग्न गाउँ विकास समितिको कार्यालय, धनगढाको मिति २०६५।११।१४ को नाता प्रमाणित प्रमाण पत्र हेर्दा, लछुदास बैरागी स्व. जैराम दास बैरागीका गुरूभाइ रहेको भनी उल्लेख भएको देखिन्छ। विवादित जग्गामा मठ सञ्चालन गरी रहेको नाताले सो मठका तर्फबाट पुनरावेदक लछुदास बैरागीको अदालतमा प्रवेश गर्ने हकदैया नभएको भन्न मिल्ने देखिएन। विवादित जग्गा दर्ता रहेका जयराम रायका पिताको हुन् ? भन्ने प्रश्न निरूपण गरिनु पर्ने देखिन आउँछ। मिलापत्र किर्ते जालसाजीपूर्वक भएको भनी फिराद पनि परेको स्थिति देखिने।

वादी लछुदास बैरागीले फिरादपत्रमा विवादित मिलापत्रको बारेमा मिति २०६५।१०।०५ मा थाहा जानकारी पाएको उल्लेख गरेको देखिन्छ । निजले आफूले मिलापत्रको बारेमा मिति २०६५।११।०५ मा थाहा जानकारी पाएकोमा फिरादपत्रमा सो मिति भुल गल्तीले उल्लेख भएकोले संशोधन सुधार गरिपाउँ भनी मिति २०६७।०३।१७ मा रौतहट जिल्ला अदालतबाट फैसला भएकै मितिमा निवेदन दिएको देखिन्छ। वादीको उक्त जिकिर फिराद साथ पेस भएको मिलापत्रको प्रतिलिपि प्रमाणित मिति २०६५।११।५ उल्लेख भएबाट समर्थित हुन आउने देखिन्छ। यसरी वादीको फिराद मुलुकी ऐन, अदालती बन्दोबस्तको ८६ नं. बमोजिम हदम्यादभित्र नपरेकोसमेत भन्न मिल्ने देखिने।

अत: माथि विवेचित तथ्य, कानूनी व्यवस्था, आधार प्रमाणसमेतबाट प्रत्यर्थीहरूको जयराम रायसँग के कस्तो नाता सम्बन्ध रहेको छ, विवादित जग्गामा भोग कसको छ भन्ने जस्ता सबुद प्रमाण नै नबुझी हदम्याद र हकदैयाको अभावमा फिराद खारेज गर्ने गरेको सुरू रौतहट जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौंडाबाट मिति २०६८।१०।२३ मा भएको फैसला मिलेको नदेखिँदा बदर गरिदिएको छ । अब जो जे बुझ्नु पर्ने हो बुझी प्रमाणको मूल्याङ्कन गरी उपरोक्त प्रश्नको निरूपण गरी कानूनबमोजिम फैसला गर्नु भनी उपस्थित पक्षहरूलाई तारेख तोकी मिसिल उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जमा पठाई दिने।

इजलास अधिकृतः कृति थापा

कम्प्युटर: देविना खतिवडा

इति संवत् २०७५ साल फाल्गुन २१ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७०-CR-००८७, किर्ते जालसाजी, लछु दास बैरागी वि. विगुराय यादव भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७३-WO-०९६०, उत्प्रेषण / परमादेश, भुपेन्द्र पाण्डे वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदक वादी मन्जु पन्थ पाण्डेसमेतले प्रत्यर्थी प्रतिवादी बुद्धिका पाण्डेसमेतको विरूद्धमा मिति २०६६।४।२३ मा दे.नं. ३४४० को अंश चलन मुद्दाको फिरदपत्र दायर गरी मिति २०६६।४।२६ मा विवादित कि.नं. ६२ को घर जग्गा रोक्का राखिपाउँ भनी सुरू काठमाडौं जिल्ला अदालतमा निवेदन दिएको, उल्लेखित जग्गा कृषि विकास बैंक तथा यसै अदालतको अन्य मुद्दाबाट रोक्का रहेको भनी मालपोत कार्यलाय डिल्लीबजारको पत्रबाट देखिँदा उक्त बैंक तथा यस अदालतको अन्य मुद्दाबाट भएको रोक्का फुकुवा हुँदा मुलुकी ऐन, अ.बं.१७१(क) नं. बमोजिम ८ भागको ४ भाग घर जग्गा रोक्का राख्नु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६।५।२ मा भएका आदेशानुसार पत्राचार भएको र मालपोत कार्यालय डिल्लीबजार, काठमाडौंको च.नं.५२३ मिति २०६६।५।४ को पत्रबाट उल्लेखित जग्गा कृषि विकास बैंकको रोक्का फुकुवा भएपछि रोक्का राखिएको भन्ने जानकारी काठमाडौं जिल्ला अदालतलाई पठाएको देखिने।

प्रस्तुत मुद्दाको फिरादपत्र दायर हुनुभन्दा अगावै मिति २०६०।८।२२ मा कृषि विकास बैंक र काठमाडौं जिल्ला अदालतको च.नं. ४३७० मिति २०६२।६।१६ को पत्रहरूबाट विवादित कि.नं. ६२ को जग्गा रोक्का रहेको भन्ने देखियो। प्रत्यर्थी प्रतिवादी बुद्धिका पाण्डेसमेतले अंश चलन मुद्दाको प्रतिउत्तर फिराउँदा मिति २०६६।६।३० र तायदाती फाँटवारी पेस गर्दा मिति २०६७।५।३ माससमेत हवि गुरूङसँग म बुद्धिका पाण्डेले ऋण लिएको हुँदा निजसँग चलेको लेनदेन मुद्दाबाट र कृषि विकास बैंक, स्वयम्भुबाट ऋण लिएको हुँदा उक्त बैंकबाट समेत उक्त कि.नं.६२ को घर जग्गा रोक्का रहेको भनी उल्लेख गरेको देखिने।

उल्लेखित अंश चलन मुद्दामा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८।२।४ मा भएको फैसलामा उल्लेखित ऋण यी निवेदक वादीले तिर्नु नपर्ने भनी कहींकतै उल्लेख भएको नदेखिएको र सो फैसला पुनरावेदन अदालत पाटनबाट समेत मिति २०६९।३।२१ मा फैसला भई अन्तिम भएको देखिने।

उल्लेखित अंश मुद्दा दायर भई कि.नं. ६२ को घर जग्गा रोक्का राखिपाउँ भनी निवेदकले निवेदन दिएको कारबाहीकै क्रममा मालपोत कार्यालयबाट सो कि.नं. ६२ को घर जग्गा यसअघि नै कृषि विकास बैंकबाट रोक्का रहेको भन्ने जानकारी उसै बखत अंश मुद्दा चलिरहेकै अवस्थामा प्रकाशमा आइसकेको देखिन्छ। निवेदकको अंश मुद्दा दर्ता भएपछि सो घर जग्गा रोक्का भएको भन्ने देखिँदैन। ०६० सालमा नै कृषि विकास बैंकबाट कर्जा लिई उक्त जग्गा रोक्का भएको भन्ने देखिएकोमा ०६६ सालमा दर्ता गरेको अंश मुद्दाको फैसलाबाट हक प्राप्त गरेको भनी कृषि विकास बैंकबाट भएको कर्जा लेनदेनको विषय स्वतः निस्प्रभावी हुने हुँदैन। कर्जा लेनदेन चुक्ता नभएसम्म रोक्का फुकुवा हुने अवस्था सामान्यतया रहँदैन। निवेदकको अंश हकलाई असर पर्ने गरी नियोजित रूपमा सो कर्जा लेनदेन भएको भनी निवेदकले अन्य कानूनी उपचारतर्फ गएको भन्ने पनि देखिन आउँदैन। साथै अंश मुद्दामा तायदाती फाँटवारी बुझाउँदा नै कृषि

विकास बैंकको ऋणसमेत देखाइएकोमा सो ऋणको दायित्वबाट निवेदकले उन्मुक्ति पाउने भनी उल्लेखित अंश चलन मुद्दा फैसलामा स्पष्ट उल्लेख भएको पनि नदेखिने।

उल्लिखित अंश चलन मुद्दाको फिरादपत्र दायर गर्नुभन्दा अगावै विवादित कि.नं.६२ को घर जग्गा प्रत्यर्थी बुद्धिका पाण्डेले कृषि विकास बैंक, स्वयम्भुबाट ऋण लिई धितो राखेको र अन्य व्यक्तिसमेतसँग ऋण लिई लेनदेन मुद्दासमेत चली उक्त घर जग्गा रोक्का रहिरहेको भन्ने मालपोल कार्यलय, डिल्लीबजारको पत्रबाट समेत देखिन आएको अवस्थामा सो बैंकसमेतको रोहबाट राखेको रोक्का कानूनबमोजिम फुकुवा नभएसम्म पछि दायर भएको उल्लेखित अंश चलन मुद्दाको फैसला कार्यान्वयनको रोहबाट नै उल्लेखित घर जग्गा फुकुवा हुन सक्ने अवस्था देखिन नआउने।

तसर्थः विवेचित आधार कारणहरूसमेतबाट विवादित कि.नं. ६२ को घर जग्गाको रोक्का फुकुवा नहुने भनी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७३।११।५ मा भएको आदेश कानूनविपरीतको नदेखिएको हुँदा उक्त आदेशले निवेदकहरूको हक अधिकामा आघात पुगेको भन्न मिलेन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल कार्तिक २४ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-RC-०००९, कर्तव्य ज्यान, नेपाल सरकार वि. मनगेल्जी शेर्पा*

प्रमाण ऐन, २०३१ को दफा ९ ले **मुद्दामा कुनै पक्षले व्यक्त गरेका कुनै कुरा निजका विरूद्ध प्रमाणमा लिन हुन्छ** भन्ने कानूनी व्यवस्था गरेको छ । प्रतिवादीले स्वतन्त्र रूपमा बयान गर्न पाइने अदालतमा समेत कोदालोको पासोले आमाको टाउकोमा हिर्काएकोले मृत्यु भएको स्वीकार गरेको छ। प्रतिवादीको साबिती बयान घटनास्थल मुचुल्का र पोष्टमार्टम रिपोर्ट, बुझिएका व्यक्तिहरूले अदालतमा गरेको बकपत्रसमेतबाट समर्थित भएकोले वारदातमा प्रतिवादीको संलग्नता र निजका कार्य, कारणबाट मृतकको मृत्यु भएको भन्ने कुरामा थप विवेचना गरिरहनु परेन। अदालतमा व्यक्त गरेका कुरा निजका विरूद्ध प्रमाणमा लिन मिल्ने देखिने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. ले कसैले कुनै मानिसको ज्यान मार्न, मार्न लगाउन, मार्नको उद्योग गर्न निषेध गरेको छ, कानूनले निषेध गरेको कार्य गरे अपराध कायम भई कानूनबमोजिम सजाय हुन्छ। सोही महलको १३ (३) नं. मा **लाठा ढुङ्गा र साधारण सानातिना हातहतियारले कुटी हानी रोपी घोची वा अरू ज्यान मर्ने गैह्र कुरा गर्दा ज्यान मरेमा एकैजनाले मात्र सो काम गरी ज्यान मारेमा सोही एकजना र धेरैजनाको हुल भई मारेमा यसैले मारेको वा यसैको चोटले मरेको भन्ने प्रमाणबाट देखिन ठहर्न आएमा सोही मानिस मुख्य ज्यानमारा ठहर्छ। त्यस्तालाई सर्वस्वसहित जन्मकैद गर्नु पर्छ। सोबाहेक अरूलाई र यसैले मारेको वा यसैको चोटले मरेको भन्ने कुरा सो हातहतियार छाड्ने कसैउपर कुनै प्रमाणबाट देखिने ठहर्न नआएमा सबैलाई जन्मकैद गर्नुपर्छ** भन्ने कानूनी व्यवस्था छ। साबिक मुलुकी ऐन, २०२० खारेज भई मिति २०७५।५।१ बाट लागु भएको मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "**कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने**

**छैन"** भनी उल्लेख गरेको र सोही ऐनको परिच्छेद १२ को ज्यानसम्बन्धी कसुरमा सर्वस्व गर्ने व्यवस्था रहे भएको नदेखिँदा प्रतिवादीलाई सर्वस्व गर्न नमिल्ने।

मृतक सुनिमाया शेर्पा र प्रतिवादी मनगेल्जी शेर्पा आमा छोरा नाताका देखिन्छन्। बाबुको मृत्यु भइसकेको र आमा र छोराहरू देवर, काकाको घरमा एकासगोलमा बसेको देखिन्छ। छोराहरू पहिले पनि विदेश गइसकेको, कमाएको पैसा आमालाई नदेखाएकोले आमा आफैँ विदेश जाने उद्देश्यले पासपोर्टसमेत बनाई सकेकोमा विदेश जाने कुरामा आमा छोराबिच विविद रहेको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ। घटनास्थल लासजाँच मुचुल्काबाट मृतक शरीरको टाउकोमा चोट रहेको र खप्पर फुटी गिदी कपालसमेतमा लतपतिएको भन्ने देखिएको छ। वारदातस्थल प्रतिवादी र मृतकको घरबाट बिँडसहितको कोदालो बरामद भएको छ बरामद दसी सनाखत गरी सोही कोदालोको पासोले टाउकोमा प्रहार गरेको भनी मौकामा र अदालतमा समेत आफूले कसुर गरेको स्वीकारी साबिती बयान गरेको देखिन्छ। पोष्टमार्टम रिपोर्टमा **Intracranial Injury due to blunt object** भन्ने देखिन्छ। प्रतिवादीले मृतकको टाउकोको गिदीसमेत निस्किने गरी प्रहार गरेको र सोही चोटका कारणले मृतकको मृत्यु हुन गएको पुष्टि भएको देखिने।

अतः प्रतिवादी मनगेल्जी शेर्पालाई साबिक मुलुकी ऐन, २०२० ज्यान सम्बन्धी महलको १३(३) नं बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहर गरी पुनराबेदन अदालत पाटनबाट मिति २०७२।५।१६ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ। साबिक मुलुकी ऐन, २०२० खारेज भई मिति २०७५।५।१ बाट लागु भएको मुलुकी अपराध संहिता, २०७४ ले सर्वस्वको सजाय खारेज गरी जन्मकैदमात्र गर्ने व्यवस्था गरेको हुँदा उक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने।

विदेश जाने सम्बन्धमा आमा, छोराबिच विवाद भएको घटना परिस्थिति देखिन्छ। आमा विदेश जान पासपोर्ट बनाएको कुरामा चित्त नबुझेको कारणले रिस उठी प्रहार गरेको भन्ने देखिन आएको छ। मृतक प्रतिवादी रहे बसेकै घरमा साँझको समयमा वारदात भएको देखिन्छ। बाटो गौंडा छेकी थुनी एकान्तस्थानमा भएको भन्ने देखिँदैन। आमा मरेकोमा पिर लागेको छ भनी आफूले गरेको घटनाप्रति प्रतिवादीले प्रायश्चित गरी अदालतको बयानमा लेखाएको देखिन्छ। घटनाको वास्ताविकता दर्साई २५ वर्ष उमेर समुहका प्रतिवादीले अदालतमा समेत साबिती भई न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको र आफूलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याएको सुरू फैसलाउपर पुनरावेदनसमेत नगरी बसेको देखिने।

साबिक मुलुकी ऐन अ.बं. १८८ नं. "... कसुरदारलाई ऐनबमोजिमको सजाय दिँदा चर्को हुने भई घटी सजाय हुनुपर्ने चित्तले देखेमा ऐनले गर्नुपर्ने सजाय ठहराई आफ्ना चित्तले देखेको कारणसहितको खुलासा राय पनि साधक तोकमा लेखी जाहेर गर्नु हुन्छ। अन्तिम निर्णय दिनेले पनि त्यस्तो देखेमा ऐनले हुने सजायमा घटाई तोक्न हुन्छ" भन्ने न्यायकर्ताको स्वविवेकीय अधिकारको व्यवस्था गरेकोले पीडकलाई अन्तिम सजाय निर्धारण गर्दा न्यायिक मन प्रयोग गरी न्यायोचित सजाय गर्नु उपयुक्त हुने।

अतः कसुरदारले कसुर गर्दाको अवस्था र परिस्थितिलाई मनन गर्दा ठहरेबमोजिम सजाय गर्दा चर्को पर्ने भई तात्कालीन पुनरावेदन अदालत पाटनबाट ब्यक्त भएको राय घटना परिस्थितिअनुकूल भएको देखिँदा साबिक मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम प्रतिवादीलाई १० (दश) वर्ष कैदको सजाय गर्ने गरी

पुनरावेदन अदालत पाटनबाट व्यक्त भएको रायसमेत मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः मदन पराजुली

कम्प्युटर: देवमाया खतिवडा (देविना)

इति संवत् २०७६ साल भदौ १३ गते रोज ६ शुभम् ।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री प्रकाशकुमार ढुंगाना,** *०७६-WH-००३०, बन्दीप्रत्यक्षीकरण, अनिल विश्वकर्मा वि. काठमाडौं जिल्ला अदालतसमेत*

समिर कुमार रिमालसमेतले यिनै निवेदक प्रतिवादीसमेतका उपरमा दिएको जाहेरी दर्खास्तअनुसारको अनुसन्धान तहकिकात भई निवेदक अध्यक्ष रहेको माई इन्भेष्टमेन्ट कम्पनीले निवेदकसमेत अन्य प्रतिवादीहरूले आपसमा मिलेमतो गरी सर्वसाधारण व्यक्तिहरूलाई ललाईफकाई लगानी गराउने, कम्पनी खडा गरी कम्पनीको नाममा गैरकानूनी तवरले २५% सम्म ब्याज दिने भनी प्रलोभनमा पारी लिएको रकम फिर्ता माग गर्दा नदिई झुक्याएको र बैंकिङ कारोबार गर्न नपाउने अवस्थामा राष्ट्र बैंकबाट इजाजत नलिइ कम्पनी सञ्चालन गरेको, लेखा परीक्षण नगरेको, कम्पनी रजिस्ट्रारको कार्यालयबाट अद्यावधिक तथा नविकरण गर्ने र अनिवार्य बुझाउनु पर्ने विवरण नबुझाई गैरकानूनी ढङ्गबाट कम्पनी सञ्चालन गरेको, एकल हस्ताक्षरबाट कम्पनीको खाता सञ्चालन गरेको, विभिन्न नामका कम्पनी खोली सञ्चालक अध्यक्षको रूपमा रही एउटा कम्पनीको रकम अर्को कम्पनीमा स्थानान्तरण गरी कम्पनीको नाममा गैरकानूनी रकम उठाइ हिनामिना गरी कम्पनीको सञ्चालक र निक्षेपकर्ताको ठुलो परिमाणको रकम ठगी गरेकोले मुलुकी ऐन, ठगीको महलको १ र २ नं. बमोजिम कसुर अपराध गरी रू.६४,७७,५५०।– ठगी गरेकोले बिगो कायम गरी ऐ.ऐनको ४ नं. बमोजिम सजाय गरी जाहेरवालाको बिगो भराई पाउँ भनी काठमाडौं जिल्ला अदालतमा अभियोग दर्ता भएको देखिन्छ । उक्त मुद्दामा समेत तत्काल प्राप्त प्रमाणहरूको आधारमा निवेदकलाई थुनामा राखी मुद्दा पुर्पक्ष गर्नु भनी मिति २०७५।४।२५ मा आदेश गरेको देखियो । सो आदेश बेरितको हुँदा बदर गरिपाउँ भनी निवेदकले उच्च अदालत पाटनमा निवेदन गर्दा पुनरावेदन अदालत पाटनबाट मिति २०७५।११।२मा सदर गरेको देखियो । तत्पश्चात आफ्नो थुना गैरकानूनी रहेको भनी निवेदक प्रस्तुत बन्दीप्रत्क्षीकरणको निवेदन लिई अदालतमा उपस्थित भएको देखिन्छ । निवेदक कानूनबमोजिम ब्राइट इन्भेष्टमेन्ट पब्लिक लिमिटेड र माई इन्भेष्टमेन्ट पब्लिक लिमिटेड कम्पनी स्थापना गरी सोको सञ्चालक अध्यक्ष रहेको तथ्यमा विवाद नरहने ।

बन्दीप्रत्यक्षीकरणको निवेदन सामान्य कार्याविधि अपनाइने सामान्य प्रकृतिको मुद्दा नभई यो सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत सुनुवाइ हुने विशेषाधिकार सम्पन्न उच्चस्तरिय रिट हो । यसको छुट्टै र विशेष महत्त्व रहने हुँदा अदालतले साधारण क्षेत्राधिकारअन्तर्गत सुनुवाइ गरेका मुद्दाहरूमा नियमित प्रक्रियाअन्तर्गत गरेका आदेश वा निर्णयहरू सदर वा बदर गर्ने प्रयोजनको लागी यो रिटलाई माध्यम बनाउन मिल्दैन । यद्यपि गैरकानुनी थुनामा राखेको देखिएमा थुनामा परेको व्यक्तिलाई थुनामुक्त गर्नको लागी जारी गरिने विशेषाधिकार सम्पन्न उच्चस्तरिय रिट भएको र व्यक्तिको स्वतन्त्रतासँग गासिएको संविधानद्वारा संरक्षित मौलिक अधिकार प्रचलनमा प्रवृत्त भावना राखिएको छ, छैन भनी हेरी थुना, कानूनी गैरकानुनी के हो ? सो मात्र हेरिने ।

निवेदकले आफूलाई प्रवृत्त धारणा बनाई

वा बदनियत वा कपटपूर्ण तवरले थुनामा राखिएको, पक्राउ गर्नु पर्ने कारणको सूचना तथा जानकारी नै नदिई थुनामा राखेको, कानूनले निर्धारण गरेको बाध्यात्मक प्रक्रिया नअपनाई थुनामा राखिएको, अख्तियारवाला बाहेक अधिकारै नभएको व्यक्तिको आदेशले थुनामा राखेको, अभियोग नलगाई थुनामा राखेको वा अधिकार क्षेत्रात्मक त्रुटि देखिएको भन्ने दाबी लिएको छैन । निवेदकले निवेदनमा मुद्दा पुर्पक्षमा राख्ने गरेको आदेशहरू गैरकानूनी र अन्य प्रतिवादीहरूको हकमा भएको आदेश भन्दा असमान व्यवहार भएको भन्ने उल्लेख गरेको छ । निवेदक र अरू प्रतिवादीहरूको कम्पनीको जिम्मेवारी बहन गर्ने दायित्वमा फरक छ । निवेदक कम्पनीको मुख्य भई सञ्चालन गर्ने र रकम बुझी लिने तथा अरू कम्पनीको कार्यमा मुख्य भूमिकामा रहेको भन्ने अभियोगदाबी रहेको छ, कसुरको मात्रा र संलग्नताको आधारमा प्रतिवादीहरूबाट कानूनबमोजिम धरौट, जमानत लिई साधारण तारेखमा राख्ने, धरौट, जमानतसमेत नलिई साधारण तारेखमा राख्ने वा थुनामा राख्न सकिने नै हुँदा उक्त आदेशलाई गैरकानूनी भन्न मिलेन। आफूलाई मात्र थुनामा राखिएको भन्ने निवेदन दाबी मिलेको नदेखिने।

बन्दीप्रत्यक्षीकरणको रिटबाट विवादको तथ्यभित्र प्रवेश गरी थुनाको औचित्यको खोजी गर्ने कार्य गरिँदैन। बन्दीलाई थुनामा राखिएको कार्यको वैधतासम्म परीक्षण गरी गैरकानूनी तवरबाट थुनामा राखिएको देखिएमा बन्दीलाई त्यस्तो थुनाबाट मुक्त गर्न बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

मातहत दुई तह अदालतबाट सामान्य कानूनी व्यवस्थाअन्तर्गत निरूपण भई टुंगो लागिसकेको विषयवस्तुमा यस अदालतले रिट क्षेत्राधिकारबाट पुनरावेदन सुनेसरह गरी हस्तक्षेप गर्दै जाने हो भने विवादको कहिल्यै पनि अन्त्य हुन नसक्ने र अदालतको साधारण क्षेत्राधिकारसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थासमेत अर्थहीन हुन जाने।

अत: उपरोक्त आधार प्रमाण तथा न्यायिक सिद्धान्तसमेतको आधारमा निवेदकलाई निजउपर परेको ठगी मुद्दाहरूमा जिल्ला अदालतबाट मिति २०७५।४।२५ मा मुद्दा पुर्पक्षको लागी थुनामा राख्न पठाएको, उक्त आदेश बेरितको रहेको भनी निवेदकले गरेको उजुरीमा मिति २०७५।११।२ मा सुरू जिल्ला अदालतको आदेश सदर हुनेगरी उच्च अदालत पाटनबाट आदेश भई साधारण अधिकारक्षेत्रबाट दुई तहसम्म निजलाई कानूनबमोजिम पुर्पक्षको लागि थुनामा राख्ने गरी सक्षम निकायबाट आदेश भएको देखियो । निवेदकलाई पुर्पक्षको लागि थुनामा राख्दा असमान व्यवहार गरेको पनि देखिन नआएको र साधारण अधिकारक्षेत्रमा विचाराधीन रहेको ठगी मुद्दाको रोहबाट कानूनको प्रक्रिया पुर्‍याई पुर्पक्षको लागि थुनामा राख्ने गरी भएका आदेशहरू लाई गैरकानूनी थुनामा रहेको मान्न नमिली प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः मदन पराजुली
कम्प्युटर: संजय जैसवाल
इति संवत् २०७६ साल भाद्र १२ गते रोज ५ शुभम्।

११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७२-RB-०३४६, मूल्य अभिवृद्धि कर, जगदिशप्रसाद अग्रवाल वि. आन्तरिक राजस्व कार्यालय, विराटनगर

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २९(१)(ग) मा "दफा १४ को उपदफा (१) र (४) को व्यवस्था उल्लङ्घन गरेमा प्रत्येक पटक पाँच हजार रूपैयाँ" जरिवाना कर अधिकृतले गर्न सक्ने भन्ने व्यवस्था रहेको देखिए तापनि सो प्रत्येक पटक

भन्ने शब्दले क्रेता र बिक्रेताको बिचमा पटकपटक भएको किनबेचको कारोबारलाई जनाउने अर्थात् विभिन्न ग्राहकहरूलाई विभिन्न सामग्री बिक्री गर्दा व्यक्ति व्यक्तिलाई बीजक दिने कार्य नभएको भन्नेलाई जनाउने हो। तर प्रस्तुत मुद्दामा देखिएको विषयवस्तुले यसरी पटकपटक गरेको कारोबारको परिणाम नभई ठूलो मात्राको रू.७८,४९,३०२।५६ बराबरको सामानको मौज्दात घटी देखिएको र बिल बीजक रितपूर्वक नराखेको स्थितिमा यति ठूलो परिमाणको कारोबारलाई प्रत्येक पटकको संज्ञा दिन मिल्ने देखिँन आउँदैन । यस्तो अवस्थामा करदाताले जानीजानी जालसाजी कार्य गरी आफ्नो कारोबारलाई नै लुकाउने छिपाउने कार्य गरेका हुन् भनी मान्नु पर्ने।

त्यसैगरी करदाता अरविन्द स्टोर्सले मूल्य अभिवृद्धि कर बीजकबाट खरिद भएका सम्पूर्ण सामानको बिक्री बिल जारी नगरी आंशिक रुपमा मात्र बिक्री बिल जारी गरेको कारणले लेखाअनुसार हुने मौज्दातभन्दा भौतिक मौज्दात घटी भएको देखिएको साथै निजले मूल्य अभिवृद्धि कर बीजकबाट मात्र खरिद नगरी गैर कर बीजकबाट समेत खरिद गरी कारोबार गर्ने गरेको कारणले जानीजानी मौज्दातअनुसारको बिल बीजक देखाउन नसकी कर नतिर्ने नियतले कार्य गरेको भन्ने नै देखिन आउँछ। सोही आधार कारणसमेतबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ज) बमोजिम थप कर निर्धारण गरी सोही ऐनको दफा २९(२)(ख) बमोजिम जालसाजी गरी कर छलेको भन्ने आधारमा सत-प्रतिशत जरिवानासमेत निर्धारण गर्ने गरी भएको आन्तरिक राजस्व कार्यालय विराटनगरको मिति २०६६।८।९ को अन्तिम कर निर्धारण आदेशलाई सदर गरेको आन्तरिक राजस्व विभागको मिति २०६६।११।९ को निर्णय मिलेको देखिँदा सदर हुने ठहर्छ भनी सुरु राजस्व न्यायाधिकरण विराटनगरबाट मिति २०६८।१२।२४ मा भएको फैसला मनासिब नै देखिन आएको अवस्थामा यस अदालतबाट पुनरावेदनको अनुमति प्रदान गर्न लिएका आधार कारणहरूसँग सहमत हुन नसकिने।

तसर्थः उपरोक्त आधार र कारणहरूसमेतबाट राजस्व न्यायाधिकरण विराटनगरबाट मिति २०६८।१२।२४ मा भएको फैसला मनासिब नै देखिएकोले सदर हुने।

इजलास अधिकृत : नारदप्रसाद भट्टराई

कम्प्युटर : देवीमाया खतिवडा

इति संवत् २०७६ साल कार्तिक २५ गते रोज २ शुभम्।

१२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुष्मालता माथेमा,** ०६८-CI-१५३६, हक कायम अस्थायी दर्ता बदर दर्ता, कुशेश्वर पाठक वि. बलरामप्रसाद साहसमेत

वादीको दाइको उक्त विवादित स्थानमा घर जग्गा रहेको भन्ने कुरा उक्त गाउँ ब्लकमा नापी हुँदा कि. नं. ११ मा रामेश्वर पाठकको नाउमा नापजाँच भएको भन्ने नापीपश्चात्को दाबी सूचनाबाट देखिन्छ। साथै वादी रामेश्वर प्रतिवादी अशोककुमार गुप्ता भएको जग्गा खिचोला घर हटाई चलन मुद्दामा अदालतबाट विवादित क्षेत्रको मिति २०६१।०५।०१ मा भएको नक्साको न.नं. ११,१२ र १५ मा निजको घर रही भोग गरेको भन्ने देखिन्छ । सोबाट दाइ रामेश्वरको नाउँमा सो स्थानमा घर रही भोग गरेको स्थानमा नै राजीनामाबाट प्राप्त गरेको विवादित जग्गा रहेको देखियो । वादीको भोग बसोबास रहेको स्थानको साध सिमानामा रहेको जग्गामा नापीकै समयमा उपस्थित भई फिल्ड देखाई जग्गा खरिद गरेको लिखित प्रमाण देखाई आफ्नो नाउमा आफ्नो हक भोगको क्षेत्रफल दर्ता गराउनु पर्ने वादीको कर्तव्य पनि हुन्छ। नापीको समयमा वादीले

प्रमाण देखाइ दर्ता गर्न सकेको नदेखिने।

विधिशास्त्रिय मान्यता अनुरूप पनि सम्पत्तिमा कुनै व्यक्तिको भोग देखिन corpus possenis (भौतिक नियन्त्रण) र animus possidendi (मनसाय) दुवै तत्त्व विद्यमान रहेको देखिनु पर्दछ। corpus possenis अन्तर्गत जग्गामा भोगाधिकार रहेको हुनपर्छ भने animus possidendi अनुरूप सो जग्गाउपर निरन्तर हकको संरक्षण गर्न मानसिक तत्परता रहनु पर्ने हुन्छ। प्रस्तुत विवादमा वादीले विवादित स्थानको जग्गा सम्पूर्ण नभई मध्ये भनी खरिद गरेको लिखत स्रेस्तासम्म पेस गरेका छन्। प्रतिवादीहरूले नक्सा पास तथा नामसारी गरी नापीको समयमा अस्थायी दर्तासमेतका कार्य गरी पटकपटक सम्पत्तिमा प्रश्न उठदा पनि आफ्नो हकको भए कानूनी प्रक्रियामा उसै बखत निरन्तर संरक्षण गर्न भोग गर्न जानु पर्ने हो। प्रतिवादीहरूको निरन्तर भोग र दर्ता स्रेस्तासमेत रही कानूनद्वारा मान्यता प्राप्त दाबीसहितको प्रमाणहरू पेस गरेका देखिन्छन्। त्यसबाट समेत वादी दाबी पुग्न सक्ने नदेखिने।

वादी स्वयम्ले पनि सो स्थानमा प्रतिवादीहरूको कुनै सम्पत्ति बाँकी थिएन भनी दाबी नलिएको तथा निजहरूको बाँकी रहेको यो सम्पत्ति हो भनी लेखाउन देखाउन सकेको पनि देखिँदैन। प्रतिवादीको दाताको नाममा बाँकी रहेको जग्गा बिक्री वितरण हक हस्तान्तरण नभएको अवस्थामा सो जग्गा लोप हुने कुरा पनि भएन। साथै सो बाँकी रहेको जग्गाको अस्थित्व नरहने भन्ने कुरा पनि देखिएन। दाताको नाममा रहेको बाँकी जग्गा दर्ता हुन नपर्ने अवस्था पनि देखिँदैन। उल्लेखित तथ्यबाट गाउब्लकको विवादित सम्पत्तिमा आफ्नो हकको हो भन्ने प्रमाणको भार वादी पक्षले पुष्ट्याई गर्न सकेको पाइएन। तसर्थ पनि नापीको निर्णय बदर हुन सक्ने नदेखिने।

जहाँसम्म २०५९।९।९ सालमा अदालतबाट नाप नक्सा भएको कुरा उक्त फैसलामा विवेचना नभएको भन्ने यस अदालतको निस्सा प्रदान गर्दाको आधार तथा पुनरावेदक वादीतर्फका विद्वान् कानून व्यवसायीको बहस जिकिर छ। उक्त जग्गा गाउँब्लकको भएबाट लिखतबाट कागजिरूपमा दुवै पक्षको आधा आधा हक देखिएपनि यति वादीको यति प्रतिवादीको भनी पूर्व नाप नक्साबाट यकिन आधिकारिक रूपमा खुट्टिएको अवस्था हुने भएन। दुवै पक्षको सो स्थानमा अस्थित्व रहेको कुरा नक्सा मुचुल्काबाट देखिन्छ। सो कुरा वादी रामेश्वर प्रतिवादी अशोककुमार गुप्ता भएको जग्गा खिचोला घर हटाई चलन मुद्दामा अदालतबाट विवादित क्षेत्रको मिति २०६१।०५।०१ मा भएको नक्साको न.नं. ११,१२ र १५ मा वादीको दाजुको घर रही भोग गरेको भन्ने देखिन्छ। सो घर जग्गाको स्रोत अरूनै लिखत प्रमाणबाट प्राप्त भएको भनी वादीले पुष्टि गर्न सकेको छैन। वस्तुत: वादीले पेस गरेको लिखत प्रमाणको स्रोतको घर जग्गा स्वभाविकरूपमा निजका दाजुको नाउँमा देखाइएको सोही घर जग्गा नै रहेको भन्ने तथ्य स्थापित हुन्छ। मिति २००९।१।८ को राजीनामा कुन जग्गामध्ये कुन लगतको जग्गा हो भन्ने कुरा खुल्दैन। साथै नापीपश्चात् प्रतिवादीहरूका नाउँमा हक प्राप्त भएको जग्गाको क्षेत्रफल पनि बढी नै रहेको भन्ने तथ्य मिति २०५९ तथा २०६१ मा भएको नक्सा मुचुल्काबाट नदेखिने।

उल्लेखित विवेचित आधारबाट पुनरावेदक वादीको जग्गाको हक हस्तान्तरणको स्रोत प्रतिवादीहरूको आमा देखिएको र निजले सम्पूर्ण जग्गा बिक्री नगरी मध्ये भनी बिक्री गरेको, बाँकी रहेको जग्गामा प्रतिवादीहरूको आमाको जीवित छँदै २०४२/०४३ नक्सापास गरी घर बनाएको, आमाको मृत्युपश्चात् निजहरूले निरन्तर भोग बसोबास गरी

आएको र बिरौटी तिरी सिफारिस दिएको जस्ता कुराले जग्गामा हक हुने आधारभूत प्रमाणहरू प्रतिवादीले पेस गरेको देखियो । प्रतिवादीहरूले नापीको समयमा दर्ता, भोग चलन तथा तिरोसमेतको आधारमा आ-आफ्नो नाममा दर्ता गराएको कार्य कानूनबमोजिम नै भएको देखिन आयो । प्रतिवादीहरूको नाममा दर्ता भएको जग्गा पनि पुनरावेदकको नाममा दर्ता हुने जग्गा हो भन्ने कुरा प्राप्तिको स्रोतको रूपमा रहेको राजीनामाबाट नै पुष्टि हुन नआएकोले सो दर्ता बदर गरिपाउँ भन्ने पुनरावेदन जिकिर पुग्ने अवस्था देखिन आएन । त्यसकारण पुनरावेदन अदालत जनकपुरको फैसला मिलेकै देखिँदा अन्यथा हुन सक्ने अवस्था नदेखिने ।

तसर्थ, वादी दाबी नपुग्ने गरी सुरू महोत्तरी जिल्ला अदालतबाट मिति २०६३।०६।२७ मा भएको फैसला सदर हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत जनकपुरबाट मिति २०६७।०३।२७ मा भएको फैसला मनासिवै देखिँदा सदर हुने ।

इजलास अधिकृतः टेकराज जोशी

इति संवत् २०७६ साल श्रावण २२ गते रोज ४ शुभम् ।

- यसमा यसै लगाउको ०६८-CI-१५३७,१५४५ हक कायम अस्थायी दर्ता बदर दर्ता, जग्गा खिचोला घर उठाई चलन, शंकर पाठक वि. बलारामप्रसाद साहसमेत, शंकर पाठक वि. अशोककुमार गुप्ता भएको मुद्दाको फैसला यसै प्रकृतिको रहेको ।

१३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७०-CI-०८७९, लेनदेन, रामचन्द्र यादव वि. सिद्धिदेवी यादव*

यिनै वादी प्रतिवादीबिचमा २०५८ सालको फौ.पु.नं. ५८/२७९ को मुद्दा तत्कालीन पुनरावेदन अदालत राजविराजमा विचाराधीन रहेको र सो मुद्दा २०६०/३/१५ मा फैसला भएको देखिन्छ । प्रतिवादी सिद्धिदेवी यादवले मिति २०५९/१२/२८ मा भएको कपाली तमसुक लिखत वादी रामचन्द्र यादवसँग भएको कुटपिट मुद्दामा मिलापत्र गर्ने प्रयोजनका लागि सर्त बन्देज रूपमा तयार गरी योगेन्द्र झाले सो लिखत जिम्मामा राखेकोमा कुटपिट मुद्दामा मिलापत्र हुन नसक्दा योगेन्द्र झाले राखेको उक्त लिखत फिर्ता गराई पाउँ भनी सिद्धिदेवी झाले प्रस्तुत लेनदेन मुद्दा दायर हुनुपूर्व नै जिल्ला प्रशासन कार्यालय सिराहमा मिति २०६०/१०/०४ मा निवेदन दर्ता गराएको देखिन्छ । उक्त तथ्यको पक्षमा समर्थन गरी प्रतिवादीका वारेस सत्यनारायण साहले अ.बं. ७८ नं. बमोजिम बयान गरी थप पुष्टि गरिदिएको पाइने ।

उक्त लिखतका लेखक अन्तर साक्षी धर्मनाथ सिंहले अ.बं.१३९ नं. बमोजिम बयान गर्दा, वादी प्रतिवादीहरूको मन्जुरीमा मैले लिखत लेखी साक्षीमा सहीछाप गरेको हो, तर मेरो सामुन्नेमा रकम लेनदेन भएको छैन, मैले लेनदेन भएको देखिन भनी बयान गरेको देखिन्छ । सोही लिखतका अर्का साक्षी गनपैत यादवले कुटपिट मुद्दामा मिलापत्र गर्नको लागि दुवै पक्षसँग चार / चार लाखको बाउन्ड कागज बनाउनुपर्ने सर्त भई सर्तअनुसार सो कागज २ प्रति तयार गरिएको हो । सो लिखत लेनदेन कारोबार नभई केवल मिलापत्र प्रयोजनको बाउन्ड कागज मात्र हो भनी बयान गरेको देखियो । यसरी लिखतका साझीहरूले रकम लेनदेन भएको देखेनौं भनी बयान गरेको पाइन्छ । यसप्रकार कुटपिट मुद्दा चलिरहेको सरोकारका व्यक्तिसँग ऋण लिनुपर्ने व्यवहार साँचो र पत्यारलाग्दो देखिँदैन । साथै पुनरावेदकका पेटबोलीका मानिस योगेन्द्र झाले अदालतले झिकाएको समयमा हाजिर भई लेनदेन भएको भनी पुष्टि गर्न सकेकोसमेत नदेखिने ।

यस्तै विषयवस्तु समावेश भएको ने.का.प.

२०४२, अंक ३, नि.नं. २२९८, पृष्ठ २५८ मा प्रकाशित पुनरावेदक रामेश्वर यादव विरूद्ध प्रत्यर्थी हरिहर गोइत यादव भएको लेनदेन मुद्दामा ***"रूपैयाँ लिनुदिनु गरी कागज भएको नभई बन्देज सर्तको रूपमा खडा भएको कपाली तमसुकको लिखतबाट दाबीको रकम दिलाउन भराउन नमिल्ने"*** भनी यस अदालतको पूर्ण इजलासबाट सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ । उल्लेखित न्यायिक सिद्धान्तको रोहमा समेत विवादित लिखत पक्षहरूका बिचमा रकम लेनदेनको प्रयोजनार्थ खडा भएको भन्ने नदेखिँदा पुनरावेदन अदालत राजविराजबाट वादी दाबी पुग्न नसक्ने गरी भएको फैसला अन्यथा भन्न मिलेन । वादीको पुनरावेदन जिकिर तथा निजका तर्फबाट उपस्थित कानून व्यवसायीको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: उपरोक्त आधार कारणबाट समेत लिखित प्रमाण प्राथमिक प्रमाण हुने भए तापनि प्रस्तुत मुद्दामा देखिएका अन्य तथ्य व्यवहारबाट सो लिखत वास्तवमा लेनदेनको लिखत भएको पुष्टि हुन सकेन। तसर्थ, यस्तो सर्तबन्देजको रूपमा खडा भएको कपाली तमसुकबाट वादी दाबीको साँवा ब्याज रकम दिलाउन नमिल्ने हुँदा वादी दाबी नपुग्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७०/०२/२८ को फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृतः सरोजनिधि वाग्ले

इति संवत् २०७६ साल भाद्र ०४ गते रोज ४ शुभम्।

**इजलास नं.११**

**१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७३-CR-०१९१, ठगी, नेपाल सरकार वि. अनिल कँडेल*

जाहेरवाली स्वयम्को मन्जुरीले प्रतिवादीलाई कर्जा दिएको भन्ने तथ्य पुष्टि हुन आएको अवस्थामा निर्धारित समयमै लिएको कर्जा तिर्न नसकेको कुरालाई मुलुकी ऐन, ठगीको महलको १ नं. अन्तर्गतको कसुरजन्य कार्य हो भनी मान्न मिल्ने देखिँदैन । जाहेरवाली र प्रतिवादीबिच कर्जा लेनदेनको कार्य भएको भन्ने देखिन आएको अवस्थामा अभियोग मागदाबीबमोजिम प्रतिवादीलाई ठगीको कसुरमा सजाय गरिपाउँ भन्ने वादी पक्षको पुनरावेदन जिकिर मनासिब नदेखिने।

काटेको चेक भुक्तान हुन नसकी फिर्ता भएको अवस्थामा विनिमय अधिकारपत्र ऐन, २०३४ बमोजिम प्रतिवादी विरूद्ध फिराद दिन सक्ने अधिकार जाहेरवालीमा सुरक्षित नै रहने ठहर गरी सुरू अदालत र पुनरावेदन अदालतसमेतले फैसला गरेको देखिन्छ। उक्त दुवै फैसलामा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिमको प्रक्रिया अवलम्बन गर्ने कुरा उल्लेख गरिएको पाइएन । उक्त दफा २७ मा ***"यस ऐनबमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा अनुसूची १ वा २ भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानूनबमोजिम कारबाही किनारा गर्नु पर्नेछ"*** भन्ने प्रावधान रहेको पाइन्छ । तसर्थ, सरकार वादी भई चलेको मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ वा २ भित्र पर्ने नदेखिएको अवस्थामा सरोकारवाला पक्षलाई मुद्दा सकार गरी कारबाही चलाउन दिनुपर्ने हुन्छ । सोअनुसारको प्रक्रिया अपनाउने गरी सुरू तथा पुनरावेदन अदालतले फैसलामा उल्लेख गरेको नदेखिने।

अतः माथि विवेचित आधार, कारणबाट प्रतिवादीलाई ठगीको कसुरमा सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी पुग्न नसक्ने ठहऱ्याई सुरू काठमाडौं जिल्ला अदालतबाट भएको २०७०/०१/०९ गतेको फैसला सदर हुने गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७०/११/०६ मा भएको फैसला सो हदसम्म मनासिब देखिँदा सदर हुने ठहर्छ। सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेमा सो सम्बन्धमा कुनै कुरा उल्लेख नगरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७०/११/०६ को फैसला सो हदसम्म केही उल्टी भई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिमको प्रक्रिया अपनाई जाहेरवालीले सकार गरेमा वादी पक्ष कायम गरी यसै मुद्दाको मिसिलबाट प्रचलित कानूनबमोजिम कारबाही किनारा गरिदिनेसमेत ठहर्छ। सो हदसम्म बाहेक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विकास श्रेष्ठ

इति संवत् २०७४ साल माघ ३ गते रोज शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०६९-WO-०२७४, उत्प्रेषण / परमादेश, *इन्द्रदेव यादव वि. श्री राष्ट्रिय प्राथमिक विद्यालय, धनगढी, सप्तरीसमेत*

शिक्षा नियमावली, २०५९ मा भएको छैठौं संशोधनले अस्थायी सेवामा शिक्षक नियुक्ति गर्न नमिल्ने हुँदा अस्थायी सेवामा शिक्षक नियुक्ति गर्ने विपक्षीहरूको निर्णयलगायत सोसँग सम्बन्धित सम्पूर्ण कामकारबाहीहरू उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने रिट निवेदकको मुख्य निवेदन मागदाबी रहेको देखियो। सो सन्दर्भमा हेर्दा शिक्षा नियमावली, २०५९ मा मिति २०६७/१०/०९ गते छैठौं संशोधन भएको पाइन्छ। नियमावलीमा भएको छैठौं संशोधनले नियम ९७ मा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकेको अवस्थामा तत्काल करारमा शिक्षक नियुक्त गर्न सकिने प्रावधान रहेको पाइन्छ । सोही शिक्षा नियमावलीमा छैठौं संशोधन हुनुपूर्व अस्थायी सेवामा शिक्षक नियुक्त गर्न सकिने व्यवस्था सोही नियम ९७ मा रहेको देखिने।

अस्थायी सेवाको शिक्षक पदको लागि मिति २०६७/०८/१५ मा विज्ञापन हुँदा शिक्षा नियमावली, २०५९ मा छैठौं संशोधन भएको देखिएन । शिक्षा नियमावलीमा छैठौं संशोधन हुनुपूर्व अस्थायी सेवाको शिक्षक पदको लागि विज्ञापन भएको अवस्था छ । संशोधित व्यवस्था लागु हुनु अगाडि नै अस्थायी सेवाको शिक्षक पदको विज्ञापन भएको देखिन्छ । करारमा शिक्षक नियुक्त गर्न सकिने व्यवस्था विज्ञापन भएपश्चात् मात्र आएको पाइयो। अस्थायी सेवाको शिक्षक पदको लागि विज्ञापन हुँदा शिक्षा नियमावलीमा छैठौं संशोधन भई करारमा शिक्षक नियुक्त गर्न सकिने प्रावधान लागु भइसकेको अवस्था थिएन । शिक्षा नियमावलीमा छैठौं संशोधन हुनु अगाडि शिक्षा नियमावली, २०५९ को नियम ९७ मा अस्थायी सेवाको शिक्षक नियुक्त गर्न सकिने प्रावधान विद्यमान रहेको र सोही प्रावधानअनुसार नै विपक्षीहरूबाट अस्थायी सेवाको शिक्षकको नियुक्तिका लागि विज्ञापनलगायतका लिखित र मौखिक परीक्षाको काम कारबाही भए गरेको देखियो। विज्ञापनलगायतका काम कारबाही हुँदाका बखत जुन कानूनी प्रावधान विद्यमान रहेको हुन्छ, सो प्रयोजनका लागि त्यहि कानूनी प्रावधान नै आकर्षित हुने हुन्छ । पछि आएको कानूनी प्रावधान अगाडि प्रारम्भ भएको काम कारबाहीमा आकर्षित नहुने।

अतः माथि विवेचित आधार र कारणबाट अस्थायी सेवाको शिक्षक पदपूर्तिको लागि विपक्षीहरूले

गरेको विज्ञापनलगायतका काम कारबाहीले यी रिट निवेदकको कुनै प्रकारको हक अधिकारमा आघात पुगेको नदेखिँदा निवेदन मागबमोजिमको आदेश जारी गरी रहन परेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विकास श्रेष्ठ

इति संवत् २०७४ साल माघ १५ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सपना प्रधान मल्ल,** *०६९-CR-०३१३, नकबजनी चोरी, नेपाल सरकार वि. रेकबहादुर पुन मगरसमेत*

नोदनीप्रसाद राजभण्डारीको घरको बरन्डामा खडा गरी राखेको मदन बुढाको रा.१ प ४४३४ नं. को कालो रङको पल्सर मोटरसाइकल मिति २०६६।१।२६ गते राति चोरी भएको हो भनी घटनास्थल प्रकृति मुचुल्कामा उल्लेख गरेको पाइन्छ। जाहेरवालाको जाहेरी दर्खास्त, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानसमेतबाट पनि प्रतिवादीहरूले नकबजनीको रितसँग मोटरसाइकल चोरी गरेको अवस्था खुल्न आएको देखिँदैन। उपरोक्त मिसिल संलग्न तथ्यबाट चोरीको ३ नं. मा वर्णित परिभाषाभित्र निज प्रतिवादीहरूको कार्य भए गरेको नदेखिँदा प्रस्तुत वारदातलाई नकबजनीको वारदात हो भनी मान्न सकिने अवस्था रहेन। प्रस्तुत वारदात चोरीको महलको १ नं. बमोजिम साधारण चोरी गरेको अवस्था देखिने।

दाङ, घोराही नगरपालिका वडा नं. ११ सुपरटोल स्थित झगुप्रसाद पौडेलको घर अगाडि राखेको अवस्थामा रा.१ प ४४३४ नं. को कालो रङको पल्सर मोटर साइकल बरामद भएको देखिन्छ। उक्त बरामद भएको मोटरसाइकलको बजार भाउ रू.१,७६,९००/- पर्ने भन्ने दाङ उद्योग वाणिज्य संघको पत्रबाट देखिन्छ। वारदात नकवजनी चोरी नभई साधारण चोरीको हो भनी पुष्टि भएको अवस्था देखिने।

प्रतिवादीमध्येका रेकबहादुर पुन मगर र दामोदर डाँगीलाई सुरू अदालतले मुलुकी ऐन, चोरीको १४(१) नं. बमोजिम डेढ महिना कैद र प्रतिवादीमध्येका नाबालक विनोद परियार र सुरेश चौधरीलाई बालबालिकासम्बन्धी ऐनको दफा ११(२) बमोजिम १५ दिन कैद सजाय गरे पनि पुनरावेदन अदालत तुल्सीपुर, दाङले प्रतिवादीमध्येका रेकबहादुर पुन मगरको हकमा मुलुकी ऐन, चोरीको महलको १२ र १४(१) नं. बमोजिम नकबजनी चोरी गरेको ठहराए पछि ऐनबमोजिम बिगोबमोजिम जरिवाना गर्नु पर्नेमा सो नगरेको हदसम्म सुरूको फैसला उल्टी हुने र अन्य कुराको हकमा वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने भनी गरेको फैसला गरेको पाइयो। प्रस्तुत वारदातको सम्पूर्ण अवस्थाको विश्लेषण गर्दा मुलुकी ऐन, चोरीको महलको ३ नं. बमोजिम नकबजनीको वारदात नभई चोरीको १ नं. को परिभाषाभित्र पर्ने गरी साधारण चोरीको वारदात देखिन आएको अवस्था छ। चोरीको महलको १२ नं. बमोजिम प्रतिवादी रेकबहादुर पुन मगर र दामोदर डाँगीलाई सजाय गर्नु पर्नेमा ऐ. को १४(१) नं. बमोजिम रेकबहादुर पुन मगरलाई मात्र सजाय गर्ने गरेको पुनरावेदन अदालत तुल्सीपुरको फैसला कानूनसम्मत देखिन नआउने।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) मा **"बालकको उमेर दश वर्ष वा सोभन्दा माथि र चौध वर्षभन्दा कम रहेछ भने निजलाई कानूनबमोजिम जरिवाना हुने कुनै अपराध गरेकोमा हप्काई, सम्झाई बुझाई र कैद हुने अपराध गरेकोमा कसुर हेरी ६ महिनासम्म कैद हुन्छ"** भन्ने कानूनी व्यवस्था रहेको पाइयो। प्रस्तुत मुद्दाको प्रतिवादीहरू सुरेश चौधरी र विनोद परियारको हकमा विचार गर्दा

विद्यालयको रेकर्डअनुसार सुरेश चौधरीको जन्ममिति २०५३।१०।२ तथा विनोद परियारको जन्ममिति २०५२।१२।५ भनी रहेको च.नं.१७ मिति ०६६।२।६ को निम्न माध्यमिक विद्यालय बाहुनडाँडा दाङको पत्रबाट देखिन्छ । मौकाको बयान, अभियोगपत्र तथा अदालतमा भएको बयानसमेतबाट निज प्रतिवादीहरू १४ वर्षभन्दा घटि उमेरका नाबालक भएको कुरामा विवाद देखिएन । उपर्युक्त कानूनी व्यवस्थाअनुसार यी नाबालक प्रतिवादीहरूलाई जरिवानाको हकमा हप्काई, सम्झाई बुझाई गरी कैदको हकमा बढीमा ६ महिनासम्म कैद सजाय गर्न सकिने व्यवस्थाअनुसार नाबालक प्रतिवादीहरूलाई १५ दिन कैद हुने ठहर गरेको पुनरावेदन अदालत तुलसीपुरको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अत: माथि विवेचित आधार कारणबाट पुनरावेदन अदालत तुलसीपुरको मिति २०६८।११।२ गतेको फैसला केही उल्टी भई मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम प्रतिवादीहरू रेकबहादुर पुन मगर र दामोदर डाँगीलाई जनही एक महिना कैद र बिगो रू. १,७६,९००/- बमोजिम जरिवाना हुने ठहर्छ । प्रतिवादीमध्येका विनोद परियार र सुरेश चौधरी १४ वर्षभन्दा घटीका उमेरका देखिँदा तत्काल प्रचलित बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(२) बमोजिम निजहरूलाई जनही १५ दिन कैद सजाय हुने ठहर गरेको हदसम्म पुनरावेदन अदालत तुल्सीपुरको फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: डल्लुराम चौधरी

कम्प्युटर: विजय खड्का

इति संवत् २०७५ साल चैत्र ४ गते रोज २ शुभम् ।

४

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री तेजबहादुर के.सी.,** *०७५-WH-०१८३, बन्दीप्रत्यक्षीकरण, परवेज आलम सिद्दिकी वि. बाँके जिल्ला अदालत नेपालगन्जसमेत*

०७२-CS-००५८ को सवारी ज्यान मुद्दामा पुनरावेदन अदालत नेपालगन्जको मिति २०७३।१।६ को फैसलाअनुसार कैद सजाय पाएका व्यक्ति इमामुद्दिन सिद्दिकीको छोरा प्रवेज सिद्दीकी हो । प्रवेज सिद्दीकी भन्ने व्यक्ति म इमादउद्दिन असरद सिद्दिकीको छोरा परवेज आलम सिद्दिकी नभएको हुँदा उनाउ व्यक्तिको कैद मबाट असुलउपर गर्न मिल्दैन भनी निवेदकले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भनी मिति २०७६।०१।३० मा यस अदालतमा रिट निवेदन गरेको देखियो । सोपूर्व यिनै निवेदकले यही विषयमा मिति २०७५।१२।२४ मा उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासमा बन्दीप्रत्यक्षीकरणको आदेश माग गरी रिट निवेदन दिएकोमा उक्त निवेदन मिति २०७५।१२।२९ मा खारेज हुने ठहऱ्याई आदेश भएको पाइयो । यस अदालतमा दायर भएको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन समग्रमा अध्ययन गर्दा यही विषयमा उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दायर गरिसकेको र रिट खारेज भएपश्चात् सोही विषय लिई सर्वोच्च अदालतमा उपस्थित भएको भन्ने तथ्य निवेदकले कहीँकतै उल्लेख गरेको नदेखिने ।

अदालतमा न्यायको निम्ति प्रवेश गर्ने पक्षले सफाहात लिई प्रवेश गर्नुपर्ने हुन्छ । तथ्य लुकाई अदालतलाई गुमराहमा पार्न खोज्ने पक्षलाई अदालतले मद्दत गर्न सक्दैन । वादी नेपाल सरकार र प्रत्यर्थी प्रतिवादी बन्डा भन्ने सञ्जय हलुवाई भएको सवारी ज्यान मुद्दाका प्रतिवादी यिनै निवेदक हुन् भन्ने कुरा निजको उमेर, बाबुको नाम, निजको वतनसमेतका समग्र कागज प्रमाणबाट पुष्टि भएको देखिएको छ । अदालतबाट भएको फैसलाअनुसार कैद असुल गर्न

थुनामा राखिएको कार्यलाई गैरकानूनी मान्न मिल्ने देखिँदैन । यसका अतिरिक्त उच्च अदालत तुलसिपुर, नेपालगन्ज इजलासबाट ०७५-WH-०००९ को बन्दीप्रत्यक्षीकरणको निवेदनका सन्दर्भमा मिति २०७५।१२।२९ मा निवेदन खारेज हुनेगरी भएको आदेश (फैसला) बाट नै निवेदकले उठाएका कानूनी प्रश्नको निरूपण भइसकेकोसमेत देखियो । अतः निवेदकको मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : शिवप्रसाद आचार्य

कम्प्युटर : मन्दिरा रानाभाट

इति संवत् २०७६ साल जेष्ठ २४ गते रोज ६ शुभम् ।

५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७१-CR-००७८, मोटरसाइकल चोरी, नेपाल सरकार वि. रिकेश खड्गीसमेत*

चोरीको महलको १२ नं. बमोजिमको कसुर ठहर भएको अवस्थामा बिगो बराबर जनही जरिवाना हुने हो वा कायम भएको बिगोको दामासाहीले जरिवाना हुने हो भन्नेतर्फ विचार गर्नु पर्ने हुन आएको छ । यसरी हेर्दा उक्त चोरीको महलको १२ नं. मा जरिवाना गर्दा बिगोबमोजिम गर्ने व्यवस्था रहेको देखिन्छ । दामासाहीले जरिवाना गर्ने कुरा कानूनको वनौटका दृष्टिले हेर्दा पनि मिल्ने देखिँदैन । चोरीको महलको १२ नं. मा "बिगोबमोजिम जरिवाना हुने" भनी प्रस्ट उल्लेख भएको कुराको स्वभाविक अर्थ जनही बिगोबमोजिम जरिवाना गर्नु पर्दछ भन्ने नै देखिन आउँदछ । विगतको अभ्यासका दृष्टिले हेर्दा पनि दामासाहीले जरिवाना नगरी कसुर ठहर भएका सबै प्रतिवादीहरूलाई बिगोबमोजिम जरिवाना गर्ने अभ्यास रही आएको देखिन्छ । सैद्धान्तिक दृष्टिले हेर्दासमेत एकलै गरेको कसुरभन्दा समूहले गरेको कसुरलाई बढी गम्भीर कसुर मानिन्छ र तदनुसार बढी सजाय गर्नु पर्दछ भन्ने मान्यता रहेको देखिन्छ । तसर्थ दामासाहीले जरिवाना हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला सो हदसम्म त्रूटिपूर्ण देखिने ।

अतः बिगोबमोजिम जनही जरिवाना हुनेमा दामासाहीले जरिवाना गर्ने ठहर गरेको हदसम्म पुनरावेदन अदालत पाटनको २०७०/१०/७ को फैसला केही उल्टी भई मुलुकी ऐन, चोरीको महलको १२ नं. बमोजिम कसुर ठहर गरिएका प्रतिवादीहरू रिकेश खड्गी र रूपक विष्टलाई जनही १ (एक) महिना कैद र रू. ७५,०००।– (पचहत्तर हजार) रूपैयाँका दरले जरिवाना हुने ।

इजलास अधिकृत : सृजना गौतम

इति संवत् २०७६ साल माघ २७ गते रोज २ शुभम् ।

## इजलास नं.१२

**मा.न्या.डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री कुमार रेग्मी,** *०६८-WO-०३७७, उत्प्रेषण / परमादेश, अम्बरबहादुर थापा वि. भन्सार विभाग, त्रिपुरेश्वरसमेत*

निवेदक साबुन उत्पादन गर्ने कम्पनी भएको कुरा निवेदन बेहोराबाट देखिन्छ । आफ्नो साबुन कम्पनीका लागि आवश्यक पर्ने कच्चा पदार्थमध्ये निवेदकले आर्थिक ऐन, २०६६ को अनुसूची १ को दफा १४ उपदफा ३ को खण्ड (द) भन्सार शिर्षक नं. ३८२३ अन्तर्गतको पाम फेट्टि एसिड तथा डिष्टिल फेट्टि एसिड आयात गर्ने क्रममा लाग्ने भन्सार महसुलको ५० प्रतिशत छुट आफूले प्राप्त गर्दै आएको कुरा आफ्नो निवेदनमा खुलाएको पाइन्छ । निजको उद्योग स्पिलिटिङ एवं डिस्टिलेसन प्लान्ट राखी डिस्टिल्ड फेट्टि एसिड, स्टेरिक एसिड, ग्लिसरिन तथा साबुन उत्पादन गर्ने उद्योग होइन भनी निवेदकले निवेदनमा

स्वयम् स्वीकारसमेत गरेको ।

आर्थिक ऐन, २०६६ को अनुसूची १ दफा १४ उपदफा ३ खण्ड (द) मा "स्पिलिटिङ एवं डिस्टिलेसन प्लान्ट राखी" डिस्टिल्ड फेट्टि एसिड, स्टेरिक एसिड, ग्लिसरिन तथा साबुन उत्पादन गर्ने उद्योगले मात्र उल्लेखित कच्चा पदार्थ आयात गर्दा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट पाउने व्यवस्था रहेको र यी निवेदक "स्पिलिटिङ एवं डिस्टिलेसन प्लान्ट" राखी साबुन उत्पादन गर्ने उद्योग नभएको कुरा स्वयम् निवेदकले स्वीकार गरिरहेको यस अवस्थामा अनुसूचीमा उल्लेखित सुविधा यी निवेदकले पाउन सक्ने कानूनी व्यवस्था रहे भएको भनी अर्थ गर्न मिल्ने देखिँदैन । कानूनबमोजिम यी निवेदकले प्राप्त गर्न नै नसक्ने सुविधा कुनै वर्षमा प्राप्त गर्‍यो भन्दैमा यी निवेदकलाई उक्त सुविधा प्राप्त हुन्छ भनी भन्न नमिल्ने ।

निवेदकले सरकारलाई बुझाउनु पर्ने राजस्व नबुझाएको अवस्थामा उक्त राजस्व असुलउपर गर्न सक्ने प्रक्रिया र विधि भन्सार ऐन, २०६४ मा रहेको देखिन्छ । भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा (१) मा "भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तु पैठारी कर्ताले घोषणा गरेबमोजिमको मालवस्तु हो वा होइन वा पैठारीकर्ताले गरेको घोषणाअनुरूप भए वा नभएको यकिन गर्न महानिर्देशक वा भन्सार अधिकृतले कुनै पैठारीकर्ताको मालवस्तु खरिद, पैठारी वा बिक्रीसम्बन्धी खाता, स्रेस्ता अभिलेख वा अन्य यस्तै कागजात, बैंक अभिलेख, कम्प्युटर प्रणालीलगायत निजको व्यवसायसँग सम्बन्धित सम्पूर्ण अभिलेख परीक्षण गर्न सक्नेछ" भन्दै उपदफा ३ मा "उपदफा (१) बमोजिम परीक्षण गर्दा मालवस्तुको वर्गीकरणको उपशीर्षक फरक परेको कारणले कम महसुल असुल भएको देखिएमा त्यस्तो कम महसुल रकम सम्बन्धित भन्सार कार्यालयले पैठारी कर्ताबाट असुल गर्नेछ" भन्ने र उपदफा ४ मा "यस दफाबमोजिमको परीक्षण मालवस्तु जाँचपास भएको मितिले चार वर्षसम्म गर्न सकिने छ ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ ।

उपरोक्त कानूनी व्यवस्थाको अध्ययनबाट भन्सार कार्यालयबाट मालवस्तु जाँजपास गर्ने क्रममा भएको भूलको कारण कम महसुल असुल भएको देखिएमा जाँचपास भएको मितिले ४ वर्ष सम्ममा पैठारी कर्ताबाट कम हुन गएको महसुल रकम असुलउपर गर्न सक्ने अवस्था रहे भएको ।

कानूनबमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल छुट भएको कुरा कार्यालयलाई पछिबाट थाहा हुन आएको अवस्थामा जरिवाना वा छुट रकम असुल गर्नेसम्बन्धी कार्यविधि भन्सार ऐन, २०६४ को ऐन दफा ५७ मा व्यवस्था गरेको छ जसअनुसार कुनै व्यक्तिले भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल छुट भएको कुरा कार्यालयलाई पछिबाट थाहा हुन आएमा असुल गर्न सम्बन्धित व्यक्तिलाई सूचना दिने र नबुझाएमा निजको मालवस्तु रोक्का वा लिलाम गरेर वा सरकारी बाँकीसरह असुल गर्न पाउने स्पष्ट व्यवस्था छ । प्रस्तुत विवादमा भन्सार विभागको पत्रबाट भन्सार कार्यालयलाई राजस्व रकम छुट भएको कुरा पछिबाट थाहा हुन आएकोले सो छुट रकम दाखिला गर्न भन्सार कार्यालयले निवेदकलाई भन्सार नियमावलीको प्रावधानबमोजिम पत्रद्वारा सूचना गरेको अवस्था छ जुन सूचना गर्ने कार्य उपरोक्त कानूनी व्यवस्थाबमोजिम नै भए गरेको ।

निवेदक आर्थिक ऐन, २०६६ को अनुसूची १ दफा १४ उपदफा ३ खण्ड (द) को भन्सार शीर्षक नं.३८२३ अन्तर्गतको पाम फेट्टी एसिड तथा डिष्टिल फेट्टी एसिड आयात गर्दा ५० प्रतिशत भन्सार महसुल

छुट पाउने उद्योगको वर्गमा पर्दैनन्। आर्थिक ऐन, २०६६ को अध्ययनबाट स्पिलिटिङ एवं डिस्टिलेसन प्लान्ट राखी साबुन उत्पादन गर्ने उद्योगले मात्र उल्लेखित कच्चा पदार्थ आयात गर्दा लाग्ने भन्सार महसुलमा ५० प्रतिशत छुट पाउने स्पष्ट कानूनी व्यवस्था रहेको देखिन्छ । निवेदकले आफ्नो उद्योग स्पिलिटिङ एवं डिस्टिलेसन प्लान्ट राखी साबुन उत्पादन गर्ने उद्योग हो भनी भन्न सकेको अवस्था छैन । आफ्नो उद्योग साबुन उत्पादन गर्ने उद्योग भएको र साबुन उत्पादन गर्ने उद्योगले स्पिलिटिङ एवं डिस्टिलेसन प्लान्ट राख्नु नपर्ने भनी आफ्नो निवेदन बेहोरामा खुलाएको।

निवेदक स्पिलिटिङ एवं डिस्टिलेसन प्लान्ट राखी साबुन उत्पादन गर्ने उद्योग नभएको कारण कानूनी व्यवस्थाअनुसार भन्सार महसुल छुट पाउने उद्योग नदेखिएको र भुलवश भन्सार महसुल छुट प्राप्त गरेको अवस्था देखिन्छ । कुनै व्यक्तिले भन्सार कार्यालयमा बुझाउनु पर्ने महसुल, जरिवाना वा अन्य कुनै रकम कुनै मालवस्तुको मूल्याङ्कन वा वर्गीकरण गर्दा वा गणितिय भुल वा अन्य कुनै कारणले छुट भएको कुरा पछिबाट देखिन आएमा त्यसरी छुट भएको रकम त्यस्तो भन्सार कार्यालयले निजबाट तुरुन्त असुलउपर गर्नेछ भन्ने स्पष्ट कानूनी व्यवस्था भन्सार ऐन, २०६४ को दफा ७४ मा रहे भएको देखिन्छ । यी निवेदकले प्राप्त गर्न नै नसक्ने भन्सार महसुलको सुविधा प्राप्त गरेको कारण राज्यले प्राप्त गर्नु पर्ने भन्सार महसुल कम भएको अवस्थामा उल्लेखित कानूनको आधारमा भन्सार कार्यालयले सम्बन्धित व्यक्तिबाट छुट भएको भन्सार महसुल रू.१,१३,१९,१४७।- र सोही कारण थप हुन गएको मू.अ.कर रू.१४,७१,४९०।- गरी जम्मा रू.१,२७,९०,६३६।- दाखिला गर्न भनी मिति २०६८।०५।११ मा निवेदकलाई पत्र पठाएको देखिन्छ । यसरी निवेदकले भुलवश छुट पाएको भन्सार महसुल र सोही कारण थप हुन गएको मूल्य अभिवृद्धि करसमेत दाखिल गर्नु पर्ने भनी भएको निर्णय आदेश र सोही आधारमा निवेदक उद्योगलाई लेखिएको पत्र कानूनी प्रक्रियाअनुरूपको नै भएको देखिन्छ। विपक्षी विभागबाट भन्सार महसुल छुट प्राप्त गर्न नसक्ने उद्योगले पनि भन्सार छुट लिएको देखिँदा छुट महसुल असुलउपर गर्न भनी भन्सार विभागबाट भएको मिति २०६८।०४।३० को आदेश पत्रअनुसार भन्सार कार्यालयबाट यी निवेदक उद्योगलाई मिति २०६८।०५।११ मा पत्राचार भई भन्सार विभागको निर्णयको सूचना यी निवेदक उद्योगले भन्सार कार्यालयको पत्रमार्फत प्राप्त गरेको देखिन्छ । यसरी भन्सार विभागको निर्णयको जानकारी भन्सार कार्यालयको पत्रमार्फत यी निवेदक उद्योगले प्राप्त गरेको र तत्पश्चात् सो बारेमा सोधखोज नगरी यी निवेदक रिट क्षेत्रमा प्रवेश गरेको देखिँदा उक्त निर्णय प्राकृतिक न्यायको सिद्धान्त र कानूनविपरीत भयो भनी भन्न सकिने स्थिति नदेखिने।

निवेदक उद्योगबाट छुट भएको भन्सार महसुल रू.१,१३,१९,१४७।-र सोही कारण थप हुन गएको मू.अ.कर रू.१४,७१,४९०।- गरी जम्मा रू.१,२७,९०,६३६।- दाखिला गर्नु पर्ने हुँदा सोको लागि पत्र लेख्नु भन्ने भन्सार विभागको आदेश र सोही आधारमा विपक्षी भन्सार कार्यालयबाट निवेदकलाई लेखिएको पत्र कानूनी आधारमा लेखिएको हुँदा मिति २०६८।०४।३० को भन्सार विभागको आदेश पत्र र भन्सार कार्यालयको मिति २०६८।०५।११ को पत्र कानूनअनुरूप नै रहे भएको देखिँदा निवेदन जिकिरबमोजिमको आदेश जारी हुनु पर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्ने।

इजलास अधिकृतः ताराकुमारी शर्मा

इति संवत् २०७६ साल माघ २१ गते रोज ३ शुभम्।

## इजलास नं.१३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-१५२९, ०७६-RC-००७२, कर्तव्य ज्यान, समिर भन्ने तिलबहादुर वि.क. वि. नेपाल सरकार, नेपाल सरकार वि. सरिता अर्याल*

प्रतिवादी सरिता अर्यालको अनुसन्धानको क्रममा र अदालतमा भएको बयान बेहोराबाट नवजात शिशुको जन्म जीवित अवस्थामा भएको र निजले नै सो शिशुलाई मारेको भनी स्वीकार गरेको देखिन्छ । यो निर्दोष नवजात शिशुलाई निज सरिता अर्यालले मार्नु पर्ने कारणका सम्बन्धमा विचार गर्दा, प्रतिवादी तिलबहादुर वि.क. र यी प्रतिवादी सरिता अर्यालबिच भएको शारीरिक सम्पर्कका कारण गर्भ रहेको कुरा सरिताले तिलबहादुरलाई मङ्सिर महिनामा भन्दा तिलबहादुरले बच्चा जन्मिए मारेर फालिदे भनेको र सो भनेपश्चात निजहरूबिच कुनै संवाद तथा भेटघाट भएको देखिँदैन । यिनीहरू पति पत्नीको रूपमा स्वीकार गरी सँगै नबसेको र तिलबहादुर वि.क.ले आफू विवाहित रहेको तथ्य लुकाई आफ्नो परिचय पनि फरक देखाएकोसमेतका कारणको परिणामस्वरूप यस्तो घटना हुन पुगेको अवस्था छ । तिलबहादुरले सरिता गर्भवती भएको थाहा पाएपछि निजको स्वास्थ्य उपचार, रेखदेख, हेरचाह, स्याहार सम्भार तथा संरक्षण गर्ने कुराको विश्वास दिलाउनु पर्ने दायित्वबाट विमुख भई सम्पर्कविहीन भई बसेको अवस्था छ । पति नतुल्याई बसेकी गर्भवती महिलालाई शिशु जन्माएर समाजमा बस्न हाम्रो समाजमा त्यति सहज छैन । उनले नवजात शिशुलाई कर्तव्य गरी मारे पनि उनको धारणा भनेको आफू गर्भवती भएको कुरा समाजले थाहा नपाओस भन्ने आशयबाट प्रेरित देखिन्छ । बच्चा जन्मिए मारेर फालिदे भन्ने तिलबहादुर र बच्चा जन्मिएपछि मारेर फाल्ने सरिता अर्याल यी दुवै प्रतिवादीमा उक्त बच्चाप्रति जिम्मेवारपूर्ण व्यवहार देखिएन । यी प्रतिवादीद्वयको कुकृत्यको परिणामस्वरूप अवोध नवजात शिशुको मृत्यु हुन गएको देखिने ।

वचन दिएको यति अवधिभित्र मानिसको मृत्यु भएमा यस्तो सजाय हुन्छ भनी समयको अन्तरलाई कानूनले किटानी व्यवस्था नगरेकोले आफूलाई दोषी करार गर्न मिल्दैन भन्ने प्रतिवादी समिर भन्ने तिलबहादुर वि.क. को जिकिर छ, सो सम्बन्धमा विचार गर्दा यी प्रतिवादीलाई अर्की प्रतिवादी सरिता अर्यालले २०७२ सालको मङ्सिर महिनामा फोनबाट आफू गर्भिणी रहेको जानकारी गराउँदा निज प्रतिवादीले सरिता अर्याललाई बच्चा जन्मिए मारेर फालिदे भनेको र सरिता अर्याल गर्भिणी रहेको जानकारी पाएपश्चात् यी प्रतिवादीले निज सरितालाई कुनै वास्ता गरेको देखिँदैन । प्रतिवादी सरिता अर्याल गर्भिणी रहेको कुरा यी प्रतिवादी समिर भन्ने तिलबहादुर वि.क. ले जानकारी पाएपछि निज सरिता अर्याल र निजबाट जन्मने बच्चाको पूर्ण सुरक्षा एवम् संरक्षण गर्ने दायित्व निजको हुन्छ । निजले आफूले गर्भिणी बनाएकी महिला र बच्चा प्रतिको दायित्व निर्वाह गर्नुको सट्टा ती महिलालाई बच्चा मार्नको लागि बचन दिएको अवस्था छ । यी प्रतिवादी समिर भन्ने तिलबहादुर वि.क.ले गर्भिणी सरिता र निजको पेटमा भएको बच्चाको सुरक्षा एवम् संरक्षण गर्ने जिम्मेवारी लिएको भए यो घटना नहुन सक्थ्यो भन्ने अनुमान गर्न सकिन्छ । निजले सो जिम्मेवारी बहन नगरेको कारण र बच्चा मार्न वचन दिएको कारण घर परिवार एवम् समाजबाट आफ्नो गल्ती लुकाउन सरिता अर्यालले बच्चा मार्ने हर्कत गरेको देखिन्छ । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.मा ***"जुनसुकै कुरा गरिकन पनि ज्यान मार्नमा***

***वचन दिनेलाई जन्मकैद गर्नुपर्छ ।"*** भन्ने उल्लेख छ । यहाँ वचन दिएको यति अवधिभित्र ज्यान गएमा वचन दिनेलाई जन्मकैद गर्नु पर्छ भनी उल्लेख भएको छैन । प्रस्तुत मुद्दाको सन्दर्भमा यी प्रतिवादीहरूबिच लुकीछिपी शारीरिक सम्पर्क भएको र गर्भिणी सरिता अर्यालले आफू गर्भिणी रहेको कुरा प्रतिवादी समिर भन्ने तिलबहादुर वि.क.लाई जानकारी गराउँदा बच्चा जन्मिए मारेर फालिदे भनी हलुका तवरले भने पनि वचन दिएको अवस्था छ । यी एकल महिला प्रतिवादी सरिता अर्यालले पनि बच्चाको जिम्मेवारी लिन नसक्ने अवस्था महसुस गरेर जन्मना साथ बचन कार्यान्वयन गरेकी छन् । यहाँ प्रतिवादी समिर भन्ने तिलबहादुर वि.क. को वारदात स्थलमा भौतिक उपस्थिति नभए पनि निजले जिम्मेवारीबाट पन्छिने गरी वचन दिएको अर्थात् बच्चा जन्मनासाथ अर्का प्रतिवादीले बच्चालाई मारेको अवस्था भएकोले आफूलाई दोषि करार गर्न मिल्दैन भन्ने निज प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार कारणसमेतबाट प्रतिवादी सरिता अर्याललाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद र प्रतिवादी समिर भन्ने तिलबहादुर वि.क.लाई ऐ. महलको १३(४) नं.बमोजिम जन्मकैद हुने ठहराई सुरू धादिङ जिल्ला अदालतबाट मिति २०७३।५।१ मा भएको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको मिति २०७३।११।२४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने ।

प्रस्तुत मुद्दामा प्रतिवादी सरिता अर्याललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको उच्च अदालत पाटनको फैसला तत्कालीन कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मिति २०७५।५।१ गतेदेखि लागु भएको मुलुकी अपराध संहिता, २०७४ दफा ४०(२) मा कानूनमा कुनै कसुरबापतमा सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय निर्धारण गर्दा सर्वस्व हुनेगरी सजाय गरिने छैन भन्ने, फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी निर्धारण गर्नु पर्दछ भन्ने व्यवस्था विचारणीय छ । केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम गर्नुपर्नेछ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुनेछ भन्ने उल्लेख गरेको छ । उक्त ऐनहरू २०७५।५।१ गतेदेखि लागु भइसकेको सन्दर्भमा प्रस्तुत मुद्दामा यी प्रतिवादी सरिता अर्याललाई सर्वस्वको सजाय नहुने भई निजलाई जन्मकैदसम्म सजाय हुने र निज प्रतिवादीको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको कारणबाट रोक्का राखिएको भए फुकुवासमेत हुने ठहर्ने ।

उच्च अदालत पाटनले अ.बं.१८८ नं. बमोजिम वचन दिने अर्थात् समिर भन्ने तिलबहादुर वि.क.लाई ७ वर्ष र प्रतिवादी सरिता अर्याललाई ५ वर्ष कैद हुने भनी व्यक्त गरेको रायका सम्बन्धमा विचार गर्दा, प्रतिवादी सरिता अर्यालले बच्चाको ज्यान लिने कार्य गरेको र प्रतिवादी समिर भन्ने तिलबहादुर वि.क.ले बच्चाको ज्यान लिन वचन दिएको अवस्था छ । वचन दिनेले हलुका तवरले भएपनि ज्यान मार्ने

वचन नदिएको भए अर्थात् पालनपोषणको जिम्मेवारी लिएको भए वचन पालना गर्नेले पनि वचन पालना नगरेको भए अर्थात् सुरक्षा एवम् संरक्षणको आश्वासन पाएकी भए बच्चाको ज्यान नजान सक्थ्यो । बच्चाको ज्यान जानमा यी प्रतिवादीहरूको कानूनी भूमिका केही फरक देखिए तापनि तथ्यगत भूमिका समान रहेको देखियो । दुवै प्रतिवादीहरू समाजको लोकलज्जाबाट पन्छिन र जिम्मेवारी बहन गर्नबाट भागेको देखिन्छ । हाम्रो समाजमा शिक्षाको कमी, आर्थिक अवस्था, सामाजिक परिवेश इत्यादिका कारण यस्ता वारदातहरू यदाकदा भइरहेको देखिन्छः यो चिन्ता जनक विषय हो । यस्तो अवस्थाको विद्यमानतामा निज प्रतिवादीहरूका सम्बन्धमा असमान कैद सजायको राय मनासिब देखिएन । यी प्रतिवादीहरू आपसी सुमधुर सहमतिबाट शारीरिक सम्पर्क हुने गरेको, वारदातहुँदाका अवस्थामा प्रतिवादी सरिता अर्यालको उमेर १९ वर्षको भई एकल रूपमा जीवन यापन गर्दै आएकी भन्ने देखिएको तथा प्रतिवादी समिर भन्ने तिलबहादुर वि.क.को उमेर २५ वर्षको भई २ नाबालक छोरीहरूसमेत रहेको देखिएको, निजहरूलाई भएको उक्त सजाय निजहरूको अपराधलाई वर्गीकृत गरी हेर्दा जन्मकैद हुने अन्य कतिपय अपराधको तुलनामा कम गम्भीर रहेको, निजहरूको पारिवारिक अवस्थामा प्रत्यक्ष प्रभाव पर्ने देखिएको, अनुसन्धान तथा अदालतमा तथ्यगत कुरा स्वीकार गरी सहयोगसमेत गरेको देखिएबाट प्रतिवादी सरिता अर्याललाई ५ वर्ष कैद र प्रतिवादी समिर भन्ने तिलबहादुर वि.क.लाई ७ वर्ष कैद हुने भनी व्यक्त गरेको राय पनि केही चर्को पर्ने देखिएकोले अपराध हुँदाको अवस्था र परिस्थितिलाई विचार गरी मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादीद्वय सरिता अर्याल र समिर भन्ने तिलबहादुर वि.क.लाई जनही ४(चार) वर्ष ६(छ) महिना कैद हुने ।

इजलास अधिकृत: कुलप्रसाद दाहाल

कम्प्युटर: शान्ति तामाङ

इति संवत् २०७७ साल असार २४ गते रोज ४ शुभम् ।

## इजलास नं.१४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६७-CI-०२४५, लिलाम दर्ता दाखिल खारेजसमेत बदर गरी नामसारी दर्ता, लक्ष्मी पुडासैनीसमेत वि. राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखासमेत*

वादी दाबीको काठमाडौं जिल्ला, सिनामङ्गल गा.वि.स. वडा नं.८(ग) को कि.नं.१५ को ३-११-०-० (तीन रोपनी एघार आना) जग्गा दिने विपक्षीमध्येको कृष्णप्रसाद पुडासैनी लिने विपक्षीमध्येका राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखा भई रू.१०,००,०००।– (दश लाख रूपैयाँ) को ओभर ड्राफ्ट २३।०२ बाट ऋणी धर्मानन्द अवस्थीले लिएको ऋणको सुरक्षणबापत भनी मिति २०४४।१०।१९ मा मालपोत कार्यालय, डिल्लीबजार काठमाडौंबाट र.नं. ख ३६४८ द्वारा दृष्टिबन्धकको कागज पारित भई रोक्का रहेको उक्त अचल सम्पत्तिलाई कर्जा चुक्ता गर्ने सम्बन्धमा पटकपटक सूचना पठाई पत्रिकामा सूचना प्रकाशित गर्दासमेत ऋणीले कर्जा नतिरेका कारण मिति २०४९।१०।२९ गते बैंकबाट लिलाम हुँदा मीरा पुडासैनीले सबैभन्दा बढी अङ्क रू.१३,५५५।- मा बोलकबोल गरेको हक जति असुली विभागको प.स.क.अ.वि १५५।८।२८ मिति २०४९।१२।१६ को पत्रानुसार लिलाम सदर गरी प्रतिवादी कृष्णप्रसाद पुडासैनीको नामबाट लगत कट्टा गरी मीरा पुडासैनीका

नाममा वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७ (क)(५)(६) र (८) बमोजिम उक्त जग्गा निज मीरा पुडासैनीका नाममा दर्ता गरिदिनु भन्ने पत्रबमोजिम मालपोत कार्यालय, काठमाडौंबाट मिति २०४९।१२।३० मा सकार गरी लिने मीरा पुडासैनीका नाममा दा.खा. गरी दिने भनी निर्णय भई सो निर्णयको आधारमा उक्त जग्गा प्रतिवादी मीरा पुडासैनीका नाममा दर्ता भएको।

वादीहरू प्रतिवादीमध्येका कृष्णप्रसाद पुडासैनीका पत्नी तथा छोराहरू भई एकासगोलका अंशियार नाताका मानिसहरू भएको तथ्यमा विवाद देखिँदैन भने वादीहरू र प्रतिवादीमध्येका कृष्णप्रसाद पुडासैनीबिच अंशबन्डा भइसकेको भन्ने तथ्यसमेत मिसिलबाट देखिँदैन। यसरी यी वादीहरू र प्रतिवादी कृष्णप्रसाद पुडासैनी अंशियार नाताका मानिसहरू भएको र निजहरूबिच कानूनबमोजिम अंशबन्डा नभएको अवस्थामा यी प्रतिवादी कृष्णप्रसाद पुडासैनीका नाममा रहेको दाबीको कि.नं. १५ को जग्गामा यी वादीहरूको समेत अंश हक लाग्ने अवस्था।

प्रतिवादी धर्मानन्द अवस्थीले लिएको कर्जाबापत वादीहरूका पति / पिता प्रतिवादी कृष्णप्रसाद पुडासैनीले निजका एकासगोलका अंशियार श्रीमती, छोरा (वादी) हरूको समेत अंश हक लाग्ने निज प्रतिवादी कृष्णप्रसाद पुडासैनीका नाममा रहेको दाबीको कि.नं. १५ को जग्गा ऋणी प्रतिवादी धर्मानन्द अवस्थीले विपक्षी बैंकबाट लिएको कर्जा नतिरेबाट विपक्षी राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाले आफ्नो लेना रकम असुल गर्न तत्काल प्रचलनमा रहेको राष्ट्रिय वाणिज्य बैंक ऐन, २०३१ को दफा ४७ बमोजिम कारबाही गरी आफ्नो लेना रकमबापत वादीहरूका पति / पिता प्रतिवादी कृष्णप्रसाद पुडासैनीले प्रतिवादी धर्मानन्द अवस्थीले लिएको कर्जाको सुरक्षणबापत बैंकलाई धितोबन्धक पारित गरी दिएको निज कृष्णप्रसाद पुडासैनीको नाममा रहेको कि.नं.१५ को जग्गा लिलाम गरेको र सो लिलामबाट प्रतिवादी मीरा पुडासैनीले सकार गरी उक्त जग्गा निजको नाममा विपक्षी राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाको पत्रबमोजिम हस्तान्तरण भई आएको भन्ने देखिन्छ।

प्रतिवादी राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाले सुरूमा कर्जा प्रवाह गर्दा दाबीको कि.नं.१५ को जग्गाको रू. दश लाख मूल्याङ्कन गरी दृष्टिबन्धक लिखत पारित गरी मिति २०४४।१०।१९ मा प्रतिवादीमध्येका ऋणी धर्मानन्द अवस्थीलाई रू. दश लाख कर्जा दिएको देखिन्छ। प्रतिवादी धर्मानन्द अवस्थीले कर्जा नतिरेपछि उक्त जग्गा लिलाममा चढेको देखिन्छ। २०४९ सालमा अर्थात् कर्जा लिएको पाँच वर्षपछि मिति २०४९।१०।२९ मा लिलामी कार्य भई सबैभन्दा बढी बोलकबोल गरेको भनी केवल रू.१३,५५५।– मा प्रतिवादी मीरा पुडासैनीले सकार गरी निजको नाममा दर्ता हुन गएको देखिन्छ। यसरी दृष्टिबन्धक पारित गर्दाका अवस्थामा मूल्याङ्कन गरी कर्जा प्रवाह गरेभन्दा अत्यन्तै न्यून अर्थात् रू.१३,५५५।- मा मात्र दाबीको जग्गा लिलाम गरिएको र लिलाम गर्न सदर गर्नुअघि प्रतिवादी राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाले राष्ट्रिय वाणिज्य बैंकको केन्द्रीय कार्यलयलाई बोलकबोल अङ्क कम भएको भनी निर्देशन माग भएकोमा राष्ट्रिय वाणिज्य बैंक, केन्द्रीय कार्यालयले सोही लिलाम सदर भएको भनी च.नं. १००४ बाट मिति २०४९।१२।२४ को लिलाममा सबैभन्दा बढी अङ्क बोलकबोल गर्नेका नाममा लिलाम सदर गरी उपरोक्त सम्पत्ति हकहस्तान्तरण गरिदिनेतर्फ कारबाही गर्नु भन्ने बेहोराको पत्रानुसार राष्ट्रिय वाणिज्य बैंक, मैतीदेवी शाखाले उक्त जग्गा सकार गर्ने प्रतिवादी मीरा पुडासैनीका नाममा जग्गा नामसारी

दाखेल खारेज गरिदिने भनी मिति २०४९।१२।२४ मा मालपोत कार्यालय, काठमाडौंलाई लेखेको पत्रको आधारमा मालपोत कार्यालयले उक्त जग्गा प्रतिवादी मीरा पुडासैनीका नाममा दर्ता गरेको देखिन्छ।

प्रतिवादी मीरा पुडासैनीले रू.१३,५५५।- मा लिलाम सकार गरी मालपोत कार्यालय काठमाडौंको मिति २०४९।१२।३० को निर्णयबाट निजका नाममा दर्ता हुन आएको उक्त कि.नं. १५ को ३-११-०-० जग्गा मध्ये ०-८-०-० जग्गा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुधार आयोजनाअन्तर्गत एयरपोट पेरीमिटर तथा बागमती आर.एफ.एस. सडक निर्माण गर्ने प्रयोजनका लागि मिति २०५३।९।२६ मा गोरखापत्रमा प्रकाशित अधिग्रहणसम्बन्धी सूचनामा परेको र सो जग्गाको जोतपोतकै मुआब्जा प्रतिरोपनी रू.९,००,०००।– का दरले रू.४,५०,०००।– मीरा पुडासैनीले २०५४ आषाढमा बुझी लिएको र कि.नं. १५ को जग्गा कित्ताकाट भई कायमी कि.नं. ९९ को ०-८-०-० जग्गाको जग्गाधनी प्रमाण पुर्जासमेत आयोजनामा प्राप्त भइसकेको भन्ने त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजनाको च.नं. ६०५ मिति २०६५।२।२१ को पत्रबाट देखिन्छ । यसैगरी उक्त कि.नं. १५ कित्ताकाट भई कायमी कि.नं.१०० को ३-३-०-० जग्गामध्ये बिच तर्फबाट जग्गाधनी मीरा पुडासैनीका नामबाट कित्ताकाट गरी कायमी कि.नं. १५६ को ०-११-२-० जग्गा जग्गा प्राप्ति ऐन, २०३४ को दफा २५ बमोजिम प्राप्त गरी लिएको र सो को मुआब्जाबापत का.म.न.पा. वडा नं. ६ सिट नं. १०२-१०६८-१५ कि.न.५२ कित्ताकाट भई कायम कि.नं.१९५ को ०-१०-३-३ जग्गा सट्टा भर्नाबापत मीरा पुडासैनीलाई जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम मुआब्जा निर्धारण समितिबाट मिति २०५८।५।६ मा निर्णय भएको भन्नेसमेत बेहोरा उल्लेख भई अधिकार सम्पन्न बागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समिति काठमाडौंको च.नं. ६९६ मिति २०६५।२।२० को पत्र प्राप्त भएको देखिन्छ।

वादीहरू र प्रतिवादीमध्येका कृष्णप्रसाद पुडासैनी अंशियार नाताका मानिसहरू भई अंश बन्डा भइसकेको अवस्था नदेखिएको, एकासगोलका वादीका पति / पिता प्रतिवादी कृष्णप्रसाद पुडासैनीले दिएको कि.नं.१५ को धितो जग्गाको कर्जा प्रवाह गर्दा बैंक आफैँले गरेको मूल्याङ्कनभन्दा कुनै ठोस आधार, प्रमाण बिना अति नै कम (लगभग १% मात्र) मूल्यमा लिलाम भएको देखिएको, सो कि.नं. १५ को जग्गा कित्ताकाट भई कायमी कि.नं. ९९ को ०-८-०-० जग्गाको मुआब्जा प्रतिरोपनी रू.९,००,०००।– का दरले रू.४,५०,०००।– मीरा पुडासैनीले २०५४ आषाढमा बुझिलिएको, कि.नं.१०० को ३-३-०-० जग्गामध्ये बिचतर्फबाट जग्गा धनी मीरा पुडासैनीका नामबाट कित्ताकाट गरी कायमी कि.नं. १५६ को ०-११-२-० जग्गा जग्गा प्राप्ति ऐन, २०३४ को दफा २५ बमोजिम प्राप्त गरी लिएको र सोको मुआब्जाबापत काठमाडौं महानगरपालिका वडा नं. ६ सिट नं. १०२-१०६८-१५ कि.नं. ५२ कित्ताकाट भई कायम कि.नं.१९५ को ०-१०-३-३ जग्गा सट्टा भर्नाबापत मीरा पुडासैनीलाई जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम मुआब्जा निर्धारण समितिबाट मिति २०५८।५।६ मा निर्णय भएकोसमेतका आधार प्रमाणहरूबाट एउटै जग्गाको मूल्य लिलाम हुँदा र सोको ३/४ वर्षको अन्तरालमा उपरोक्तानुसार पछि अत्यधिक बढी हुनु र लिलाम सकार गर्दाको मूल्य अत्यधिक कम भएको अवस्था देखिँदा अर्थात् जम्मा मूल्य रू.१३,५५५।- मा लिलाम सकार गरेको जग्गा ३/४ वर्षको अन्तरालमा प्रतिरोपनी नै रू.९,००,०००।-

(नौ लाख रूपैयाँ) (उसमा पनि अधिग्रहण प्रयोजनको लागि तोकिएको) मूल्याङ्कन भएको देखिएबाट उक्त लिलामी कार्य असल नियतले भएको रहेछ भनी मान्न मिल्ने देखिएन । यस प्रकारको कार्यलाई कदाचित कानूनसम्मत मान्न सकिने अवस्था हुँदैन । प्रचलित कानूनले निर्धारण गरेको प्रक्रिया पूरा गर्नाले कार्य (लक्ष्य) पूरा हुन सक्छ तर त्यस्तो प्रक्रियागत कार्यले मात्र कानूनी मान्यता पाउँछ जुन असल नियतले गरिएको होस् । माथि उल्लेख भएअनुसार विवादित लिलामी कार्यमा प्रत्यक्षतः बदनियत झल्किन्छ । विपक्षी बैंकले आफ्नो लेना रकम असुलउपर गर्ने कानून प्रदत्त अख्तियारीबमोजिम गरेको लिलामी कार्यलाई सामान्यतः अन्यथा गर्न मिल्दैन । तर यी पुनरावेदक वादीहरूको समेत अंश हक लाग्ने सम्पत्ति यी वादीहरूको सहमति बेगर निजहरूका पति / पिता कृष्णप्रसाद पुडासैनीले बैंकबाट अरू प्रतिवादी धर्मानन्द अवस्थीले खाएको कर्जा सुरक्षणबापत धितो दिएको र ऋणी तथा धितो दिने निज कृष्णप्रसाद पुडासैनीले मुद्दामा सुरू म्यादै गुजारी मुद्दाको प्रक्रियाबाट पञ्छिएको स्थितिमा उक्त सम्पत्ति माथि उल्लेख गरिएअनुसार जुन प्रकारले लिलामी कार्य गरियो त्यसलाई न्यायसम्मत मान्न सकिने स्थिति नभएको अर्थात् दाबीको जग्गा कानूनसम्मत तबरबाट विपक्षी बैंकबाट प्रतिवादी मीरा पुडासैनीको नाममा प्राप्त हुन आएको नदेखिएको साथै यी पुनरावेदक वादीहरूको समेत अंश हक लाग्ने दाबीको जग्गा धितो पारित गरी दिने व्यक्ति प्रतिवादी कृष्णप्रसाद पुडासैनी प्रत्यक्ष हकदार देखिएका निजका स्वास्नी, छोराछोरी यी पुनरावेदकहरूलाई प्रस्तुत मुद्दा गर्ने हकदैया नै नभएको भनी फिराद दाबी नै खारेज गर्ने गरेको पुनरावेदन अदालतको फैसला मिलेको नदेखिने ।

दाबीको कि.नं.१५ को जग्गा कित्ताकाट भई कायमी कि.नं. ९९ को ०-८-०-० जग्गाको जग्गाधनी त्रिभूवन अन्तराष्ट्रिय विमानस्थल सुधार आयोजना र सोही जग्गा कित्ताकाट गरी कायमी कि.नं. १०० को ३-३-०-० जग्गामध्ये बिचतर्फबाट जग्गाधनी मीरा पुडासैनीका नामबाट कित्ताकाट गरी कायमी कि.नं. १५६ को ०-११-२-० जग्गा जग्गा प्राप्ति ऐन, २०३४ को दफा २५ बमोजिम प्राप्त गरी लिएको र सोको मुआब्जाबापत काठमाडौं महानगरपालिका वडा नं. ६ सिट नं. १०२-१०६८-१५ कि.नं.५२ कित्ताकाट भई कायम कि.नं.१९५ को ०-१०-३-३ जग्गा सट्टा भर्नाबापत मीरा पुडासैनीलाई जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम मुआब्जा निर्धारण समितिबाट मिति २०५८।५।६ मा निर्णय भएको देखिन आई कि.नं.९९ को ०-८-०-० जग्गा र कि.नं. १५६ को ०-११-२-० जग्गा प्रतिवादी मीरा पुडासैनीबाट अन्यत्र गएको देखिएको अवस्थामा उक्त जग्गाका हालका जग्गाधनीलाई प्रतिवादी बनाएको नदेखिँदा वादी दाबीबमोजिम सम्पूर्ण जग्गाको दर्ता बदर हुनुपर्ने भन्ने वादीको दाबीअनुसार गर्न नमिल्ने ।

वादीहरूको हकमासम्म उक्त मितिमा भएको लिलामी बदर हुने र लिलामबाट मीरा पुडासैनीले प्राप्त गरेको जग्गामध्ये ०-८-०-० जग्गा त्रिभूवन अन्तराष्ट्रिय विमान स्थल सुधार आयोजना र ०-११-२-० जग्गा अधिकार सम्पन्न बाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजनाले अधिग्रहण गरी मीरा पुडासैनीको नाममा कायम रहेको नदेखिँदा सोदेखि बाहेकको बाँकी हालको कि.नं. १५७ को १-१-१-० र कि.नं १५८ को १-६-१-० जग्गाको ६ भागको ४ भाग लिलाम नामसारी दा.खा. लगायत बदर हुने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०६५।५।१९ को फैसला सदर गर्नु पर्नेमा सुरू फैसला उल्टी गरी वादीको फिराद दाबी मुलुकी ऐन, अ.बं. १८० नं. बमोजिम खारेज हुने

ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०६७।२।१० को फैसला मिलेको नदेखिँदा उल्टी भई दाबीको कि.नं. १५ को जग्गामध्ये ०-८-०-० जग्गा त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल सुधार आयोजना र ०-११-२-० जग्गा अधिकार सम्पन्न बाग्मती क्षेत्र ढल निर्माण सुधार आयोजनाले अधिग्रहण गरी मीरा पुडासैनीको नाममा कायम रहेको नदेखिँदा सोदेखि बाहेकको बाँकी हालको कि.नं.१५७ को १-१-१-० र कि.नं.१५८ को १-६-१-० जग्गाको वादीहरूको भाग जति ६ भागको ४ भाग लिलाम नामसारी दा.खा. समेत बदर हुने र वादीहरूका नाममा दर्तासमेत हुने ठहर्ने।

इजलास अधिकृतः केदार प्रसाद गौतम, मिलनचन्द्र महत

कम्प्युटर: सुप्रभा अर्याल

इति संवत् २०७६ साल माघ २० गते रोज २ शुभम्।

- यसै लगाउको ०७१-CR-०९८६, ०९८७ जालसाजी, लक्ष्मी पुडासैनीसमेत वि. कृष्णप्रसाद पुडासैनीसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं.१५

१

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७६-CR-०१३२, ठगी, नेपाल सरकार वि. संजय कक्षपतीसमेत*

प्रतिवादी राज महर्जनले अनुसन्धान अधिकारीसमक्षको बयानमा दाबीको कम्पनी नामसारी गर्न दिएको मन्जुरीनामा, कम्पनी बोर्ड बैठकका दस्तखत, सेयर मूल्य वृद्धि गरिएको कागज र कम्पनी बिक्री गर्ने बोर्डको निर्णयसमेतका कागजात नक्कली तयार गरी आफ्नो नाममा नामसारी गराई बिक्री गरेको भनी कसुरमा साबित रहेका तथा अदालतसमक्षको बयानमा समेत जाहेरवालाहरूको सहमति लिई आफैँले दस्तखत गरेको हो भनी स्वीकार गरेकोसमेतका प्रमाणबाट प्रतिवादी राज महर्जनले ठगी गरेको स्थापित भएको पाइयो। निज राज महर्जन विरूद्धको ठगीको कसुर पुष्टि भएको देखिएको र निजलाई ठगीको कसुर ठहर भएको फैसला निजले स्वीकार गरी बसेकोसमेत हुँदा निजको हकमा थप विवेचना गरिरहनु नपर्ने।

प्रतिवादिहरू आलो राई र जितेन्द्र के.सी. नक्कली कागजादमा साक्षी बसी, सन्तराम फुयालले कानून व्यवसायीको भूमिका निभाई, विष्णु महर्जनले सहयोगीको भूमिका तथा संजय कक्षपति र विनोदकुमार साहले ठगीको कम्पनी खरिद एवं हक हस्तान्तरण गरी सामूहिक रूपमा ठगीको कसुर गरेको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी र पुनरावेदन जिकिर रहेको पाइयो। जाहेरी दरखास्तमा प्रतिवादी राज महर्जनसम्मले ठगी गरेको भनी किटानी जाहेरी दिएका जाहेरवालाहरूले अदालतमा समेत अन्य राज महर्जनबाहेकका प्रतिवादीको नाउँ किटान गरी उक्त ठगी कार्यमा संलग्न रहेको भनी लेखाउन सकेका छैनन्। उल्लिखित ६ जना प्रतिवादीहरूले अदालतसमक्ष कसुरमा इन्कार रही बयान गरेका छन्। मिसिल संलग्न कागजातहरू हेर्दा, जाहेरवाला तिनैजना सञ्चालक भई कम्पनी रजिस्ट्रारको कार्यालय ललितपुरमा सेभेन इलेभेन ग्रुप दर्ता भएको आक्वा इलेभन प्रशोधित पानी उद्योगको जाहेरवालाहरू ३ जना सञ्चालकहरूको सम्पूर्ण सेयर कम्पनी रजिस्ट्रारको कार्यालयको निर्णयअनुसार मिति २०६९।१२।२९ मा प्रतिवादी राज महर्जनको नाममा नामसारी भएको र त्यसपछि सो सम्पूर्ण सेयरहरू निज राज महर्जनबाट प्रतिवादी सन्जय कक्षपतिले खरिद गरी कम्पनी

रजिस्ट्रारको कार्यालयबाट मिति २०७०।५।३० मा आफ्नो नाममा नामसारी गरेको र त्यसपछि निज सन्जयले सो कम्पनीको सम्पूर्ण सेयर प्रतिवादी विनोद शाहलाई बिक्री गरी कम्पनी रजिस्ट्रारको कार्यालयको मिति २०७०।८।१५ गतेको निर्णयले निजको नाममा नामसारी गरिदिएको देखिने।

राज महर्जनबाहेकका प्रतिवादीहरूउपरको अभियोग दाबी पुष्टि हुन नसकेको हुँदा प्रतिवादीहरू राज महर्जन, संजय कक्षपति र विष्णु महर्जनले ठगीको कसुर गरेको ठहर गरेको सुरू फैसला केही उल्टी गरी प्रतिवादी राज महर्जनबाहेकका प्रस्तुत मुद्दाका अन्य सबै प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७५।०९।२३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृतः विकाश कुमार राजक

कम्प्युटर: सरस्वती दाहाल

इति संवत् २०७७ साल आषाढ ८ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, *०७६-CR-०५९१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. नारायणकुमार श्रेष्ठ*

प्रतिवादीउपर परेको किटानी जाहेरी बेहोरामा प्रतिवादीले जाहेरवालालाई युगान्डामा वैदेशिक रोजगारमा पठाउँछु भनेको तर त्यहाँ पुऱ्याई नसकेको भन्ने उल्लेख भएको देखिन्छ। जाहेरवालाको अदालतसमक्षको बकपत्रमा समेत प्रतिवादीले जाहेरवालालाई युगान्डा पुऱ्याई नसकेको भन्ने बेहोरा लेखाएको पाइयो। त्यसैगरी प्रतिवादीले गरिदिएको वैदेशिक रोजगार पठाइदिन्छु भन्ने कागजमा समेत युगान्डा पठाउने भन्ने बेहोरा रहेको पाइयो। जाहेरी बेहोरा, प्रतिवादीले गरिदिएको लिखत तथा जाहेरवालाको बकपत्र बेहोरासमेतका प्रमाण कागजहरूबाट प्रतिवादीले पीडितलाई आश्वासन दिएबमोजिम गन्तव्य देश (Destination) युगान्डामा पुऱ्याइसकेको नहुँदा निज प्रतिवादी नारायणकुमार श्रेष्ठलाई उपर्युक्त दफाअनुसार हुन सक्ने कैद सजाय र जरिवानाको न्यूनतम हदको आधा सजाय हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब देखिँदा निजको हकमा उक्त फैसला उल्टी गरी अभियोग दाबीबमोजिम ३ वर्षदेखि ७ वर्षसम्म कैद र ३ लाखदेखि ७ लाखसम्म जरिवानासमेत हुनुपर्छ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी नारायणकुमार श्रेष्ठले वैदेशिक रोजगार ऐन, २०६४ को १० र ४३ विपरितको कसुर गरेको देखिँदा निजलाई सोही ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- (एक लाख पचास हजार रूपैयाँ) जरिवाना तथा जाहेरवालाको अभियोग माग दाबीबमोजिमको बिगो रू.५,००,०००।- सोको पचास प्रतिशतले हुने हर्जाना रू.२,५०,०००।- गरी कुल जम्मा रू.७,५०,०००।- (सात लाख पचास हजार रूपैयाँ) प्रतिवादीबाट जाहेरवालाले भराई पाउने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७५।११।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्ने।

इजलास अधिकृतः विकाश कुमार राजक

इति संवत् २०७७ साल आषाढ ८ गते रोज २ शुभम्।

## इजलास नं.१६

१

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-०२८८, सरकारी कागज किर्ते,*

*विनोद कर्ण वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा सुरू जाहेरी दर्खास्त र जाहेरवालाको अदालतमा भएको बकपत्रसमेतमा यी प्रतिवादी विनोद कर्णको नाम उल्लेख भएको र यिनैले किर्ते गरेको भन्ने कुरा उल्लेख भएको अवस्था देखिँदैन । घटना विवरणमा टिमन महतो, शम्भुप्रसाद नुनिया, राज किशोर महतोसमेतको मौकाको कागज एवं अदालतसमक्ष भएको बकपत्र र सच्चिएको स्रेस्ताको हस्ताक्षर यी पुनरावेदक प्रतिवादीको भएको भन्ने जाँच गरी उक्त किर्तेजन्य कार्य गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन आएको नदेखिने ।

सहअभियुक्त विन्दाप्रसाद महतो नुनियाले सरकारी छाप दस्तखत रहेको जग्गाधनी प्रमाण पुर्जा सच्याई किर्ते गर्ने कार्यमा यी पुनरावेदक प्रतिवादी विनोद कर्णसमेतको संलग्नता रहेको भनी बयान गरेको भए तापनि सहअभियुक्त विन्दाप्रसाद महतोले आफू कसुरमा साबित भई यी पुनरावेदक प्रतिवादी विनोद कर्णलाई सो सरकारी कागज किर्ते गरेको भनी पोल गरेको मौकाको बयानलाई मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि हुन आएको नदेखिएकोले यी पुनरावेदक प्रतिवादी विनोद कर्णको हकमा पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको देखिन नआउने ।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट प्रतिवादी विनोद कर्णको हकमा अभियोग दाबीअनुसार मुलुकी ऐन, किर्ते कागजको महलको १ नं. को कसुरमा सोही महलको ७ नं. बमोजिम दामासाहीले रू.१,०९,९२८।५८ जरिवाना र ऐ. महलको १२ नं. बमोजिम १ वर्ष कैद हुने गरी बारा जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर गरेको मिति २०७१।५।२९ को पुनरावेदन अदालत हेटौंडाको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई यी पुनरावेदक प्रतिवादी विनोद कर्णले सुरू अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत: माधव भण्डारी

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७६ साल मङ्सिर ११ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६९-CR-०४०९, जबरजस्ती करणी, नेपाल सरकार वि. साजन गुरूङसमेत*

तत्कालिन मुलुकी ऐन जबरजस्ती करणीको महलको १० नं. मा भएको कानूनी व्यवस्थालाई हेर्दा, ***"कसैले कुनै महिलालाई जबरजस्ती करणी गरेको ठहरेमा अदालतले त्यस्तो महिलालाई भएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिव ठहराएबमोजिमको क्षतिपूर्ति कसुरदारबाट भराई दिनु पर्नेछ"*** भन्ने व्यवस्था भएको पाइन्छ । त्यस्तै विद्यमान मुलुकी अपराध संहिता, २०७४ मा भएको कानूनी व्यवस्थालाई हेर्दा, दफा २२८ मा ***"दफा २२० र २२७ अन्तर्गतको कसुरबाहेक यस परिच्छेदबमोजिमको अन्य कसुरबाट पीडित व्यक्तिलाई कसुरदारबाट मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ"*** भन्ने व्यवस्था भएको पाइने ।

उपरोक्त कानूनी व्यवस्थासमेतलाई मध्यनजर राख्दा जबरजस्ती करणी गरेको ठहर भए पछि कैदको साथसाथै क्षतिपूर्तिसमेत भराई दिनु पर्दछ भन्ने कानूनी प्रावधान रहेको देखियो । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा, पुनरावेदन अदालत महेन्द्रनगरले फैसला गर्दा यी प्रतिवादीहरूले पीडितालाई जबरजस्ती करणी गरेको ठहर गरी जनही ५ वर्ष तथा सामुहिकतर्फ थप ५ वर्ष गरी जम्मा १०/१० वर्ष कैद सजायसमेत गरिसकेको पाइन्छ भने क्षतिपूर्तिको हकमा केही बोलिएको देखिएन । यसरी ऐनमा नै प्रस्ट व्यवस्था भएको अवस्थामा उक्त ऐनको भावनाविपरित पुनरावेदन

अदालत महेन्द्रनगरले प्रतिवादीहरूलाई कैद सजाय मात्र गरी क्षतिपूर्तिको हकमा केही नबोली भएको फैसला सो हदसम्म उल्टी भई प्रतिवादीहरूबाट पीडितालाई जबरजस्ती करणी महलको १० नं. ले रू.२५,०००।- क्षतिपूर्तिसमेत भराई पाउने ।

इजलास अधिकृत: उषा श्रेष्ठ

इति संवत् २०७६ साल आषाढ १३ गते रोज ६ शुभम् ।

## इजलास नं.१८

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७५-CR-०३३२, जबरजस्ती करणी, नेपाल सरकार वि. सशिस शंकर श्रेष्ठ*

प्रस्तुत मुद्दामा प्रतिवादी तथा जाहेरवालीको बिचको सम्बन्ध हेर्दा आपसमा प्रेम सम्बन्ध भई जाहेरवालीको कोठामा नै प्रतिवादीसँग यौन सम्पर्क हुने गरेको तथा सोबाट रहेको गर्भसमेत सहमतिमै पतन गराएको तथ्य निर्विवाद रहेको पाइयो । त्यसपछिको अवस्थामा यिनै प्रतिवादीले इच्छाविपरीत यौन सम्पर्क राखेको तथा विवाह गर्नसमेत इन्कार गरेको भनी जबरजस्ती करणीतर्फ जाहेरी दिएको अवस्था भएकोले जबरजस्ती करणीको १ नं. तथा सोको स्पष्टीकरणसँग मेल खाएको अवस्था विद्यमान रहेको नपाइने ।

पीडित र प्रतिवादीबिच प्रेमसम्बन्ध रहेको र अनुमान तथा शंकाको भरमा मात्र फौजदारी कसुरमा कसैलाई पनि सजाय गर्नु हुँदैन । प्रस्तुत मुद्दामा प्रतिवादी तथा जाहेरवालीको बिचमा प्रेम सम्बन्धको कारण आपसी यौन सम्बन्ध कायम भई त्यसबाट रहेको गर्भसमेत सहमतिमा नै पतन गराएको भन्ने प्रतिवादीको भनाइ रहेको र गर्भपतन गराएको केही समयपछि प्रतिवादीले इच्छाविपरित यौन सम्पर्क गरेको तथा विवाह गर्न इन्कार गरेको भनी जाहेरवालीले जबरजस्ती करणीतर्फ जाहेरी दिएको पाइन्छ । बालिग महिलाले सहमतिमा नै यौन सम्पर्क गरी बच्चासमेत धारण गरेको र बच्चासमेत फालेको अवस्था एवं स्थितिले निजलाई विवाहको प्रलोभनमा पारी करणीको लागि मन्जुरी लिएको भनी जबरजस्ती करणीको परिभाषाभित्र समेट्न सकिने अवस्थाको विद्यमानता रहेको नपाइने ।

निजहरूबिच सहमतिमा करणी लिनुदिनु हुने गरेको र सोबाट गर्भधारण भई गर्भपतन सहमतिमा भएको निर्विवाद तथ्यको विद्यमान रहेकामा मिति २०७३।६।२२ मा पीडितको इच्छाविरूद्ध प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने पीडितको भनाइ तथ्यगत रूपमा पुष्टि हुन नआएको अवस्थामा अभियोग दाबीअनुसार प्रतिवादीलाई कसुरदार कायम गरी सजाय गर्नु कानूनसम्मत हुने देखिन ।

तसर्थ, उपरोक्त आधार प्रमाणबाट समेत प्रतिवादीले पीडित परिसर २६(त्र) लाई जबरजस्ती करणी गरेको भन्ने अभियोग दाबी प्रमाणित भएको नदेखिँदा प्रतिवादी ससिश शंकर श्रेष्ठलाई जबरजस्ती करणीको महलको ३(५) नं. बमोजिम कैद वर्ष ५(पाँच) हुने तथा पीडितले क्षतिपूर्तिबापत रू. ५०,०००।– प्रतिवादीबाट भराई पाउने ठहऱ्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३।११।२३ को फैसलालाई उल्टी गरी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको उच्च अदालत पाटनको मिति २०७४।५।६ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद बस्याल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७५ साल चैत्र २६ गते रोज ३ शुभम् ।